# लेखापरीक्षण प्रतिवेदन

# गोकर्णेश्वर नगरपालिका,

आर्थिक वर्ष २०८०/८१




## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

# लेखापरीक्षण प्रतिवेदन

# गोकर्णेश्वर नगरपालिका,

आर्थिक वर्ष २०८०/८१

## महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि
(VISION)

**जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय सार्वजनिक संस्था**

*(Be A Credible Public Institution in Promoting Accountability, Transparency and Integrity)*

## गन्तव्य
(MISSION)

**राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने**

*(Provide independent and Quality Audit Service to the Nation)*

## मूल्य मान्यता
(CORE VALUES)

| | |
|---|---|
| ***स्वतन्त्रता*** | *(Independence)* |
| ***निष्ठा*** | *(Integrity)* |
| ***पारदर्शिता*** | *(Transparency)* |
| ***जवाफदेहिता*** | *(Accountability)* |
| ***व्यावसायिकता*** | *(Professionalism)* |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा सङ्घ, प्रदेश र स्थानीय तहको लेखा कानुन बमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ। लेखापरीक्षण ऐन, २०७५ को दफा २० को उपदफा २ मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग लेखापरीक्षण प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ। लेखापरीक्षण गर्दा लेखापरीक्षण ऐन, २०७५, नेपाल सरकारी लेखापरीक्षणमान, लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमलाई आधार लिइएको छ। सोहीबमोजिम स्थानीय तहको २०८०।८१ को लेखापरीक्षण सम्पन्न गर्दा देखिएका बेहोरा उल्लेख गरी प्रारम्भिक प्रतिवेदन जारी गरिएकोमा सो उपर प्राप्त प्रतिक्रियासमेत सम्बोधन गरी राय सहितको प्रतिवेदन जारी गरिएको छ।

वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको परिपालना, राजस्व प्रक्षेपण तथा बजेट निर्माण, योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन तथा विकास निर्माण, सार्वजनिक सेवा प्रवाह, आन्तरिक नियन्त्रण प्रणाली, आन्तरिक आय परिचालन, जनशक्ति व्यवस्थापन, जिम्मेवारी एवं जवाफदेहितालगायतका विषयहरूको अध्ययन, विश्लेषण तथा मूल्याङ्कन गर्नुका साथै स्रोत साधनको प्राप्ति, उपयोग एवं परिचालन सन्दर्भमा मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता समेतलाई दृष्टिगत गर्दै कार्यान्वयनयोग्य सुझाव प्रदान गरी सुशासन कायम गर्न सहयोग गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ।

सबै स्थानीय तहको स्थलगतरूपमा लेखापरीक्षण सम्पन्न गरी लेखापरीक्षणको क्रममा देखिएका बेहोरा उपर स्थानीय तहका पदाधिकारी तथा जिम्मेवार कर्मचारीहरूसँग छलफलसमेत गरिएको छ।

यस वर्ष सामान्यतया स्थानीय तहमा कार्यसम्पादनका लागि आवश्यक कानुन निर्माण पूर्ण रूपमा नभएको, विद्यमान कानुनको पूर्ण परिपालना हुन नसकेको, बजेट अनुशासन कमजोर रहेको, आन्तरिक आय न्यून रहेको, करदाताको अभिलेख व्यवस्थित नभएको, आन्तरिक आयलाई व्यवस्थित गर्न नसकिएको, प्रशासनिक खर्चमा वृद्धि हुँदै गएको, योजनालाई खण्डीकृत गरी कार्य गर्ने गरेको, वर्षान्तको खर्च उच्च रहेको, आयोजनाको प्राथमिकीकरण गरेर बजेट विनियोजन नभएको, निर्माणको सुनिश्चितता नभएका आयोजनाहरूको समेत विस्तृत आयोजना प्रतिवेदन तयार गरिएको, जटिल प्रकृतिका कार्यहरूसमेत उपभोक्ता समितिबाट गराएको, जनशक्ति व्यवस्थापन हुन नसक्दा सेवा प्रवाह प्रभावकारी हुन नसकेको, स्वीकृत दरबन्दी बेगरका कर्मचारीसमेत करारमा नियुक्ति गरेको, सार्वजनिक सम्पत्तिको अभिलेख तथा संरक्षण र उपयोग प्रभावकारी रूपमा हुन नसकेकोले आन्तरिक नियन्त्रण र लेखाङ्कन तथा प्रतिवेदन एवं बेरुजु फर्स्यौटमा सुधार गर्नुपर्ने लगायतका बेहोरा देखिएका छन्।

लेखापरीक्षणबाट उल्लेख गरेका बेहोराको समयमा नै फर्स्यौट तथा सुझावहरूको कार्यान्वयनबाट वित्तीय अनुशासनमा अपेक्षित सुधार गरेर स्थानीयतहबाट हुने विकास निर्माण तथा समग्र कार्यसम्पादन र सेवा प्रवाहलाई प्रभावकारी बनाउनुपर्दछ।

अन्तमा, स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुऱ्याउने पदाधिकारी तथा कर्मचारी लगायत सबै सरोकारवाला प्रति आभार व्यक्त गर्दछु। साथै लेखापरीक्षण कार्यमा संलग्न कर्मचारीहरूमा समेत विशेष धन्यवाद व्यक्त गर्दछु।

(तोयम राया)
महालेखापरीक्षक

२०८२ वैशाख

प.सं.:2081/82 मिति : २०८२-२-९

च.न.:FAR/2080-81/LOC/525

**विषयः** लेखापरीक्षण प्रतिवेदन।

श्री प्रमुखज्यू,
गोकर्णेश्वर नगरपालिका, नगर कार्यपालिकाको कार्यालय,
जोरपाटी, काठमाडौं ।

## कैफियतसहितको राय

हामीले गोकर्णेश्वर नगरपालिकाको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणको लेखापरीक्षण गरी रायसहितको प्रतिवेदन पेस गरेका छौँ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको आर्थिक वर्ष २०८०।८१ को प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन, बजेट तुलनात्मक विवरण, स्थानीय संचित कोषको बार्षिक आर्थिक विवरण र त्यससँग सम्बन्धित लेखानीति तथा टिप्पणीहरू समावेश भएको एकीकृत वित्तीय विवरणले नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ लगायत सम्वन्धित प्रचलित कानुन बमोजिम सारभूतरूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

## कैफियत सहितको राय व्यक्त गर्ने आधार

१. यो नगरपालिकाको आर्थिक कार्य प्रणालीको लेखाङ्कन गर्न स्थानीय संचित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । पालिकाले पेश गरेको प्राप्ती र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (म.ले.प. फा. नं. २७०) मा अन्तर सरकारी वित्तीय हस्तान्तरणबाट प्राप्त भएको सामाजिक सुरक्षा तथा संरक्षणको रू.१४ करोड ८६ लाख ९० हजार, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१ करोड ५३ लाख ६ हजार, गरिबसँग विश्वेस्वर कार्यक्रमको रू.४ लाख ५ हजार,

पर्यटन पूर्वाधार विकास आयोजनाको रु.२४ लाख १५ हजार, सामाजिक विकास कार्यक्रमको रु.४५ लाख र एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.६ करोड १८ लाख ४० हजार समेत गरी रू.२३ करोड ३१ लाख ५६ हजार समावेश गरेको छैन ।

२. यो नगरपालिकाको रु.२ अर्व ९७ करोड २५ लाख ९० हजार लेखापरीक्षण गरिएकोमा रू.१४ करोड २८ लाख २४ हजार बेरुजू देखिएको छ । सो सम्बन्धमा रु.३ लाख ३८ हजारको प्रतिक्रिया प्राप्त भएकोमा सो उपर कारबाही भई बाँकी बेरुजु असुल गर्नुपर्ने रू.४ करोड ६२ लाख ९३ हजार, प्रमाण कागजात पेस गर्नुपर्ने रू.१ करोड ६४ लाख २७ हजार, नियमित गर्नुपर्ने रु.५ करोड ५३ लाख ५३ हजार र पेस्की बाँकी रु.२ करोड ४४ लाख १३ हजार रहेको छ । गत वर्षसम्म रु.३५ करोड ६१ लाख ९४ हजार बेरुजू बाँकी रहेकोमा हालसम्मको अद्यावधिक बेरुजू रु.४५ करोड ५३ लाख ४७ हजार रहेको छ । बेरुजु वर्गीकरण, अद्यावधिक बेरुजु स्थिति र बेरुजु सम्परीक्षणको बेहोरा यसैसाथ संलग्न छ।

३. यो नगरपालिकाले वित्तीय विवरण नेपाल सार्वजनिक क्षेत्र लेखामानको ढाँचामा तयार गरेकोमा लेखा टिप्पणीहरू ८, १४, १७, सम्पत्ती तथा राजश्व लगायतका विवरणहरू खुलासा गरेको छैन।

लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गरिएको छ। एकीकृत वित्तीय विवरण तयार गर्ने नगरपालिकासँग हामी स्वतन्त्र छौं । त्यसका लागि स्वीकृत आचारसंहिताअनुसार हामीले काम गरेका छौँ । लेखापरीक्षणको क्रममा प्राप्त भएका आधार र प्रमाणहरू राय व्यक्त गर्न पर्याप्त र उपयुक्त छन् भन्नेमा विश्वस्त छौं।

**अन्य व्यहोरा**

यो नगरपालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, लक्ष्यअनुसार असुली नभएको, कर्मचारीको दरबन्दी अनुसार स्थायी पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा असर परेको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका बेहोरा यस लेखापरीक्षण प्रतिवेदनमा औंल्याइएको छ ।

**वित्तीय विवरण उपर व्यवस्थापन को जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम वित्तीय जिम्मेवारी र जवाफदेहिता जिम्मेवार व्यक्तिमा रहेको हुन्छ । त्यसैगरी नेपाल सरकारबाट स्वीकृत भई महालेखा नियन्त्रक कार्यालयबाट लागु भएको नेपाल सार्वजनिक क्षेत्र लेखामान (नगदमा आधारित) बमोजिम आर्थिक कारोवारको सही र यथार्थ अवस्था चित्रण हुने हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा त्रुटीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी नगरपालिका व्यवस्थापनमा रहेको छ । नगर कार्यपालिका, नगरपालिका प्रमुख र प्रमुख प्रशासकीय अधिकृत वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय विवरण समग्रमा जालसाजी वा त्रुटिका कारण सारभूत रूपमा गलत आँकडारहित रहेको छ भनी यथोचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो। लेखापरीक्षणमा यथोचित आश्वस्तताले उच्च स्तरको आश्वस्तता प्रदान गरेको हुन्छ। लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको

कार्यालयले अवलम्बन गरेको नेपाल सरकारी लेखापरीक्षण मान, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम लेखापरीक्षण कार्यसम्पादन गरिएको छ। यसरी लेखापरीक्षण गरिएको अवस्थामा समेत आन्तरिक नियन्त्रण र वित्तीय प्रतिवेदनको प्रकृति, लेखापरीक्षणका विधि तथा लेखापरीक्षण सम्पन्न गर्न लागेको समय जस्ता लेखापरीक्षणका अन्तर्निहित सीमाहरूका कारण वित्तीय विवरण वा आर्थिक कारोबारमा भएका सबै प्रकारका जालसाजी वा त्रुटि पत्ता लाग्न सक्ने निश्चितता हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा फरक पार्ने अवस्था देखिएका जालसाजी वा त्रुटिका एक वा समग्र सूचनालाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

( तारा प्रसाद पाण्डे )

नायब महालेखापरीक्षक

# बेरुजु वर्गीकरण

## चालु वर्षको बेरुजु

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फछ्यौंट | | | प्रतिक्रियाबाट थप बेरुजु रकम | बाँकी बेरुजु | | | बेरुजु | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | | | | | | | असुल गर्नु पर्ने | नियमित गर्नुपर्ने | | | | | | पेस्की |
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | | दफा संख्या | | रकम | असुल गर्नु पर्ने | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | सैद्धान्तिक | लगती | | | | | | | | | |
| ७० | ३९८ | १४,२८,२३,८१४ | ० | ११ | ३,३८,०३२ | ० | ७० | ३८७ | १४,२४,८५,७८२ | ४,६२,९३,५११ | ५,५३,५३,०२१ | १,६४,२६,६५५ | ० | ० | ७,१७,७९,६७६ | | २,४४,१२,५९५ |

## अद्यावधिक बेरुजू स्थिति

| जिल्ला | गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्ष फस्यौंट | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|---|
| काठमाडौं | ३५,६१,९४,००० | 0 | ४,३३,३३,१०० | ३१,२८,६०,९०० | 0 | १४,२४,८५,७८२ | ४५,५३,४६,६८२ |

## बेरुजु सम्परीक्षणको विवरण

| क्र.सं | आर्थिक वर्ष | बेरुजुको दफा | बेरुजुको व्यहोरा | सम्परीक्षण भएको रकम |
|---|---|---|---|---|
| १ | २०८०/८१ | ८० | सत्यापन अनुगमन भत्ता | ७५,००० |
| २ | २०८०/८१ | ६२.१, ६२.९ | बिल भर्पाई | १,६७,०१० |
| ३ | २०८०/८१ | ७९ | बिल भरपाई | ५,९०० |
| ४ | २०८०/८१ | ७२ | बढि भुक्तानी | ५२,००० |
| ५ | २०८०/८१ | ७३ | जोखिम भत्ता | १०,९२२ |
| ६ | २०८०/८१ | ७७ | अनुगमन भत्ता | २७,२०० |
| ७ | २०७९/८० | ५२ | साझा सानो बजार निर्माण | १,७१,०६,४१६ |
| ८ | २०७९/८० | ७० | सरसफाई विद्यार्थी अभियान कार्यक्रम | २,४०,८०० |
| | | | | |

| | | | | |
|---|---|---|---|---|
| ९ | २०७९/८० | ७२ | सङ्गठन तथा व्यवस्थापन सर्वेक्षण | ९,९२,१४० |
| १० | २०७९/८० | ९० | शीर्षक फरक पारी खर्च गरेको | १,६८,४३० |
| ११ | २०७९/८० | ८८ | शीर्षक फरक पारी खर्च | १४,३३,१६३ |
| १२ | २०७९/८० | ७१ | वडा सचिवको नाममा रकम दाखिला | १५,४१,८३० |
| १३ | २०७९/८० | ३१ | पेस्की बाँकी | ४५,५०,००० |
| १४ | २०७९/८० | ५० | उपभोक्ताबाट खरिद कार्य | १,३६,२३,००० |
| १५ | २०७९/८० | ७३.२ | आन्तरिक लेखापरीक्षणबाट कायम व्यहोराहरू | ५१,४०० |
| १६ | २०७९/८० | ६१ | अन्य निकायको खर्च | १३,९९,५६१ |
| १७ | २०७९/८० | ७४ | अनुगमन भत्ता | ४,३९,००० |
| १८ | २०७८/७९ | २५ | शिर्षक फरक पारी खरिद | १७,३२,९१० |
| १९ | २०७८/७९ | १७ | जरिवानाः- | ५४,४४९ |
| जम्मा | | | | ४,३६,७१,१३२ |

# (८०३३५४०३३०० - गोकर्णेश्वर नगरपालिका, )

# परिचय

१

**(क) परिचय :-** स्थानीय शासन पद्धति सुदृढ गरी विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यास संस्थागत गर्दै स्थानीय सरकार सञ्चालन गर्न यस पालिकाको स्थापना भएको हो । स्थानीय सरकारले सञ्चालन गर्ने कार्यमा सहकारीता, सह-अस्तित्व र समन्वय प्रवर्द्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागीता, उत्तरदायित्व, पारदर्शीता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु पालिकाको उद्देश्य रहेको छ । यस पालिकामा ९ वडा रहेको छ भने क्षेत्रफल ५८.५० वर्ग किलोमिटर तथा १४९३६६ जनसंख्या रहेको छ ।

**(ख) लेखापरीक्षणको उद्देश्य :-** लेखापरीक्षण गरिने निकायको वित्तीय विवरण तथा कारोबारको परीक्षण गरी उचित आश्वस्तता (Reasonable Assurance) प्रदान गर्नु वित्तीय लेखापरीक्षणको उद्देश्य हो । यस कार्यालयको आर्थिक वर्ष २०८०/८१ को सबै प्रकारका आर्थिक कारोबारको परीक्षण एवं प्रचलित कानुनको परिपालनाको मूल्याङ्कन गरी प्रतिवेदन गर्नु लेखापरीक्षणको उद्देश्य रहेको छ ।

**(ग) लेखापरीक्षणको क्षेत्र र अवधि :-** यस कार्यालयको विनियोजन, राजस्व, धरौटी, कोष तथा अन्य आय-व्यय, मौज्दात हिसाब, आर्थिक व्यवस्थापन, कार्यक्रम सञ्चालन, जिन्सी व्यवस्थापन, जनशक्ति व्यवस्थापन तथा सेवा प्रवाह लगायत आर्थिक वर्ष २०८०/८१ मा सञ्चालित क्रियाकलापलाई लेखापरीक्षण क्षेत्रमा समावेश गरिएको छ । स्थलगत लेखापरीक्षणको अवधि २०८१।१०।२२ देखि २०८१।११।३ सम्म रहेको छ ।

**(घ) लेखापरीक्षण विधि :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा कार्यालयले स्वीकृत गरेको जोखिममा आधारित लेखापरीक्षण योजनाका आधारमा निकायको आन्तरिक नियन्त्रणको परीक्षण तथा विश्लेषणात्मक र विस्तृत परीक्षण विधि अवलम्वनबाट लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । लेखापरीक्षण गर्दा देखिएका व्यहोरा सम्बन्धमा कार्यालय प्रमुख तथा लेखा प्रमुख लगायतका पदाधिकारीहरूसँग छलफल सम्पन्न गरी कायम भएका व्यहोराहरू यस प्रतिवेदनमा समावेश गरिएको छ ।

**(ङ) लेखापरीक्षणको सीमा :-** लेखापरीक्षण ऐन, २०७५ र नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, २०७७ तथा मार्गदर्शनमा नमुना छनौट गरी लेखापरीक्षण सम्पन्न गर्न सकिने आधार तथा महालेखापरीक्षकको कार्यालयले नेपाल लेखापरीक्षण व्यवस्थापन प्रणाली (NAMS) अवलम्बन गरी स्वीकृत भएको जोखिममा आधारित लेखापरीक्षण योजना, लेखापरीक्षण गरिएको निकायबाट पेश भएका लेखा एवं सोसँग सम्बन्धित कागजात, विवरण, लिखित प्रतिनिधित्व पत्र समेतको आधारमा लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन जारी गरिएको छ । आम्दानी तथा खर्चलाई नतिजासँग तुलना गरी विश्लेषण गर्नका लागि समय सीमा, स्रोतको उपलब्धता, प्रमाणको प्रकृति तथा पहुँच जस्ता अन्तर्निहित जोखिमहरु सीमाको रुपमा रहेका छन् । सारभूत रूपमा उल्लेखनीय नदेखिएका व्यहोरालाई प्रतिवेदनमा समावेश गरिएको छैन ।

**(च) आर्थिक कारोबारको स्थिति :-** पालिकाको आय-व्ययतर्फको रु.२,९७,२५,९०,६६२।९४ को लेखापरीक्षण सम्पन्न गरिएको छ । सोको विस्तृत विवरण अनुसूची-१ मा संलग्न छ ।

**(छ) लेखापरीक्षणको क्रममा असुली :-** लेखापरीक्षणको क्रममा पारिश्रमिक कर वापत रु.२६,०००।- असुल भई राजस्व शिर्षक नं. १५१११(भौ.नं. ७६५१२८५९) कृषि विकास बैंकमा दाखिला गरी भौचर पेश भएको छ ।

# लेखापरीक्षणबाट देखिएका व्यहोराहरु

## २ वित्तीय बिबरणको परीक्षण

२.१ **वित्तीय प्रतिवेदन :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२ मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेको छ । पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको सार्वजनिक क्षेत्र लेखामान (NPSAS) अनुसार लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ । पालिकाले उपलव्ध गराएको स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) सम्बन्धमा निम्नअनुसार देखिएको छः

| | | प्राप्ति र भुक्तानीको एकिकृत वार्षिक प्रतिवेदन (बजेट र गैरबजेट निकाय) | | | | |
|---|---|---|---|---|---|---|
| क्र.स./ आर्थिक सङ्केत | विवरण | चालु आ.ब.को कारोबार | | गत आ.ब. को कारोबार | | |
| | | नगद | जम्मा | नगद | तेस्रो पक्ष भुक्तानी (सोझै भुक्तानी) | जम्मा |
| | राजस्व अनुदान र अन्य प्राप्ति | | | | | |
| ११००० | कर | ५५३४६२४८५.५४ | ५५३४६२४८५.५४ | ५४९४०२०६२.२२ | ०.०० | ५४९४०२०६२.२२ |
| १३००० | अनुदान | ५५३६५९३३१.३९ | ५५३६५९३३१.३९ | ६१७६०९८३७.०२ | ०.०० | ६१७६०९८३७.०२ |
| १४००० | अन्य राजस्व | १११४५७७७९.०८ | १११४५७७७९.०८ | १३७८९२७५९.३१ | ०.०० | १३७८९२७५९.३१ |
| १५००० | विविध प्राप्ति | ०.०० | ०.०० | ८६२२६४४.९९ | ०.०० | ८६२२६४४.९९ |
| क | कुल जम्मा प्राप्ति | १२१८५७९५९६.०१ | १२१८५७९५९६.०१ | १३१३५२७३०३.५४ | | १३१३५२७३०३.५४ |
| ३ | चालु | ७८९१६७७११.४५ | ७८९१६७७११.४५ | ८६७७४१८९७.५५ | ०.०० | ८६७७४१८९७.५५ |
| २१००० | पारिश्रमिक / सुविधा | ३०६०९९९११.३८ | ३०६०९९९११.३८ | २४०४१७९५५.७२ | ०.०० | २४०४१७९५५.७२ |
| २२००० | मालसामान तथा सेवाको उपयोग | ३८५४६११४३.०७ | ३८५४६११४३.०७ | ५०९०५२९४५.६० | ०.०० | ५०९०५२९४५.६० |
| २५००० | सहायता (Subsidy) | ५९०२९२३६.०० | ५९०२९२३६.०० | ६२७७८७१२.२३ | ०.०० | ६२७७८७१२.२३ |
| २६००० | अनुदान | १५०००००.०० | १५०००००.०० | ०.०० | ०.०० | ०.०० |
| २७००० | सामाजिक सुरक्षा | २४०८७१७१.०० | २४०८७१७१.०० | ४०७२३७२९.०० | ०.०० | ४०७२३७२९.०० |
| २८००० | अन्य खर्च | १२९९०२५०.०० | १२९९०२५०.०० | १४७६८५५५.०० | ०.०० | १४७६८५५५.०० |
| ४ | पूंजीगत | ४१९४२४१७५.०० | ४१९४२४१७५.०० | ७३७१६७००७.१५ | ०.०० | ७३७१६७००७.१५ |
| ३१११० | भवन तथा संरचना | ३७३३९७३२.०० | ३७३३९७३२.०० | ५४२१५६४९.०० | ०.०० | ५४२१५६४९.०० |
| ३११२० | सवारी साधन मेशिनरी औजार फर्निचर्स तथा फिक्चर्स | २२२८७८९६.०० | २२२८७८९६.०० | ३६९३७३०९.०० | ०.०० | ३६९३७३०९.०० |
| ३११३० | अन्य पूँजीगत खर्च | १७९५९२९.०० | १७९५९२९.०० | ४५१२०५१.०० | ०.०० | ४५१२०५१.०० |
| ३११४० | सुरक्षा उपकरण | २०३३५७१.०० | २०३३५७१.०० | ०.०० | ०.०० | ०.०० |
| ३११५० | सार्वजनिक निर्माण | ३५५१४७०४७.०० | ३५५१४७०४७.०० | ६३२३७०५१९.१५ | ०.०० | ६३२३७०५१९.१५ |
| ३११६० | निर्मितसरचनाको सुधार खर्च | ८२००००.०० | ८२००००.०० | ८३३४३३७.०० | ०.०० | ८३३४३३७.०० |
| ३११७० | पूँजीगत सुधार खर्च | ०.०० | ०.०० | ७९७१४२.०० | ०.०० | ७९७१४२.०० |
| ख) | कुल जम्मा भुक्तानी | १२०८५९१८८६.४५ | १२०८५९१८८६.४५ | १६०४९०८९०४.७० | | १६०४९०८९०४.७० |
| | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ग) | बचत /कमी (ग = क-ख ) | ९९८७७०९.५६ | ९९८७७०९.५६ | (२९१३८१६०१.१६) | | (२९१३८१६०१.१६) |
| घ) | धरौटी आकस्मिक कोष लगायतका अन्य कोषको मौज्दातको थप/ घट (+/-) | ९०७८९६७.४८ | ९०७८९६७.४८ | (१२२४७१३६.४७) | | (१२२४७१३६.४७) |
| घ.१) | कट्टी रकम भुक्तानी/ दाखिला गर्न बाकी | (१८४२.९६) | (१८४२.९६) | (२२५.००) | | (२२५.००) |
| ङ) | यस आ.ब.को नगद तथा बैंक मौज्दात (बचत /(कमी)) ( ङ = ग+घ) | १९०६६६७७.०४ | १९०६६६७७.०४ | (३०३६२८७३७.६३) | | (३०३६२८७३७.६३) |
| च) | गत आ.व.को नगद तथा बैंक मौज्दात | १४७९२५८८२.२४ | १४७९२५८८२.२४ | ४५१५५४६१९.८७ | | ४५१५५४६१९.८७ |
| छ) | विनिमय नाफा/घाटा तथा अन्य समायोजन | | | | | |
| ज) | आ.व. अन्तको बाँकी नगद तथा बैंक मौज्दात ( ज= ङ+च+छ) | १६६९९२५५९.२८ | १६६९९२५५९.२८ | १४७९२५८८२.२४ | | १४७९२५८८२.२४ |

**नगरपालिकाले पेस गरेको वित्तीय विवरणमा समावेश नभएको खर्च शीर्षकहरू निम्नानुसार रहेका छन्:**

| सि.नं. | खर्च शीर्षक | बजेट | निकासा खर्च |
|---|---|---|---|
| १ | सामाजिक सुरक्षा तथा संरक्षण | १४९८०१४४० | १४८६८९६५७ |
| २ | स्वास्थ्य क्षेत्र सुधार कार्यक्रम | १५६०६००० | १५३०६००० |
| ३ | गरिबसंग विश्वेश्वर कार्यक्रम | ४१५००० | ४०५००० |
| ४ | पर्यटन पूर्वाधार विकास आयोजना | २५००००० | २४१५०७६ |
| ५ | सामाजिक विकास कार्यक्रम | ४५००००० | ४५००००० |
| ६ | एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रम | ६१८४०००० | ६१८४०००० |
| जम्माः | | २३४६६२४४० | २३३१५५७३३ |

२.२ **वित्तीय विवरणको यथार्थता :** पालिकाको आर्थिक कार्यप्रणालीको लेखाङ्कनको गर्न स्थानीय सञ्चित कोष व्यवस्थापन प्रणाली (सुत्र) प्रयोगमा रहेको छ । आर्थिक कारोबार गर्दा सुत्रको प्रयोग गरी सम्पूर्ण आर्थिक कारोवारको लेखाङ्कन तथा प्रतिवेदन गर्नुपर्दछ भने सोही प्रणालीबाट स्थानीय सरकारको कोषको प्राप्ति र भुक्तानीको एकीकृत वार्षिक प्रतिवेदन (म.ले.प.फा.नं २७०) तयार गर्नुपर्दछ । पालिकाले सामाजिक सुरक्षा तथा संरक्षणको रु.१४,८६,८९,६५७।-, स्वास्थ्य क्षेत्र सुधार कार्यक्रमको रु.१,५३,०६,०००।-, गरिवसँग विश्वेश्वर कार्यक्रमको रु.४,०५,०००।-, पर्यटन पूर्वाधार विकास आयोजनाको रु.२४,१५,०७६।-, सामाजिक विकास कार्यक्रमको रु.४५,००,०००।- र एकिकृत स्वास्थ्य पूर्वाधार विकास कार्यक्रमको रु.६,१८,४०,०००।- गरी रु.२३,३१,५५,७३३।- सुत्रमा लेखाङ्कन गरेको छैन । जसले गर्दा सुत्रबाट तयार भएको वित्तीय विवरणसमेत पूर्ण नहुँदा पालिकाको यथार्थ आर्थिक अवस्थाको चित्रण गरेको छैन । तसर्थ सबै आर्थिक कारोबार सुत्र मार्फत हुने र सबै कारोबार वित्तीय विवरणमा समावेश गर्ने व्यवस्था गर्नुपर्दछ ।

२.३ **मौज्दात रकम :** यस वर्षको वित्तीय विवरण-२७० मा आर्थिक वर्षको अन्तको बाँकी नगद तथा बैंक मौज्दात रु.१६,६९,९२,५५९।२८ देखाएतापनि पालिकाको सबै आम्दानी, खर्च, कोषहरु, धरौटी र गत वर्षको मौज्दात परीक्षण गर्दा यस वर्षको मौज्दात रु.१६,३८,८१,१६७।५२ देखिन्छ । वित्तीय विवरणको मौज्दातमा रु.३१,११,३९१।७६ बढि मौज्दात देखाएकोले सो फरक रकम के कति कारणले बढि देखाएको हो यकिन गरी वास्तविक बैंक मौज्दात र खाताको मौज्दात यकिन गर्नुपर्दछ ।

२.४ **फरक जिम्मेवारी :** पालिकाले आफ्नो कारोबारको जिम्मेवारी भिडान गरी हिसाब यकिन गर्नुपर्दछ । पालिकाको गतवर्षको लेखापरीक्षण प्रतिवेदन अनुसार रु.१४,७९,२६,१०७।- मौज्दात रहेकोमा यो वर्ष रु.१४,७९,२५,८८२।२४ जिम्मेवारी सारेको छ । जस अनुसार लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएको भन्दा रु.२२४।७६ घटि जिम्मेवारी सारेको देखिन्छ । यस सम्बन्धमा यकिन गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २२४.७६ |

२.५ **स्थानीय तह विविध कोष खाता(५.१) :** पालिकाले पेश गरेको बैंक विवरण अनुसार स्थानीय तह विविध कोष खाता २ वटा रहेको देखिन्छ । खाता नं ०२१०८०११४६१५६११३ अनुसार रु.१,१४,६६,२६७।- र खाता नं ०२१०८०११४६१५६१०५ अनुसार रु.१,२६,९५,३०७।- मौज्दात रहेको देखिन्छ । खाता एउटा मात्र हुनुपर्नेमा २ वटा खोलि खाता संचालन गरेकोले एउटै खातामा मर्ज गरी पेश गर्नुपर्दछ ।

२.६ **बैङ्क हिसाब विवरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७६ अनुसार पालिकाको कारोबार, आय व्ययको लेखा प्रणाली तथा राजस्व र खर्च शीर्षकको वर्गीकरण अनुसार लेखाङ्कन र बैङ्क हिसाब मिलान विवरण (म.ले.प.फा.नं.२१२) तयार गरी हिसाब भिडान समेत गर्नुपर्दछ । पालिकाले तयार गरेको बैङ्क हिसाब मिलान विवरण देहायअनुसार छ ।

| **संकेत** | **कोष खाता** | **स्रेस्ता अनुसारबाँकी रकम** | **बैंक स्टेटमेन्टअनुसार बाँकी रकम** | **फरक** |
|---|---|---|---|---|
| ग १.१ | आन्तरिकराजस्व खाता | ० | ५८५७००३२.३२ | ५८५७००३२.३२ |
| ग १.२ | बाँडफाँडबाटप्राप्त राजस्व खाता | ० | १४७७७१५० | १४७७७१५० |
| ग १.३ | आन्तरिकअनुदान खाता | ० | ३५९३६७२ | ३५९३६७२ |
| ग ६.१ | स्थानीयतह विभाज्य कोष खाता | १६१४५०७५ | १६१४५०७५ | ० |
| ग ४.१ | स्थानीयतह सञ्चित कोष खाता | १००६६३१५३.१७ | २८९१६०५.९० | -९७७७१५४७.२७ |
| ग ३.१ | स्थानीयतह धरौटी खाता | १७०३४०१५.७१ | १६०५३११३.७१ | -९८०९०२ |
| ग २.१ | चालूखर्च खाता- विजोर वर्ष | ० | २४९१४३१९.३२ | २४९१४३१९.३२ |
| ग २.३ | पूँजिगतखर्च खाता- विजोर वर्ष | ० | ४१३२३३६.७३ | ४१३२३३६.७३ |
| ग २.७ | विविधखर्च खाता | १८२२३८००.७५ | १८९६१६२६.७५ | ७३७८२६ |
| ग ५.१ | स्थानीयतह विविध कोष खाता | १२६९५३०७ | २४१६१५७४ | ११४६६२६७ |
| ग ७.२ | स्थानीयतह प्रकोप व्यवस्थापन कोष खाता | २२३१२०७.६५ | २३७८५१७.६५ | १४७३१० |
| **जम्मा** | | **१६६९९२५५९.२८** | **१८६५७९०२३.३८** | **१९५८६४६४.१०** |

उपरोक्त अनुसार आन्तरिक राजस्व खाता, बाँडफाँडबाट प्राप्त राजस्व खाता, आन्तरिक अनुदान खाता, चालु खर्च खाता, पूँजिगत खर्च खाता, विविध खर्च खाता, स्थानीय तह विविध कोष खाता, प्रकोप व्यवस्थापन कोष खातातर्फ धनात्मक र स्थानीय तह संचित कोष खाता र स्थानीय तह धरौटी खातातर्फ ऋणातमक मौज्दात देखिएको र समग्रमा रु.१ करोड ९५ लाख ८६ हजार ४६४.१० फरक

देखिएको छ । साथै स्थानीय तह संचित कोष खातामा मात्र रु.९ करोड ७७ लाख ७१ हजार ५४७.२७ फरक देखिन्छ । यसरी पालिकाले श्रेस्ता र बैंकबिच फरक पर्नुको कारण यकिन गरी प्रमाण पेश गर्नुपर्दछ ।

२.७ **कर दायित्व :** पालिकाले तयार गरेको वित्तीय प्रतिवेदन (म.ले.प.फा.नं २७०) अनुसार यस वर्ष विभिन्न भुक्तानीहरूमा कट्टी गरेको कर दायित्व रु.१,८४२।९६ दाखिला गर्न बाँकि देखाएको छ । सो कर दायित्व रकम लेखापरीक्षण अवधिसम्म पनि दाखिला नगरेकोले यकिन गरी सम्बन्धित खातामा दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,८४२ |

२.८ **राजश्व वाँडफाँड :** आर्थिक ऐन बमोजिम स्थानीय तहले विभाज्य कोषमा जम्मा भएको रकममध्ये साठी प्रतिशत स्थानीय तह संचित कोष र चालिस प्रतिशत प्रदेश संचित कोषमा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहाय अनुसार असुल गरेको राजश्व रकम बाँडफाँड गर्नुपर्नेमा सो गरेको नपाइएकोले सम्बन्धित निकायमा पठाउनुपर्दछ ।

| आय शीर्षक | संकलित रकम | प्रदेशलाई पठाउनु पर्ने प्रतिशत | पठाएको रकम | पठाउन बाँकी रकम |
|---|---|---|---|---|
| विज्ञापन कर | ३३४४५१० | ४० | ० | १३३७८०४ |
| दहत्तर बहत्तर शुल्क | १२८००५६५ | ४० | ० | ५१२०२२६ |

## ३ आन्तरिक नियन्त्रण प्रणाली

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरी लागू गर्नुपर्ने व्यवस्था छ । पालिकाले त्यस्तो प्रणाली तयार गरी लागू गरेको पाईएन। जसले गर्दा पालिकाको आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको र सोमाथि विश्वस्त हुन सक्ने अवस्था छैन । यस सम्बन्धमा देखिएका केही व्यहोराहरु देहायबमोजिम रहेका छन:

- पालिकाले एक आर्थिक वर्ष भित्र भएको आर्थिक कारोवारको अनुसुची १४ वमोजिमको ढाँचामा वार्षिक प्रतिवेदन तयार गरेको पाइएन,
- पालिकाले कार्यक्रमगत तथा योजनागत खाता राखेको पाइएन,
- अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिमको मध्यकालीन खर्चको संरचना तयार गरेको पाइएन,
- कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयासको अभिलेख राखेको पाइएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ र ८ अनुसार खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाइएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १३ वमोजिम आर्थिक वर्ष शुरु हुनुभन्दा पन्ध्र दिन अगावै पालिकाले आफ्नो क्षेत्रभित्रको निर्माण सामाग्री मूल्य ज्याला भाडा तथा अन्य महशुलको स्थानीय न्युनतम दररेट तोक्नु पर्नेमा तोकेको पाइएन,
- स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७४(२) अनुसार सार्वजनिक खरिद नियमावली बनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाइएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७ अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाइएन,
- वातावरण संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार गरेको पाइएन,
- सुशासन (व्यवस्थापन तथा सञ्चालन) नियमावली, २०६५ नियम १४ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाइएन,
- निजामती सेवा ऐन, २०४९ दफा ५(क) बमोजिम कार्य विवरण बनाई लागु गरेको पाइएन,

- मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका नगर विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फर्स्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजु लगत तथा सम्परीक्षणको अभिलेख पालिकाले यकिन गरी अध्यावधिक गरेको पाइएन,
- रणनीतिगत विषय क्षेत्रगत मध्यकालीन तथा दीर्घकालीन विकास योजना तयार गरी कार्यान्वयनमा ल्याएको पाइएन,
- स्थानीय तहले आफ्नो क्षेत्रमा कार्यान्वियन हुने आयोजनाको विश्लेषण गरी सम्भाब्य आयोजना बैंक तयार गरेको पाइएन,
- कुनै रकमको भुक्तानी दिँदा रित पुगेको वा नपुगेको जाँच गरी रसिद विल भर्पाइहरूमा सिलसिलेवार नम्बर राखी कार्यालय प्रमुखले तोकेको कर्मचारीले भुक्तानी भएको जनाउने छाप समेत लगाई दस्तखत गरी प्रमाणित गर्नुपर्नेमा सो अनुसार गरेको पाइएन,
- सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(११) मा निर्माण कार्य सम्पन्न गरिसकेपछि भौतिक संरचनाहरूको विवरण खुलाई अभिलेख राख्नुपर्नेमा सो राखेको पाइएन,
- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले गरेको कामको वार्षिक प्रतिवेदन जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेश गर्नुपर्ने व्यवस्था रहेकोमा प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेश गरेको पाइएन,
- सवारी तथा उपकरणको मर्मत संरक्षण तथा अभिलेख फारम राखेको पाइएन,
- पूर्वाधार संरचनाको निर्माणको काम गर्दा सवै कार्यमा काम गर्नु अघिपछिको फोटो लिने कार्यलाई अनिवार्य गरेको पाइएन,
- पालिका अन्तर्गतका विद्यालय तथा स्वस्थ्य सँस्था तथा विद्यालयहरुमा खरिद तथा वितरण गरेको जिन्सी मालसामानको सार्वजनिक सम्पत्ती व्यवस्थापन प्रणाली [PAMS] मा अभिलेखीकरण गरी खर्च लेखेको पाइएन,
- भ्रमण खर्च नियमावली, २०६४ नियम २१ अनुसार कार्यालयले भ्रमण काजमा खटाउँदा अधिकांशमा भ्रमण अभिलेख खाता राखेको तथा अनुगमन भ्रमण प्रतिवेदन पेश गरेको पाइएन,
- सवारी मर्मतमा लागत अनुमान तयार गरेको पाइएन,
- यस पालिका अन्तर्गतका साविक गाउँ विकास समितिबाट भएका सम्पत्ति हस्तान्तरण सम्बन्धमा अभिलेख अद्यावधिक गरेको पाइएन ।

तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकिए बमोजिम प्रभावकारी र विश्वसनीय बनाई सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

## ४ बजेट,योजना र कार्यक्रमतर्फ

४.१ **बजेट पेश, पारित र अख्तियारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ मा स्थानीय तहले आगामी आर्थिक वर्षको राजस्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी आषाढ मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस पालिकाको उपप्रमुखले मिति २०८०।०३।१० मा रु.१,६६,०२,०९,०००।- को बजेट सभा समक्ष पेश गरेकोमा सभाबाट मिति २०८०।०३।१७ मा पारित गरेको छ । यसै गरी स्थानीय तहका प्रमुखले मिति २०८०।३।२५ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । आर्थिक वर्ष भित्र सम्पन्न गरिसक्ने गरी बजेट, कार्यक्रम र योजना व्यवस्थापन गर्नुपर्दछ ।

४.२ **बजेट अवण्डा :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्थानीय आर्थिक अवस्था समेतको आधारमा बजेट तथा कार्यक्रमको प्राथमिकीकरणका आधार तयार गरी स्रोत अनुमान तथा सीमा निर्धारणका आधारमा अबण्डा नराखी आय-व्ययको अनुमान पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष निम्नानुसार कार्यक्रममा रु.३,६५,००,०००।- अबण्डा बजेट व्यवस्था गरी

रु.३,६०,६५,९८२।०४ खर्च गरेको छ । बजेट अबण्डामा राखी नगर प्रमुख तथा नगर उप प्रमुखको तोक आदेशमा खर्च गरेको देखिन्छ । अवण्डा राखेको बजेटबाट नगर अस्पताल भवन निर्माण, ऐतिहासिक षडानन्द भागवत ज्ञान प्रचार, राईटार जन्तरेटोलमा सडक बत्ती जडान, सुनौलो पाइला खरिदको भुक्तानी, साहसिक ह्विलचियर यात्रीलाई आर्थिक सहयोग, तेक्वान्दो खेलाडी पोषाक खरिद, वडा नं २ मा हालसाविक गर्न भएको खर्च, नित्यनाथ बासुरी खललाई पोषाक, अचार बनाउने तालिम संचालन, वडा नं ३ नमुना बस्ती ग्राभेल, नमुना यात्रु प्रतिक्षालय निर्माण लगायतका कार्यक्रममा खर्च गरेको छ । जसले गर्दा वित्तीय अनुशासन र पारदर्शीता कायम भएको छैन । तसर्थ बजेट खर्चलाई पारदर्शिता र पद्धतिमा आधारित बनाउनुपर्दछ ।

| **क्र.सं.** | **कार्यक्रम/आयोजना/क्रियाकलापकोनाम** | **विनियोजितरकम** | **खर्च** |
|---|---|---|---|
| १ | नगरप्रमुख कार्यक्रम | २७५००००० | २७४५५१२१.०४ |
| २ | नगर उपप्रमुख कार्यक्रम | ९०००००० | ८६१०८६१ |
| **जम्मा** | | **३६५०००००** | **३६०६५९८२.०४** |

४.३ **रकमान्तर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७३ मा खर्च गर्ने अख्तियारी र कार्यविधि सम्बन्धमा उल्लेख छ । साथै सोही नियमको उपनियम ७ बमोजिम कार्यपालिकाले सभाबाट स्वीकृत सीमा र शीर्षक बाहिर गई खर्च गर्न नपाउने उल्लेख छ । त्यस्तै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३३ अनुसार विशेष कारण तथा परिस्थिति बाहेक कुनै बाध्यमात्मक अवस्थामा रकमान्तरण गर्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले ऐन तथा नियमावलीको व्यवस्था विपरीत रकमान्तर गर्नुपर्ने कारण तथा अवस्था उल्लेख नगरी एकपटक आवश्यकता पहिचान गरी छनौट गरेका १६८ योजना तथा कार्यक्रमको रु.२४,२१,६७,५००।- रकमान्तर गर्दा घटाएको कार्यक्रमतर्फ नगर सरसफाई कार्यक्रममा रु.८५ लाख, गोकर्णेश्वर अस्पताल डेन्टल सेवा उपकरण खरिदमा रु.१५ लाख, कृषि अनुदान कार्यक्रममा रु.३० लाख, भुक्तानी दायित्व पूँजिगतबाट रु.४ करोड ६८ लाख, नगरपालिका प्रशासकिय भवन निर्माणमा रु.१ करोड १५ लाख आदि र यसै गरी बढाएको कार्यक्रमतर्फ नगर प्रमुख कार्यक्रममा रु.१ करोड, गराडोल खेलकुद मैदान निर्माणमा रु.२ करोड, भुक्तानी दायित्व चालुमा रु.१ करोड, गोकर्णेश्वर नगर अस्पताल संचालन तथा व्यवस्थापनमा रु.२ करोड १२ लाख, सालिखाटार रिङ्गरोड बाटो स्तरोन्ति १ लाख आदि लगायत योजना तथा कार्यक्रममा रकमान्तर गरेको छ । यसरी पटक पटक रकमान्तर गर्दा बित्तीय सुशासन कायम हुने देखिदैन । कारण बेगर पटक पटक रकमान्तर गर्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ ।

४.४ **गत वर्षको दायित्व भुक्तानी :** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ९ मा बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमध्ये आगामी वर्ष भुक्तानी गर्नुपर्ने बाँकी रकम समावेस गरेर बजेट बनाउने व्यवस्था छ । पालिकाले गतवर्षको भुक्तानी दिन बाँकीको खाता तथा कच्चावारी (म.ले.प.फा.नं. २२१) प्रमाणित तथा यस वर्षको बजेट रू.२५,३०,४६,०००।- गत वर्षको भुक्तानी दिन बाँकीको व्यवस्था गरी पूँजिगततर्फ खानेपानी, ढल, सडक तथा भवन निर्माण र चालुतर्फ मसलन्द सामाग्री खरिद, कार्यक्रम संचालन, विविध, स्वास्थ्य बिमा, विद्यालय संचालन अनुदान लगायतमा रु.१७,८६,०४,९०३।- खर्च गरेको छ । ऐनको प्रावधान अनुरुप बहुवर्षीय खरिद र विशेष परिस्थितिबाट सृजित दायित्वमात्र गत विगतको भुक्तानी दिने गरी बजेट निर्माण गर्ने तर्फ पालिकाले ध्यान दिनुपर्दछ ।

४.५ **योजना प्राथमिकीकरण :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले आवधिक योजना बनाई लागू गर्नुपर्ने उल्लेख गरेको छ । स्थानीय तहले योजना तथा बजेट तर्जुमा दिग्दर्शन, २०७४ को दफा ५.२.४ सँग सम्बन्धित अनुसूची ३ मा आयोजना प्राथमिकीकरणका आधारहरू गरिवी निवारण, उत्पादनमूलक, रोजगारी, लागत सहभागीता, स्थानीय स्रोत र साधन, समावेशी विकास, दिगो विकास र वातावरण संरक्षण र भाषिक र सांस्कृतिक विकास उल्लेख रहेको छ र सोही अनुसार गणना गरी प्राथमिकताको आधारमा योजना छनौट गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले आर्थिक वर्ष २०८०।८१ मा निम्नानुसार ९ वडाको लागि वडागत र पालिकास्तरका कुल ३१५ योजनामा बजेट विनियोजन गरेको छ ।

| क्र. सं. | कार्यक्रमको नाम | योजना सङ्ख्या | रु.२० लाखमाथिका योजना सङ्ख्या | रु.५ लाखदेखि २०लाख सम्मका योजना सङ्ख्या | रु.५ लाखभन्दा कम |
|---|---|---|---|---|---|
| १. | पालिकास्तरीय | १३३ | ६२ | ६७ | ४ |
| २. | वडास्तरीय | १८२ | १८ | ३७ | १२७ |
| जम्मा | | ३१५ | ८० | १०४ | १०४ |

उपर्युक्त विवरण अनुसार पालिकाले धेरै जसो साना र वितरणमुखी योजनाहरु सञ्चालन गरेको देखिन्छ । जसले गर्दा सञ्चालित योजनावाट दीर्घकालिन प्रतिफल प्राप्त नहुनका साथै चालु प्रकृतिका खर्चमा बृद्धि भै लागत प्रभावी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत प्रश्न उठ्ने गरेको छ । त्यसैगरी यो वर्ष सभाले पारित गरेका उल्लेखित योजना मध्ये २८७ योजना मात्र कार्यान्वियन भई २८ योजना कार्यान्वियन हुन सकेको देखिएन । तसर्थ पालिकाले योजना वस्तुनिष्ठ तवरले प्राथिमिकीकरण र छनौट गरी प्रभावकारी कार्यान्वियन गर्नुपर्दछ ।

४.६ **मध्यकालिन खर्च संरचना :** अन्तरसरकारी बित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ ले स्थानिय तहले आगामि बर्षमा कार्यान्वियन हुने योजनाको साथै थप २ बर्षको कार्यान्वियन हुने योजना र त्यसको स्रोतको सुनिस्चितताको आधारमा बजेट कार्यान्वियन हुने व्यवस्था छ ।तर यस पालिकाले उक्त मध्यकालिन खर्च संरचना तयार गरेको छैन ।खर्च संरचनाको अभावमा भविष्यमा कार्यान्वियन हुने योजनाहरु र तीनको कार्यान्वियन गर्न स्रोतको अस्पष्टता हुने हुँदा योजनाको कार्यान्वियन पक्ष फितलो हुने, योजना अलपत्र हुने भएकोले खर्च संरचनाको आधारमा बजेट र योजना प्रणालीलाई कार्यान्वियन गर्नु प्रभावकारी हुन्छ।

४.७ **दिगो बिकास योजना :** संयुक्त राष्ट्रसंघले अघि सारेको दिगो विकास लक्ष्यको सन् २०३० सम्म कार्यान्वियन गर्न नेपालले १६ वटा वुँदामा प्रतिवद्धता व्यक्त गरी ति लक्ष्यको स्थानिकरण र आन्तरिकीकरण गरेको छ ।पुर्वाधार, कृषि, पशु, उर्जा, समाजकल्याण, बालकल्याण, महिला विकास, सुरक्षित मातृत्व लगायतका बिषयहरुका कार्यजिम्मेवारी संघियता सँगै स्थानिय स्तरमा हस्तान्तरण र निक्षेपित भैसकेको छन् । दिगो विकासको लक्ष्य प्राप्त गर्न स्थानिय तहले सुचक निर्धारिण गर्ने, तथ्यांक तयार गर्ने, प्रदेश र संघमा तिनको संचार र समन्वय गर्ने कार्य भएको देखिएन ।स्थानिय तहले बार्षिक बजेट बमोजिम नै पुरानै शैलिमै कार्य गरेका छन् ।दिगो बिकासको लक्ष्य अनुरुप खण्डीकृत तथ्यांक तयार गरी कार्यक्रम बनाउने, समन्वय गर्ने, अभिलेख र तथ्यांक राखि दिगो बिकासको राष्ट्रय सुचक हासिल गर्न संघमा संचार गर्ने कार्य भएको छैन । दिगो बिकासको लक्ष्यको आधारमा तालमेल हुने गरी योजना र कार्यक्रम लागु गरी अभिलेख र सुचना प्रणाली प्रभावकारी बनाउनु पर्दछ ।

४.८ **क्षेत्रगत बजेट र खर्चको स्थितिः** स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ अनुसार तोकिएको क्षेत्रगत आधारमा बजेट व्यवस्थापन गरी कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ । स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०८०।८१ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ ।

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत(जम्मा खर्चको तुलनामा) |
|---|---|---|---|---|
| १ | आर्थिक विकास | ४१२१६००० | २५०५२५६३ | २.०७ |
| २ | पूर्वाधार विकास | ४७५१६२५०० | २२६२३३३२० | १८.७२ |
| ३ | सामाजिक विकास | ६७१८६०९०० | ५३८२६५०१५.१७ | ४४.५३ |
| ४ | सुशासन तथा अन्य अन्तरसम्बन्धित | ३६०३४००० | २०९२७६६४ | १.७३ |
| ५ | कार्यालय सञ्चालन तथा प्रशासनिक | ४३५९३५६०० | ३९८११३३२४.२८ | ३२.९४ |
| **जम्मा** | | **१६६०२०९०००** | **१२०८५९१८८६.४५** | **१००** |

उल्लेखित विवरण अनुसार कुल खर्च मध्ये आर्थिक क्षेत्रतर्फ २.०७ प्रतिशत, सामाजिक क्षेत्रतर्फ ४४.५३ प्रतिशत, पूर्वाधारतर्फ १८.७२ प्रतिशत, सुशासन तथा अन्य अन्तरसम्बन्धिततर्फ १.७३ प्रतिशत र अन्य कार्यालय सञ्चालन तथा प्रशासनिकतर्फ ३२.९४ प्रतिशतले खर्च गरेको छ । आर्थिक विकासतर्फ २.०७ प्रतिशत मात्र खर्च रहेको देखिँदा गरिबी निवारण लगायतको कामको लागि यस क्षेत्रमा अधिक भन्दा अधिक बजेट विनियोजन गरि खर्च गर्नुपर्ने एवम् कार्यालय सञ्चालन तथा प्रशासनिक क्षेत्रमा खर्च ३२.९४ प्रतिशत खर्च गरेको देखिएको छ । कार्यसञ्चालन खर्चले पुँजिगत र आर्थिक विकासको कार्यलाई टेवा हुने गरी खर्च हुनुपर्नेमा कार्यालय सञ्चालन र प्रशासनिक खर्च जम्मा खर्चको अनुमानमा अधिक रहेको र पुजिगत र आर्थिक विकासको खर्च न्युन रहेकोले पुजिँगत र पुर्वाधार विकास तर्फ खर्च बढाउने र प्रशासनिक खर्चलाई मितव्ययी तवरले प्रयोग गर्ने उपायहरु अवलम्बन गर्नुपर्दछ ।

## ५ खर्च बिश्लेषण

पालिकाले यस वर्ष कुल आन्तिरक आयबाट रु.२७,७६,५२,३०५।८५, राजस्व बाँडफाँड, जनसहभागीता र अनुदानबाट रु.९४,४०,११,३८१।४० समेत रु.१,२२,१६,६३,६८७।२५ आम्दानी भएकोमा चालु तर्फ रु.७८,९१,६७,७११।४५ र पूँजीगत तर्फ रु.४१,९४,२४,१७५।- समेत रु.१,२०,८५,९१,८८६।४५ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस्सा २२.९७ प्रतिशत रहेको छ । यसवर्ष पदाधिकारी सुबिधामा रु.८६,९४,०००।- खर्च भएको छ जुन आन्तरिक आयको ३.१३ प्रतिशत रहेको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान, आन्तरिक आय र राजस्व बाँडफाँडको रकमबाट ६४.६० प्रतिशत चालु र ३४.३३ प्रतिशत पूँजीगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाले विकास निर्माण कार्यक्रम सञ्चालनमा न्यून खर्च गरी प्रशासनिक कार्यमा बढी खर्च गरेको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा विकास निर्माणमा परिचालन गरिनुपर्दछ ।

## ६ त्रैमासिक पूँजीगत खर्च

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३५ बमोजिम बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने कार्यालयले त्रैमासिक प्रगति विवरण बनाई कार्यसम्पादन गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार त्रैमासिक पूँजीगत खर्चको स्थिति देहाय बमोजिम छ ।

| बजेट उपशिर्षक | कुल खर्च | त्रैमासिक खर्च रु. हजारमा | | | | आषाढ महिनाको खर्च |
|---|---|---|---|---|---|---|
| | | प्रथम | दोस्रो | तेश्रो | चौथो | |
| पूँजीगत खर्चतर्फ | ४१९४२४ | १११५८२ | १८९१४ | ३७५७५ | २५१३५३ | १६१२९१ |
| प्रतिशत | १०० | २६.६० | ४.५१ | ८.९६ | ५९.९३ | ३८.४६ |

पालिकाले उपलब्ध गराएको विवरण अनुसार वार्षिक रु.४१ करोड ९४ लाख २४ हजार खर्च भएकोमा प्रथम त्रैमासिकमा रु.११ करोड १५ लाख ८२ हजार(२६.६० प्रतिशत), दोस्रो त्रैमासिकमा रु.१ करोड ८९ लाख १४ हजार(४.५१ प्रतिशत), तेस्रो त्रैमासिकमा रु.३ करोड ७५ लाख ७५ हजार(८.९६ प्रतिशत) र चौथो त्रैमासिकमा रु.२५ करोड १३ लाख ५३ हजार(५९.९३ प्रतिशत) खर्च गरेको छ । यसरी नै आषाढ महिनामा मात्र रु.१६ करोड १२ लाख ९१ हजार(३८.४६ प्रतिशत) खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च व्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार त्रैमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्थाको पूर्ण पालना र आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।

## ७ पूँजीगत खर्चको अवस्था

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ अनुसार सार्वजनिक निकायले कुनै खरिद गर्नुपर्दा संभव भएसम्म खुल्ला रुपमा बोलपत्र माग गरी खरिद गर्नुपर्ने व्यवस्था छ । साथै गोकर्णेश्वर नगरपालिका सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ३२ मा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले यो वर्ष पूँजीगत शिर्षकबाट रु.४१,९४,२४,१७५।- खर्च गरेकोमा रु.६,५६,११,८९८।३४ अर्थात् १५.६४ प्रतिशत बोलपत्रबाट खरिद गरेको छ । कुल खरिद मध्ये उपभोक्ता समितिबाट

रु.३३,५८,७०,०१३।२० को खरिद गरेको छ । उपभोक्ता समितिबाट खरिद गर्दा प्रतिस्पर्धा नहुने हुँदा सार्वजनिक खरिदलाई प्रतिस्पर्धी एवं मितव्ययी हुने व्यवस्था मिलाउनु पर्दछ ।

८ **ठेक्का व्यवस्था**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ९ मा खुला रुपमा बोलपत्र आह्वान गरी खरिद गर्ने सम्वन्धी व्यवस्था छ । पालिकाले बोलपत्र मार्फत प्रतिस्पर्धि आपूर्तिकर्ता छनौट गरी वार्षिक कार्यक्रम अनुसारका सडक, भवन तथा खानेपानी लगायतका निर्माण योजना कार्यान्वयन गर्दै आएको छ । यस्ता योजना लागत अनुमान भन्दा २१.०१ देखि ४९.५२ प्रतिशत सम्म घटीमा गर्ने गरी कबोल भए अनुसार कार्यान्वयन गरेको पाइयो । स्वीकृत नर्म्सका आधारमा पालिकाले तयार गरेको लागत अनुमान भन्दा धेरै घटीमा सोही गुणस्तरको कार्य गर्न कबोल गरी अधिकांश योजना निर्माण सम्पन्न गरी भुक्तानी फरफारक गरेको पाइयो । यस्ता योजनाको भुक्तानी गर्दा निर्माण सामाग्री र निर्माण कार्यको गुणस्तर परीक्षण गरेको भएपनि न्यून लागतमा सोही गुणस्तरको कार्य भएको सम्वन्धमा नर्म्समा नै अधिक मूल्यांकन भएको हो वा गुणस्तरमा सम्झौता गरी भुक्तानी फरफारक भएको हो सो सम्वन्धमा पालिकाको ध्यानाकर्षण हुनुपर्ने देखिन्छ । साथै निर्धारित गुणस्तरमा कार्य भएको प्रमाणित गरी भुक्तानी गरेका कार्य निर्धारित अवधि सम्म टिकाउ भए नभएको यकिन गर्न प्रणाली सुदृढ गरी न्यून मुल्यमानै गुणस्तरीय कार्य हुने भएमा नर्म्स समेत सम्वन्धित निकायले पुनरावलोकन गर्नुपर्ने देखिन्छ । यस्ता केही योजनाको विवरण देहायमा उल्लेख छ । लागत अनुमानको तुलनामा उल्लेख्य प्रतिशत घटीमा गर्ने गरी कबोल तथा सम्झौता भएका केही योजनाको विवरण देहायमा उल्लेख छ ।

| सि नं | ठेक्का नं | काम को विवरण | निर्माण कर्ताको नाम | लागत अनुमान VATर PSसहित | सम्झौता रकम VATर PSसहित | फरक प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | वडानं. ४ को पाटी दोबाटो बैगुफाँट ढोकाभन्ज्याङ् पङ्चायन मन्दिर | GOMUN/NCB/078-79/03 | ब्रदर्सकन्स्ट्रक्सन | १९९७१६४५.२५ | १००८२४९६.५१ | ४९.५२ |
| २ | गोकर्णेश्वर नगरपालिका वार्ड नं.४ को वडा कार्यालय भवनको थप तल्लानिर्माण | GOMUN/NCB/078-79/07 | महालक्ष्मी निर्माणसेवा | १८६९८५८८.२४ | ११०१४१६८.६० | ४१.१० |
| ३ | नगरपालिका कार्यालय भवन निर्माण( जोरपाटी चोक) | GOMUN/NCB/077-78/N1/08 | PS-GSHC JV | २४०४४३९११.४० | १५४४१८९१५.६० | ३५.७८ |
| ४ | बाग्मती नदीमा माकलबारी जाने मोटरेबल डबल ट्र्याक निर्माण | GOMUN/NCB/078-79/B1-04 | ड्रागन -रीयर जे भी | ६५१२२६६५.१३ | ३७१४१९७८.५६ | ४२.९७ |
| ५ | गो.न.पा. अन्तर्गत वडा नं१ को गराडोल क्षेत्रमा खेलकुद मैदान निर्माण | GOMUN/NCB/W/079-80/02 | R. & C. S. Builders Pvt. Ltd. | ५३३०२८०६.९८ | ४२१०४५२७.९७ | २१.०१ |
| ६ | गोकर्णेश्वर नगर अस्पताल भवन निर्माण | GOMUN/NCB/W/079-80/10 | Surya Chandra Construction | ३२६३८१०४३.६ | २०८८३७३०२.४० | ३६.०१ |
| ७ | वडा नं. १२३ र ४ मा पहिरो रोकथाम | GOMUN/NCB/W/080-81/02 | R. & C. Construction | ३९९६९२२.८५ | २४६९४५९.९६ | ३८.२२ |
| ८ | गो.न.पा. अन्तर्गत वडा नं१२ र ३ मा खानेपानी आयोजना | GOMUN/NCB/W/080-81/01 | Bijay Structures Pvt.Ltd | २९९६२२२०.६९ | २२६९०६८७.३२ | २४.२७ |
| ९ | अर्थोपेडिक अस्पताल ट्रस निर्माण कार्यवार्ड नं. ६ | GOMUN/NCB/W/080-81/03 | Karchen Construction | ३९९८७९२.१८ | २५०७४९७.१७ | ३७.२९ |

९ **ठेक्का अभिलेख**

महालेखा नियन्त्रक कार्यालयबाट तयार गरी महालेखापरीक्षकको कार्यालयबाट स्वीकृत भएको मलेप फारामहरु प्रयोग गर्नुपर्ने व्यवस्था छ । सोहि बमोजिम सार्वजनिक निर्माण कार्य गर्ने हरेक निकायले ठेक्का अभिलेख म.ले.प.फा.न.५०७ को ढाँचामा अद्यावधिक गरी

राख्नुपर्ने व्यवस्था छ । निर्माण कार्यको विस्तृत अभिलेखांकनको लागि प्रयोग गरिने ठेक्का सम्बन्धी अभिलेखले कूल गर्नुपर्ने कार्य, हाल सम्म भएको कामको परिमाण, मूल्य, कार्य सम्पादन जमानत, पेश्की ग्यारेन्टीको अवस्था, काम सम्पन्न गर्नुपर्ने मिति, भेरिएशन लगायतको जानकारी उपलब्ध हुन्छ । तर यस पालिकाले उक्त विवरण देखिने गरी अभिलेख राखेको पाइएन । अतः स्वीकृत ढाँचा अनुसार सबै विवरण खुल्ने गरी ठेक्का अभिलेख अद्यावधिक गरी राख्नुपर्दछ ।

१० **परामर्स तथा डीपीआर खर्च**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ६९ बमोजिम परामर्श सेवाको खरिद कार्य गर्दा कार्य क्षेत्र र निजले सम्पादन गर्नुपर्ने कामको विवरण खुलाउनुपर्ने व्यवस्था छ । साथै बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययन गरी प्रतिवेदन तयार गर्नुपर्दछ । पालिकाले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ ।

| **कार्य विवरण** | **परामर्शदाता** | **स्वीकृत रकम** | **यो वर्ष खर्च रकम** | **अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत** |
|---|---|---|---|---|
| DPR of Futsal Covered Hall at Gokarneshwor Municipality -03 | Gauri and Gayatri Construction Pvt.Ltd | ४९५७३४.६४ | ४९१५५० | २४७९९६१६.८३ |
| DPR of Multipurpose Covered Hall at Gokarneshwor Municipality -03 | Nepal Engineering and Software Developers Theater Pvt. Ltd. | ४९६८०६।०७ | ४९०४२० | २४६८८६८४.१६ |
| Masterplan for Tarevir Tama museum | Grid Consults Pvt.Ltd. | २४८५२६ | २४५२१० | १२५०००००० |
| Pre-feasibility Study of Grade Separated Intersection along Chabahil- Sankhu and Jorpati- Sundarijal Road(Jorpati Chok) | Engineers Revisited Consult Pvt.Ltd. | ३८०००० | ३७२९०० | ० |

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर. तयार गर्दा पालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा पालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वियनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन । साथै प्राप्त प्रतिवेदनहरु अभिलेखको रुपमा लेखांकन पनि गर्नुपर्दछ ।

११ **सेवा प्रवाह**

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ ले निर्धारण गरेका अधिकारको सुचिमा रही पालिकाले निर्धारित सेवा व्यवस्थित, चुस्त, सरल र प्रभावकारी रुपमा प्रदान गरी सेवाको गुणस्तर प्रभावकारी गराउन पृष्ठपोषण र गुनासो व्यवस्थापन गरी अभिलेख राख्नुपर्दछ । लेखापरीक्षण क्रममा प्राप्त विवरण अनुसार आ.व. २०८०।८१ मा पालिकाबाट निम्नानुसारको सेवा प्रवाह गरेको देखिन्छ ।

| विवरण | ईकाइ | जम्मा |
|---|---|---|
| स्वीकृत घरनक्सा दर्ता पास | वटा | ४०३ |
| **पञ्जिकरणतर्फ** | | |
| जन्मदर्ता | वटा | ६०५ |
| मृत्युदर्ता | वटा | २४१ |
| बसाईसराई दर्ता | वटा | ४६० |
| विवाह दर्ता | वटा | ४४९ |
| सम्बन्धविच्छेद दर्ता | वटा | ५९ |
| **भौतिक पूर्वाधार निर्माणतर्फ** | | |
| कालोपत्रे | कि.मि. | ०.२१३ |
| ढलान | कि.मि. | ४.३१ |
| नाली | कि.मि. | ०.५८ |
| खानेपानी पूर्वाधार | वटा | ४ |
| विद्यालय पूर्वाधार | वटा | २८ |

पालिकाले यो वर्ष उल्लेखित ११ विषयमा सेवा प्रवाह गरेको विवरण पेश गरेपनि सरोकारवाला नागरिकको पृष्ठपोषण लिई सेवा प्रवाह गुणस्तरीय बनाउने र अभिलेख राख्ने गरेको छैन ।

१२ **संगठन तथा कर्मचारी व्यवस्थापन**

१२.१ **दरबन्दी पदपूर्ती :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछिमात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृतसहित वडा कार्यालय, वडा स्वास्थ्य चौकी, अस्पताल सहित १७१ जना दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधिसम्म प्रमुख प्रशासकीय अधिकृत सहित १४२ जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका १ जना अधिकृत सातौं, १ जना लेखा अधिकृत, १ जना कानुन अधिकृत, ६ जना अधिकृत, ७ जना इन्जिनियर सहित २९ पदहरु रिक्त रहेका छन् ।

१२.२ **करार कर्मचारी :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३(८) मा पालिकाले नगर प्रहरी, सवारी चालक, सयस, कार्यालय सहयोगी, प्लम्बर, ईलेक्ट्रिसियन, चौकिदार, मालि, बगैंचे र सरसफाई सम्बन्धी पद तथा सेवामा बाहेक अन्य पदमा करारमा नियुक्त गर्न नपाइने व्यवस्था छ । साथै स्थानीय सेवा गठन तथा सञ्चालन ऐन, २०७९ को दफा १६ मा स्थानीय सेवाका कर्मचारीले गर्नु पर्ने कामका लागि कुनै पनि व्यक्तिलाई ज्यालादारी वा करारमा नियुक्ति गर्न पाइने छैन भन्ने व्यवस्था छ । पालिकाले उल्लेखित पदहरुमा बाहेक इन्जिनियर, सहायक पाँचौ, कानुन सहायक, सव-इन्जिनियर, सहायक चौथो अहेव र हेल्थ असिष्टेन्ट लगायत पदमा ५२ जना कर्मचारी करारमा नियुक्त गरी रु.२,४०,२७,५७५।- तलब भत्ता भुक्तानी गरेको छ । ऐनको व्यवस्थाको पालना गर्नुपर्दछ ।

१२.३ **दरवन्दी भन्दा बढि कर्मचारी :** स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ५ बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी तोकेको आधारमा पदपूर्ति हुनुपर्दछ । पालिकाले निम्नानुसार पदमा दरबन्दी भन्दा बढि कर्मचारी पदस्थापना गरी रु.३,२४,०४,८०४।- तलब भत्ता भुक्तानी गरेकोले अनियमित देखिएको रु.

| क्र.स. | पद | मासिक तलव | वार्षिकतलव | जना | जम्मा |
|---|---|---|---|---|---|
| १ | महिला विकास निरीक्षक पाँचौ | ३४७३० | ४६१४९० | ३ | १३८४४७० |
| २ | आलेप पाँचौ | ३४७३० | ४६१४९० | २ | ९२२९८० |
| ३ | असिस्टेन्ट सव इन्जिनियर | ३२९०२ | ४३७७२६ | १ | ४३७७२६ |
| ४ | मेडिकल अधिकृत | ४८७३७ | ६४३५८१ | १० | ६४३५८१० |
| ५ | हेई अधिकृत सातौ | ४५८५१ | ६०६०६३ | १ | ६०६०६३ |
| ६ | हेई अधिकृत छैठौ | ४३६८९ | ५७७९५७ | १३ | ७५१३४४१ |
| ७ | हेई पाँचौ | ३४७३० | ४६१४९० | ५ | २३०७४५० |
| ८ | हेई चौथो | ३२९०२ | ४३७७२६ | २ | ८७५४५२ |
| ९ | पहेन छैठौ | ४३६८९ | ५७७९५७ | २ | ११५५९१४ |
| १० | पहेन पाँचौ | ३४७३० | ४६१४९० | ८ | ३६९१९२० |
| ११ | स्टाफ नर्स | ३४७३० | ४६१४९० | ४ | १८४५९६० |
| १२ | अनमि | ३४७३० | ४६१४९० | २ | ९२२९८० |
| १३ | कास | २४७०२ | ३३११२६ | १३ | ४३०४६३८ |
| **कुल जम्मा** | | | | | **३२४०४८०४** |

| अनियमित भएको | ३,२४,०४,८०४ |
|---|---|

१२.४ **दरवन्दी बेगर कर्मचारी :** स्थानीय सेवा (गठन तथा सञ्चालन) ऐन, २०७९ को दफा ५ बमोजिम संगठन तथा व्यवस्थापन सर्वेक्षण गरी तोकेको आधारमा पदपूर्ति हुनुपर्दछ । पालिकाले निम्नानुसार पदमा दरबन्दी बेगर कर्मचारी पदस्थापना गरी रु.१,१६,४२,२८०।- तलब भत्ता भुक्तानी गरेकोले अनियमित देखिएको रु.

| क्र.स. | पद | मासिक तलव | वार्षिकतलव | जना | जम्मा |
|---|---|---|---|---|---|
| १ | ल्याव टेक्नोलोजिष्ट | ३४७३० | ४६१४९० | १ | ४६१४९० |
| २ | ल्याव टेक्निसियन | ३४७३० | ४६१४९० | १० | ४६१४९०० |
| ३ | रेडियो ग्राफर | ३२९०२ | ४३७७२६ | ४ | १७५०९०४ |
| ४ | फार्मेसि सहायक | ३२९०२ | ४३७७२६ | ५ | २१८८६३० |
| ५ | अष्टोमेटिक्स | ३२९०२ | ४३७७२६ | १ | ४३७७२६ |
| ६ | फिजियो थेरापिस्ट | ३२९०२ | ४३७७२६ | २ | ८७५४५२ |
| ७ | एम्बुलेन्स चालक | ३२९०२ | ४३७७२६ | ३ | १३१३१७८ |
| **कुल जम्मा** | | | | | **११६४२२८०** |

| अनियमित भएको | १,१६,४२,२८० |
|---|---|

१३ **कर,दस्तुर तथा आन्तरिक आयतर्फ**

१३.१ **आय अनुमान :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले पेश गरेको आय-व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु.४४,२१,००,०००।- प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०८०।८१ मा रु.२७,७६,५२,३०५।८५ अर्थात् अनुमान भन्दा ३७.२० प्रतिशत घटि आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिनुपर्दछ ।

१३.२ **आन्तरिक आय :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०८०।८१ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।

| केन्द्रीय अनुदानबाट खर्च | आन्तरिक आय | आन्तरिक आय प्रतिशत |
|---|---|---|
| २९७६५८००३.३९ | २७७६५२३०५.८५ | ९३.२८ |

उपर्युक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा ९३.२८ प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय सङ्कलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय वृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ ।

१३.३ **कर तथा शुल्क असुली** - स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विटौरी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | १५४०००००० | ४९६१५५००.८८ | ३२.२२ |
| घरजग्गा वहाल कर | ११०००००००० | १०२०६१९०३.९७ | ९२.७८ |
| व्यवसाय कर | ८००००००० | २३७०४८५७ | २९.६३ |

पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझ्ने परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन । यो वर्ष रु.२७,७६,५२,३०५।८५ आम्दानी भएकोमा राख्नुपर्ने मलेप फारामहरु नराखेकोले उठ्नुपर्ने राजस्व यकिन गर्न सकिएन । तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायरामा ल्याउनु पर्दछ ।

१३.४ **व्यवसाय कर :** स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ मा पालिकाले आफ्नो कार्यक्षेत्र भित्र रहेका विभिन्न व्यवसाय गर्ने व्यक्तिबाट व्यवसाय कर उठाउनुपर्ने व्यवस्था रहेको छ । यस वर्ष पालिकाले व्यवसाय दर्ता तथा नवीकरण शुल्क वापत रु.२,३७,०४,८५७।- कर सङ्कलन गरेकोमा पालिकाको क्षेत्रभित्र रहेका व्यवसायीहरुको अभिलेख अध्यावधिक गरेको छैन् । जसबाट पालिकाले सङ्कलन गरेको व्यवसाय कर यथार्थ मान्न सक्ने अवस्था छैन । तसर्थ पालिकाले क्षेत्र भित्र सञ्चालनमा रहेका सम्पूर्ण व्यवसायीको अद्यावधिक अभिलेख राखी करको दायराभित्र ल्याउनु पर्दछ ।

१४ **आर्थिक सहायता**

नगरपालिकाबाट प्रदान गरिने अनुदान तथा आर्थिक सहायता वितरण कार्यविधि, २०७५ को दफा ४ मा दुवै मृगौला फेल, पक्षघात, मस्तिक घात, क्यान्सर लगायत विभिन्न जटिल रोगले पिडित व्यक्तिको उपचारको लागि आर्थिक सहायता उपलब्ध गराउन सक्ने व्यवस्था छ । साथै उपदफा ४ मा आर्थिक सहायता दिंदा आवश्यकता हेरी पच्चीस हजारसम्म नगर प्रमुखको निर्णयबाट र रु.५० हजारसम्म कार्यपालिकाको बैठकबाट निर्णय गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष २४० जना व्यक्तिहरुलाई रु.२५ हजारदेखी ५०

हजारसम्म आगलागि, क्षति, क्यान्सर, मृगौला पिडित, आर्थिक विपन्न वर्ग, अन्य सहायता, उपचार खर्च, पैदल यात्री प्रोत्साहन लगायत कार्यमा रु.३८,००,०००।- आर्थिक सहायता वितरण गरेको छ । उक्त रकम पालिकाको कुल आन्तरिक आय रु.२७,७६,५२,३०५। ८५ को १.३७ प्रतिशत हुन आउँछ । कार्यविधि बमोजिम आर्थिक सहायता वितरण हुनुपर्दछ ।

१५ **वालुवा निकासीः**

प्राकृतिक श्रोतको उत्खनन तथा उपयोगको अध्ययन गरी सम्भावित संकलन र उत्खनन गर्न सकिने परिमाणको आंकलन गरी आय ठेक्का बढाबढको माध्यमबाट अधिकतम कबोल गर्ने संस्था/व्यक्ति/फर्मलाई सम्झौताको आधार तोकिएको शर्तको अधिनमा रहि कार्यदेश प्रदान गर्नुपर्नेमा आर्थिक वर्ष २०८०।८१ मा यस नगरपालिका श्रेत्रमा बालुवा निकासी गरी रु.४८ लाख ३० हजार ७१३ राजस्व आम्दानी गरेकोमा पालिकाबाट ४ जना डोर हाजिरमा कर्मचारी खटाई प्रतिव्यक्ति रु.३० हजार को दरले रु.१४ लाख ४० हजार खर्च गरेको छ । पालिका क्षेत्रबाट कति बालुवा निकासी गर्न सम्भाव्य छ सो यकिन नगरी सोझै अमानतमा कार्य गराई वार्षिकी रु.४८ लाख ३० हजार राजस्व उठेको विवरण पेश गरेको छ । यसरी आईई नगरी कार्य गर्दा खोलाबाट उत्खनन् आम्दानी हुने बालुवाको रकम सही हो भनी यकिन गर्ने आधार देखिएन । खोलाको बालुवा झिक्दा घाटगद्दी गर्दा स्टक प्रमाणित नगरेको निर्यात गर्दा बालुवा उठाउने र लोड गर्ने सवारी साधनको सिसिक्यामेरा निगरानी गर्न २४ सै घण्टा प्रणालीमा आवद्ध गरी अनुगमन गर्न सकिनेमा सो प्रकृया अपनाइएको छैन । निर्यात हुने सामानको अनुमान नगरेको, बालुवा बोक्ने सवारी साधनको दर्ता, स्वीकृती तथा जिपिएस समेत ट्रेसिङ्ग नगरेको सिसिक्यामेरा निगरानी नगरी ज्यालादारीमा कार्यरतलाई फिल्डस्तरमा जिम्मेवारी सुम्पिदा बालुवाको अनधिकृत निकासा हुने जोखिमलाई आंकलन नगरी कार्य गरेकोले जवाफदेही, पारदर्शी, प्रतिस्पर्धी कार्य प्रणाली देखिएन । संभावित राजस्व चुहावट हुने जोखिम भएकोले वालुवाको निकासीलाई आय ठेक्का मार्फत व्यवस्थित गर्नुपर्दछ ।

१६ **वितरणमूखी कार्यक्रम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ मा स्थानीय तहले उपयोगिता सिर्जना हुने गरी अधिकतम प्रतिफल दिने कार्यक्रम छनौट गरी कार्यान्वियन गर्नुपर्ने व्यवस्था छ । साथै आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ मा सरकारी रकम खर्च गर्दा मितव्ययीता अपनाउनु पर्ने व्यबस्था उल्लेख छ । पालिकाले विभिन्न प्रकारका कार्यक्रमहरु सञ्चालन गरेबापतको भुक्तानीमा अधिकाशं वितरणमूखी प्रकृयाका कार्यक्रमहरु सञ्चालन भएको देखियो । पूर्वाधार विकास, भौतिक र मानवीय क्षमता विकासका कार्यक्रम सञ्चालन विपरित वितरणमूखी प्रकृयामा रुपान्तरण हुनुले कार्यक्रमको उद्देश्य तथा लक्ष्य पुरा भएको देखिएन । तसर्थ सरकारी रकमको खर्चमा मितव्ययीता र औचित्यको आधारमा दीर्घकालिन पूँजीवृद्धि गर्ने कार्यक्रमको तर्जुमा गरी कार्यान्वियन गर्नतर्फ पालिकाले ध्यान दिनुपर्दछ । यसका केही उदाहरण निम्न बमोजिम रहेको छ ।

| भौ.न. र मिति | योजनाको नाम | सम्झौता रकम | रकम |
|---|---|---|---|
| ५१२।२०८१-०३-१९ | वडा नं ४ गोकर्ण महिला दुनाटपरी संजाल उपभोक्ता समिति | ५००००० | ५००००० |
| ३८८।२०८१-०२-२४ | राउत समाज क्षेत्री समाजको मन्दिर निर्माण | ५१५५५१ | ४८८००० |
| ४५३।२०८१-०३-१४ | वडा नं १ सुन्दरीजल युवा क्लव भवन निर्माण उपभोक्ता समिति | १०२१६०६ | १००००० |
| २३।२०८०-०५-११ | क्रिस्चियन सिटी चर्च सामाग्री वितरण | २००००० | १९९९८८ |
| २४।२०८०-०५-११ | गोकर्ण प्रहरी प्रभाव उपभोक्ता समिति स्तरोन्नती | १०२६३५३ | १०२६३५३ |
| १६१।२०८०-०७-०१ | विआइसीसद व्याडमिन्टन एकेडेमी भुक्तानी | १५४७०४५ | १४४२९७२ |
| २२१।२०८०-११-०३ | खड्कागाउँ बाटो निर्माण उपभोक्ता समिति भुक्तानी | ५१३२३९ | ४८०००० |
| ३१५।२०८१-०१-३१ | नेपाल बुद्धिष्ट तमाङ्ग सुधार समिति | १०२३१०२ | ९७०००० |
| **जम्मा** | | | **५२०७३१३** |

१७ **सम्पत्ति कर**

गोकर्णेश्वर नगरपालिकाले जारी गरेको आर्थिक वर्ष २०८०।०८१ को आर्थिक ऐन, २०८० को दफा ३ सँग सम्बन्धित दररेटमा सम्पत्ति कर असुल गर्दा व्यवसायिक भवन, कम्प्लेक्स तथा अपार्टमेन्टको हकमा कुल वर्ग फुटको ३ गुणा बढी जग्गाको कभरेज मानिनेछ भन्ने उल्लेख रहेको छ । गोकर्णेश्वर नगरपालिकाले वडा नं ८ मा रहेको नेपाल मेडिकल कलेजलाई कित्ता नं ३८, ११२, ३४, ११५, ११६, ३४, १११, २२४, २२६, २२८, १०४, ३५, १०३, ६८ र ७१ समेत १५ वटा कित्ता रहेको जमिनको क्षेत्रफलको आधारमा ३ गुणाले हिसाब गरी सम्पत्ति कर असुल उपर गर्नुपर्नेमा निजी आवासिय आधारमा असुल गर्दा हालसम्म निर्धारित कर रु.६ करोड ६१ लाख ८० हजार ४०९ रहेकोमा सो मध्ये रु.३ करोड ३५ लाख ९ हजार ७४० असुल भैसकेकोले छुट भएको रु.३,२६,७०,६६९ असुल उपर गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,२६,७०,६६९ |

१८ **छुट भएको कर**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ दफा ११(घ) ले निर्धारण गरेको अधिकार क्षेत्रको आधारमा पालिकाको आर्थिक ऐनमा उल्लेख भएको दरमा कर असुल गर्नुपर्दछ ।गोकर्णेश्वर नगरपालिकाले जारी गरेको आर्थिक वर्ष २०८०।०८१ को आर्थिक ऐन, २०८० लगायत विगतका करका दरहरू समेतको आधारमा निम्नानुसार करदाताहरुले व्यवसाय संचालन गरेको सम्पत्तिबाट सम्पत्ति कर व्यवसायिक भवन, कम्प्लेक्स तथा अपार्टमेन्टको आधारमा असुल गर्नुपर्ने र उक्त व्यवस्था अनुसार जग्गाको कभरेज ३ गुणा निर्धारण गरी कर असुल गर्नुपर्नेमा छुट भएकाले रु.२,८२,४०९।- असुल उपर गर्नुपर्ने रु.

| **करदाताको नाम** | **वडा** | **भुक्तानी गर्नुपर्ने रकम** |
|---|---|---|
| जानुकी मगर | ६ | २६८२२ |
| राजीब थापा | ८ | ७९४६ |
| सुलम के.सी. | ७ | १४४६३८ |
| विष्णु गोपाल वतास र जगत कृष्ण श्रेष्ठ | ५ | २८००३ |
| पासाङ्ग शेर्पा र पेम्मा शेर्पा | ३ | ५१००० |
| कृतिमाया तामाङ्ग | ३ | २४००० |
| **जम्मा** | | **२८२४०९** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २,८२,४०९ |

१९ **कर रकम**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले तोकेको क्षेत्रमा राजश्व रकम असुल हुनुपर्ने तथा पालिकाले जारी गरेको आर्थिक ऐन अनुसार कर रकम असुल हुनुपर्नेमा गोकर्णेश्वर नगरपालिकाले जारी गरेको आर्थिक वर्ष २०८०।०८१ को आर्थिक ऐन, २०८० अनुसार निम्नानुसारका करदाताबाट २०८०।०८१ भन्दा अगाडि देखि नै सम्पत्ति कर, व्यवसाय कर, बहाल कर नबुझाएकाले लेखापरीक्षण गर्दा नमुना छनौट भएका फाइलमध्येबाट देहायका करदातको कर रकम असुल गर्न छुट भएकोले जरिवाना समेत गरी रु.९०,१५,७९७।- असुल उपर गर्नुपर्ने रु.

| वडा नं | संकेत नं | करदाता | कर | आर्थिक वर्ष | रकम | कैफियत |
|---|---|---|---|---|---|---|
| ६ | ०६-०१-००७५ | अन्नपूर्ण कार्पेट इन्डस्ट्रिज प्रा.लि. | सम्पत्तिकर | २०७२।७३ देखि २०८०।०८१ | २६४६००० | |
| ८ | - | हिमालयन छुल्टिम कार्पेट | सम्पत्ति कर तथा व्यवसाय कर | २०६६।६७ देखि २०८०।०८१ | ५९५४९०४ | |
| ६ | २५-०३४८ | बौद्ध डिजाइनर कार्पेट प्रा.लि. | व्यवसाय कर | २०७६।७७ देखि २०८०।०८१ | ११९८२४ | |
| ५ | - | सगरमाथा गलैचा उद्योग | व्यवसाय कर तथा बहाल कर | २०८०।०८१ | १३६१०० | |
| - | ०५-०६-००७४ | कर्नर इन्ड्रस्ट्रिज प्रा.लि. | सम्पत्ति कर | २०७६।७७ देखि २०८०।०८१ | २८७६९ | |
| ८ | ००-२५-०२६२ | माउन्ट एभरेष्ट ट्रेडिङ हाउस प्रा.लि. | व्यवसाय कर तथा बहाल कर | २०८०।०८१ | १३०२०० | व्यवसाय १०२०० तथा बहाल १२०००० |
| **जम्मा** | | | | | **९०१५७९७** | |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ९०,१५,७९७ |

२० **असुल गर्नुपर्ने कर**

गोकर्णेश्वर नगरपालिकाले जारी गरेको आर्थिक ऐन, २०८० अनुसार निम्नानुसारका करदाताबाट असुल गर्नुपर्ने सम्पत्ति कर, व्यवसाय कर, बहाल कर असुल नभएको तथा कम असुल भएकाले लेखापरीक्षण गर्दा नमुना छनौट भएका फाइलमध्येबाट देहायका करदाताको कर रकम असुल गर्न छुट भएकोले नियमानुसार असुल उपर गर्नुपर्दछ ।

| संस्थाको नाम | कर बुझाउने अवधि | कैफियत |
|---|---|---|
| शान्त भवन क्लिनिक वडा नं ६ | २०८०।०८१ | बहाल कर |
| सुन्दरीजल हेल्थ केयर | २०८०।०८१ | बहाल कर |
| आकृषा हेल्थ केयर वडा नं ५ ललितपुर प्याथोलोजी | २०८०।०८१ | बहाल कर |
| ग्रामिण स्वास्थ्य शिक्षा तथा सेवाकेन्द्र वडा ७ | २०८०।०८१ | सम्पत्ति कर |
| कालिन्चोक स्वास्थ्य क्लिनिक | २०८०।०८१ | बहाल कर न्यून बुझाएको |
| वाँयाटेक हेल्थ केयर वडा नं ६ | २०८०।०८१ | व्यवसाय कर न्यून बुझाएको |
| आद्या नेपाल वडा नं ६ | २०८०।०८१ | सम्पत्ति कर |
| सौगात क्लिनिक, कोइराला मेडिकल हल | २०८०।०८१ | बहाल कर |
| शंखरापुर हस्पिटल | २०८०।०८१ | बहाल कर |
| गोकर्ण सिटी हस्पिटल | २०८०।०८१ | व्यवसाय कर तथा बहाल कर |

## २१ पेट्रोल पम्पको कर

गोकर्णेश्वर नगरपालिकाले जारी गरेको आर्थिक ऐन, २०८० अनुसार पालिकाले व्यवसाय सञ्चालन गर्ने तथा सम्पत्ति आर्जन गर्ने प्रयोजनको लागि यस पालिकाको वडा अन्तर्गत व्यवसायहरुमा सम्पत्ति, बहाल वा व्यवसाय कर असुल गर्ने व्यवस्था गरेकोमा यस पालिका अन्तर्गत निम्नानुसार दर्ता भई कारोबार गरेको पेट्रोल पम्पहरुको कर असुल गर्न बाँकी रहेकाले उक्त कर यकिन गरी जरिवाना समेत असुल गर्नुपर्दछ ।

| पेट्रोलपम्पको नाम | वडा नं |
|---|---|
| सुन्दरीमाई आयल स्टोर | १ |
| एभरेष्ट फ्युल सेन्टर | ५ |
| लामा पेट्रोलपम्प | ६ |
| बागमती पेट्रोलपम्प | ६ |
| बराल पेट्रोलपम्प | ६ |
| बराल पेट्रोलपम्प | ६ |
| जुवी पेट्रोलपम्प | ६ |
| जि.एम.वि. इन्टरप्राइजेज | ८ |

## २२ दर्ता नभएका फर्महरु

गोकर्णेश्वर नगरपालिकाले जारी गरेको आर्थिक ऐन, २०८० अनुसार व्यवसाय सञ्चालन गर्ने फर्म वा कम्पनीले पालिकामा फर्मदर्ता गरेर मात्र व्यवसायिक कारोबार गर्ने व्यवस्था छ । यस नगरपालिकाको कार्य क्षेत्र भित्र स्थापना भई व्यवसायिक कारोबार गरेका पालिकाले अनुगमन गरेका निम्नलिखित इन्टरनेट सेवा प्रदायक संस्थाहरुबाट कारोबार सञ्चालन गरेको मितिको आधारमा आवश्यक करहरु यकिन गरी असुल गर्नुपर्दछ ।

| क्र.स. | कम्पनी/फर्म |
|---|---|
| १ | वर्डलिंक प्रा.लि. |
| २ | क्लासिक टेक प्रा.लि. |
| ३ | सुविशु(इन्टरनेट) केबल |
| ४ | नेपाल टेलिकम |
| ५ | भायो नेट |
| ६ | Dish home |
| ७ | श्री फाइवर लिंक प्रा.लि. |
| ८ | श्री मेटा लिंक प्रा.लि. |
| ९ | श्री वेब सर्फर नेपाल कम्यूनिकेशन |
| १० | CG नेट होम कम्यूनिकेशन |

## २३ कर परिपालना र दायरा

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ ले तोकेको अधिकार क्षेत्र र गोकर्णेश्वर नगरपालिकालको आर्थिक वर्ष २०७६।७७ देखि २०८०।८१ ले तोकेको अधिकार क्षेत्रको उपयोग गरी कर निर्धारण गर्नुपर्ने व्यवस्था छ । नमुना छनौट गरी लेखापरीक्षण गरेको

बाहेक निम्नानुसार विवरणमा उल्लेखित विभिन्न क्षेत्रसंग सम्बन्धित संस्थाहरुको बहाल कर, सम्पत्ति कर र व्यवसाय कर असुल भएको देखिएन । अत: पालिकाले आफ्नो क्षेत्रभित्र दर्ता भई संचालन भएका शिक्षा, स्वास्थ्य, कर्पोरेट, होटल, व्यवसाय लगायतबाट कानुनले तोकेको आधारमा कर असुल नभएकोले जरिवाना रकम समेत निर्धारण गरी छुट रकम असुल गर्नुपर्दछ ।

| संस्थाको नाम | संख्या | कर अवधि | कर विषय |
|---|---|---|---|
| बोर्डिङ स्कुल १०+२ मण्टेश्वरी र अन्य शैक्षिक संस्थाहरु | ११४ वटा | २०७६।७७ देखि ०८०८१ | व्यवसाय कर बहाल कर सम्पत्ति कर |
| अस्पताल, पोलिक्लिनिक, क्लिनिक, प्याथोलोजि, फिजियोथेरापि आदि | ३२ वटा | २०७६।७७ देखि ०८०८१ | व्यवसाय कर बहाल कर सम्पत्ति कर |
| होटल, रिसोर्ट, रेष्टुरेन्ट, पार्टि प्यालेस, अटो सोरुम, रिकण्डिसन, जुत्ता कपडा पसल, किराना पसल, व्युटिपार्लर, एग्रो फर्म, स्पा, यातायात प्रालि, गलैंचा उद्योग, गार्मेन्ट उद्योग, ट्रेकिङ्ग व्यवसाय, मिट सप, प्रेटोल प्मप, बोरिङ्ग उद्योग, ट्याङ्कर व्यवसाय, होमस्टे, मनोरन्जन पार्क, सिनेमा हल | २५० वटा | २०७६।७७ देखि ०८०८१ | व्यवसाय कर बहाल कर सम्पत्ति कर |

## २४ अन्य निकायको खर्च

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २४(३)(ख) बमोजिम उत्पादनमुलक र प्रतिफल हुने आयोजनामा स्थानीय सरकारले लगानी गर्न सक्ने उल्लेख छ । यो वर्ष पालिकाले निम्न योजनाबाट रु.११,१५,२४१।- खर्च लेखेको छ । पालिकाले आफ्नो क्षेत्राधिकार बाहिरका संघिय सरकारका निकायमा देहाय अनुसार खर्च लेखेको रकम नियमसम्मत नदेखिएको रु.

| भौ.न. र मिति | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|
| २४।२०८०-०५-११ | गोकर्ण प्रहरी प्रभाव उपभोक्ता समिति भवन निर्माण | १०००००० |
| ४०७।२०८१-०३-०५ | प्रहरी वृत्त वौद्धको सवारी साधन मर्मत भुक्तानी | ११५२४१ |
| **जम्मा** | | **१११५२४१** |

| | |
|---|---|
| अनियमित भएको | ११,१५,२४१ |

## २५ विविध खर्च

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा खर्च गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहले यो वर्ष रु.२७,७६,५२,३०५।८५ आन्तरिक आम्दानी गरेकोमा विविध शीर्षकबाट रू.९३,७६,०१०।- खाना खाजा, अतिथि सत्कार लगायत विविध कार्यक्रममा खर्च गरेको छ । यस प्रकारको खर्च पालिका, विषयगत शाखा तथा वडाका विभिन्न कार्यक्रममा भएको पालिकाले जानकारी गराएको छ । यस्तो खर्चमा मितव्ययिता कायम गर्नुपर्दछ ।

## २६ कर्मचारी कल्याण कोष

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष आन्तरिक श्रोतबाट कर्मचारी कल्याण कोषको लागि रु.२०,००,०००।- स्थानीय तह विविध कोष खातामा एकमुष्ट ट्रान्सफर गरेको छ । पालिकाले कर्मचारी कल्याण कोष संचालन कार्यविधि बमोजिम कल्याण कोष स्थापना गरी संचालन गर्नुपर्दछ ।

२७ **M15 (PCC)**

सडक लगायतका संरचनाको निर्माणमा कार्य प्रकृति मिल्दो नर्म्स सडक विभागको दर विश्लेषण सम्बन्धी नर्म्स, २०७५ अनुसार कार्य हुनुपर्दछ । यस पालिकाले निम्नानुसार सडक योजनाहरु उपभोक्ताबाट सम्पन्न गरेकोमा सडक विभागले जारी गरेको नर्म्सको प्रयोग नगरी शहरी विकास तथा भवन विभागले जारी गरेको नर्म्स अनुसार लेख्दा m 15 मा २०८०।०८१ को लागि प्रति घ.मी. रु.१०,८०५।- हुनुपर्नेमा रु.१०,९५५।- खर्च लेखेकाले निम्नानुसार रु.२२,२००।- बढी भुक्तानी भएको रकम असुल उपर गर्नुपर्ने रु.

| योजनाको नाम | आ.व. | भुक्तानी दर | फरक दर | परिमाण | बढी रकम |
|---|---|---|---|---|---|
| ढाडफेदी तारेभीर सडक उपभोक्ता समिति | २०८०/०८१ | १०९५५ | १५० | ७८ | ११७०० |
| नारायण ढल तथा सडक स्तरोन्नती | २०८०/०८१ | १०९५५ | १५० | ७० | १०५०० |
| **जम्मा** | | | | | **२२२००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | २२,२०० |

२८ **फोहोर व्यवस्थापन नीति**

फोहोरमैला व्यवस्थापन ऐन, २०६८ ले फोहोरलाई स्रोतमा न्यूनीकरण, पुनः प्रयोग, प्रशोधित तथा विसर्जन गरी व्यवस्थित र प्रभावकारी तवरले प्रवन्ध गर्ने व्यवस्था गरेको छ । यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ ले फोहोर मैला व्यवस्थापन गर्ने जिम्मेवारी स्थानीय तहलाई तोकेको छ । आ.व. २०८०।८१ को वार्षिक नीति तथा कार्यक्रम मार्फत Zero waste and waste to energy अवधारणा कार्यान्वियन गर्न राष्ट्रिय अन्तराष्ट्रिय साझेदार संस्थासँग सहकार्य गर्ने, प्रांगारिक उत्पादन गरी फोहोरलाई मोहोरमा बदल्ने, निजी तथा सहकारी क्षेत्रसँगको समन्वय र साझेदारीमा फोहोर व्यवस्थापन गर्ने लगायतका कार्यक्रम लागु गर्ने प्रतिबद्धता गरेकोमा ती सम्बन्धि ठोस कार्यान्वियन नगरी फोहोरलाई मोहोरमा बदल्न,आय ठेक्कामा रुपान्तर गरी रोयल्टी र प्रांगारिक मलको व्यवस्थाको साथै फोहोरको दिर्घकालिन र वैज्ञानिक व्यवस्थापन गरी कार्य गर्नुपर्नेमा नगरपालिकाले ४ जना कुचिकार ज्यालादारी व्यवस्थापन गरि तलबमा रु.८,६४०००, गाडिको डिजेलमा रु.७,०५,६००, मर्मतमा रु.६,००,००० समेत रु.२१,६९,६०० बर्षेनी खर्च गरेको छ । पालिकाको फोहोर व्यवस्थापन गर्न निजी तथा गै.स.स. क्षेत्रका ५ वटा विभिन्न फर्महरुले क्षेत्र तोकि कार्य गरेका छन् । नेपाल मेडिकल कलेज अन्तर्गतबाट मात्रै मासिक रु.५०,००० फोहोर व्यवस्थापन गर्ने संस्थालाई बुझाउने गरेको छ । यसरी ५ वटा संस्थाबाट फोहोर मैला व्यवस्थापन गर्दा पालिकाले वर्षेनी आय ठेक्काबाट हुनुपर्ने रोयल्टी लाखौ गुमाएको तथा आफैले व्यवस्थापन गर्दा कुचिकार र अन्य इन्दन मर्मतको लागि थप व्यवभार परेको छ । फोहोर व्यवस्थापन गर्न आय ठेक्का प्रकृयामा जान नसक्नुको कारण पालिकाले स्पष्ट गर्नुपर्दछ ।

२९ **सोझै खरिद**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ अनुसार प्रतिस्पर्धा सिमित नहुने गरी बोलपत्र माध्यमबाट मितव्ययी खरिद प्रणाली अवलम्बन गर्नुपर्ने व्यवस्था छ । यसैगरी गोकर्णेश्वर नगरपालिकाको सार्वजनिक खरिद नियमावली,२०७६ को नियम ९५ वमोजिम दश लाखसम्म सोझै खरिद गर्न सकिने व्यवस्था छ । पालिकाले यो वर्ष खरिद कार्यगर्दा अधिकांशत प्रतिस्पर्धात्मक विधि अपनाएको छैन । यो बर्ष चालु तथा पूँजीगत खर्च शीर्षकबाट खरिद कार्यगर्दा प्रतिस्पर्धा कायम गरी खरिद प्रक्रियामा प्याकेजिङ्ग गरी प्रतिस्पर्धी र मितव्ययी खरिद प्रणाली अपनाउनु पर्नेमा पटक पटक कोटेशन र सोझै खरिद मार्फत कार्यगर्दा प्रतिस्पर्धामा संकुचन भएको छ । पालिकाले सि.सि.टि.भी. खरिद जडान, विपद् व्यवस्थापन सामाग्री (त्रिपाल खरिद),औषधी खरिद मसलन्द र कार्यालय सामान खरिद, मेशिन तथा औजार आदिमा यो वर्ष खरिदको प्रकार र प्रकृती अनुसार सिलबन्दी दरभाउँ पत्र र अधिकाशंमा बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्नेमा धेरैजसो खरिद कार्यमा निम्नानुसार सोझै खरिद गरेको र औषधी खरिद कार्यमा रु.१ करोड २४ लाख मध्ये रु.६३ लाखको बोलपत्र खरिद र मसलन्द तथा स्टेशनरीमा रु.१ करोड मध्ये रु.१५ लाख ६७ हजारको सिलबन्दी दरभाउँ पत्रबाट खरिद गरेको छ । फर्निचर फिक्चर खरिदमा रु.७० लाख ५८ हजार मध्ये रु.१६ लाख २३ हजार मात्रै सिलबन्दी दरभाउ पत्रबाट खरिद गरेको छ । नियमको पालना गरी प्रतिस्पर्धी खरिद प्रणाली अवलम्वन हुनुपर्दछ ।

| खरिद कार्य | वार्षिक खर्च | ठेक्का सिलवन्दी दरभाउपत्र | सोझै खरिद |
|---|---|---|---|
| मसलन्द तथा कार्यालय सामाग्री | १०००७४७० | १५६२०८७(सिलवन्दी) | ८४४५३८३ |
| औषधी खरिद | १२४९८८८० | ६२८७४०७(बोलपत्र) | ६२११४७३ |
| सर्जिकल्स खरिद(अस्पताल) | ३४८५२६४ | - | ३४८५२६४ |
| विपद् व्यवस्थापन सामाग्री(त्रिपाल) | ६८३४२४ | - | ६८३४२४ |
| सिसिटिभी मर्मत | २०३३५७२ | - | २०३३५७२ |
| फर्निचर फिक्चर्स | ७०५८०१२ | १८०००००(सिलवन्दी) | ५२५८०१२ |
| मोबाइल ल्यापटप, डेस्टप,टोनर,U.S.G. | ६२६२२७४ | १९५५०००(सिलवन्दी) | ४३०७२७४ |
| **जम्मा** | | | **३०४२४४०२** |

३० **जिन्सी दाखिला नगरेको**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९९ मा सोही नियमावलीको नियम ९४, ९५ र ९६ बमोजिम जिन्सी मालसामानको लगत खडा गरी राख्नुपर्ने व्यवस्था रहेको छ । पालिकाले निम्नानुसार खरिद गरेको रु.१,४७,४५,४८९।- को जिन्सी सामानहरुको पाम्समा आम्दानी बाँधेको नपाइएकोले नियमानुसार पाम्समा आम्दानी बाँध्नुपर्दछ ।

| भौ.न./ मिति | सामानको नाम | रकम |
|---|---|---|
| ५१२। २०८१-०३-१९ | वडा नं -४ दुनाटपरी बनाउने मेशिन | ५००००० |
| ३५९। २०८१-०२-१४ | वडा नं -४ LED सडक बत्ती जडान ६१ थान | २९८००० |
| ३६०। २०८१-०२-१४ | कम्प्यूटर सफ्टवेयर निर्माण खरिद(सीसी क्यामेरा ८ थान) | ३०३६३९ |
| ४६१। २०८१-०३-१३ | डिजिटल बोर्ड | ११९५१०० |
| ४६२। २०८१-०३-१४ | विपद व्यवस्थापन सामाग्री त्रिपाल खरिद २४० थान | ५८५७३२ |
| ४६५। २०८१-०३-१४ | मोवाईल फोन विके इन्टरप्राइजेज,सुसम प्रा.लि. | ३१०७५ |
| ४६१। २०८१-०३-१४ | वडा भित्र सीसी टिभी लगायत मर्मत(वण्डर ग्रुप प्रा.लि. | ४९८३५८ |
| ४७३। २०८१-०३-१४ | विपद व्यवस्थापन सामाग्री ७० थान वि.के.इन्टरप्राइजेज | ६५५४० |
| ४७६। २०८१-०३-१४ | डाटावेश सिस्टम सबलीकरण खरिद -स्वास्थ्य चौकीर नगरपालिका कार्यालय ( सर्च टेक्नोलोजी प्रा.लि.Health Card System) | ४९४००० |
| ५०४। २०८१-०३-१८ | डाटावेश सिस्टम सबलीकरण प्रणाली खरिद तथा व्यवस्थापन(नगर अस्पताल) स्वास्थ्य चौकी र नगरपालिका (इसान ट्रेडर्स एण्ड सप्लायर्स) प्रिन्टर कार्टेज खरिद | ४९९९६८ |
| ५४२। २०८१-०३-२२ | वडा नं -८ सडक बत्ती तथा सीसी टिभी मर्मत जडान (LTD Street light 50 watt with auto on/off and CC camera, light | २६८०९२ |
| ०७। २०८०-०५-११ | फोटोकपी, प्रिन्टर लगायत मर्मत र सामान खरिद (मिशन सप्लायर्स) | ९९५५३ |
| २८। २०८०-०५-११ | सिसी क्यामेरा जडान-१५ सेट (एभरेष्ट प्रो.प्रा.लि.) | ३३०००० |
| २९। २०८०-०५-११ | सिसी टिभी जडान | २९८९४९ |
| ३१। २०८०-०५-११ | टेनिस वार्ड वडाको ( राधाकृष्ण संरक्षण समिति) | ८७७५० |
| ३३। २०८०-०५-११ | कम्प्यूटर डेस्कटप (अन्सु इन्टरप्राइजेज प्रिन्टर) | ९९४४० |
| ९५। २०८०-०५-१८ | टेबल, बेन्च, टिचर टेबल, बेन्च ( श्री देवी बालसुधार माध्यमिक विद्यालय) | २००००० |
| ९६। २०८०-०५-१८ | काठको र्‍याक ३२ थान, काठको शोकेश १ (इन्डोर इन्टेरियर्स फर्निचर) | ९४०००० |
| | | |

| | | |
|---|---|---|
| ९७। २०८०-०५-१८ | फर्निचर फिक्चर, काठको शोकेश,्र्याक (एन. एस. ट्रेड इन्टरनेशनल) | ९६१६३० |
| १०१। २०८०-०५-१८ | ओख्रेनी मा.वि. डेक्स, बेन्च ,र्याक कुर्सी | ९०००० |
| १०४। २०८०-०५-२२ | फर्निचर एण्ड फिक्चर (ऊँ होम ल्याण्ड फर्निचर उद्योग) औषधी,र्याक, ल्याब टेबल | ९२३०१२ |
| ११९। २०८०-०६-०२ | एस.एण्ड.एस.फर्निचर,र्याक, खापा, कुर्सी, टेबल, आदि | ६४६३६० |
| १२०। २०८०-०६-०४ | अक्सिजन कन्सन्टेटर(सोफि इन्टरनेशनल) | ३२२५०५ |
| १२०। २०८०-०६-०४ | अक्सिजन कन्सन्टेटर(मार्केटिङ्ग लाइन इन्स) | ९९८९२० |
| १२२। २०८०-०६-०४ | सर्जिकल्स तथा अक्सिजन कन्सन्टेटर(बायोमिक सिस्टम प्रा.लि.) | ९९९७५६ |
| १२६। २०८०-०६-०४ | त्रिपाल-विपद् व्यवस्थापन(निशा इन्टरप्राइजेज) | ९७६३२ |
| १२३। २०८०-०६-०४ | नगर अस्पताल सर्भर क्यू, व्यवस्थापन प्रणाली ए.के. टेक्नोलोजी ट्रेडिङ्ग | ४९८३३० |
| १२४। २०८०-०६-०४ | फर्निचर खरिद (एस.एण्ड.एस.) फर्निचर, कुर्सी, टेबल, मेडिसिन डिस्प्ले | ३३१०९० |
| १२५। २०८०-०६-०४ | फर्निचर, सोफा, टेबल, टि-टेबल | ३१०७५० |
| १३०। २०८०-०६-०४ | एयर कन्डिशन स्मार्ट टिभी, ल्यापटप आदि(कोट कम्प्यूटर सेन्टर) | ३३४५४० |
| १३१। २०८०-०६-०४ | एक्जुकेटिभ कुर्ची (शुभ लाभ सर्जिकल्स) | १२४३०० |
| १३३। २०८०-०६-०४ | मोबाइल खरिद | २५००० |
| १४१। २०८०-०६-२३ | मोबाइल खरिद श्री ज्योति प्रा.लि. | १९३००० |
| १५०। २०८०-०७-०१ | सडक बत्ती मर्मत र व्यवस्थापन गोले इलेक्ट्रिकल सेन्टर वडा नं ५ | ५००२५१ |
| १५९। २०८०-०७-०१ | सडक बत्ती मर्मत र व्यवस्थापन वडा नं ५ | ९६००० |
| १८२। २०८०-०८-२२ | सडक बत्ती सिसी तथा क्यामेरा जडान व्यवस्थापन कुटु निर्माण सेवा प्रा.लि. | ९९६४७ |
| १९४। २०८०-१०-०९ | वडा नं ८ सडक बत्ती तथा सिसी क्यामेरा (रोहित श्रेष्ठ)अमानतबाट | ९१५०० |

| | | |
|---|---|---|
| १९४। २०८०-१०-११ | सडक बत्ती मर्मत व्यवस्थापन (चमन सुवेदी) | २४००० |
| १९८। २०८०-१०-१२ | वडा नं ८ सडक बत्ती मर्मत व्यवस्थापन (चमन सुवेदी) | २४००० |
| २४४। २०८०-१२-०१ | सिसी टिभी जडान/मर्मत व्यवस्थापन ३ थान (भिजन आई.टी.ट्रेड प्रा.लि. | १९८३६० |
| २४६। २०८०-१२-०१ | वडा भित्र सिसीटिभी मर्मत जडान (भिजन आई.टी.ट्रेड प्रा.लि. | ५९७१० |
| | जम्मा | १४७४५४८९ |

३१ **विद्युत महसुलमा जरिवाना**

सार्वजनिक खर्चलाई मितव्ययी तथा प्रभावकारी बनाउने सम्वन्धि मापदण्ड, २०७८ को बुँदा १५(१) मा रकम विनियोजन भएको अवस्थामा धारा तथा विजुलीको महसुल समयमा भुक्तानी नगरी जरिवना तिर्नुपर्ने अवस्था आएमा त्यस्तो जरीवना बापतको रकम सम्बन्धित कार्यालय प्रमुख र लेखा प्रमुखवाट दामासाहीले असुल उपर गरिनेछ भन्ने व्यवस्था रहेको छ । छनौटमा परेका विभिन्न भौचरहरुबाट विद्युत महसुलमा जरीवना स्वरुप कुल रु. १,३९,४९०।- विद्युत प्राधिकरणलाई भुक्तानी भएको छ । समयमा विद्युत महशुल भुक्तानी गरी जरिवाना नतिर्ने गरी महशुल भुक्तानी गर्नुपर्दछ ।

३२ **अनुगमन भत्ता**

स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधा सम्बन्धी ऐन, २०७५ (पहिलो संशोधन) को दफा ३(क) मा पदाधिकारीहरुले पाउने सुविधा सम्बन्धी व्यवस्था गरेको छ । सो ऐनमा गोष्ठि, तालिम तथा कार्यक्रममा अनुगमन गरे वापत भत्ता पाउने उल्लेख गरेको देखिंदैन । साथै अर्थ मन्त्रालयबाट जारी कार्य सन्चालन निर्देशिका, २०७७ मा तालिम, कार्यक्रम तथा गोष्ठिमा अनुगमन गरे वापत भत्ता पाउने उल्लेख गरेको छैन । कानुन विपरित भुक्तानी गरेको उक्त अनुगमन भत्ता अनियमित देखिएको रु.

| **भौ.नं र मिती** | **कार्यक्रमको नाम** | **कर्मचारी संख्या** | **रकम (कर बाहेक)** |
|---|---|---|---|
| ८२।८०।५।१३ | बालरोग एकिकृत व्यवस्थापन कार्यक्रम | वैकुण्ठ प्र. सापकोटा सहित ६ जना | ५१००० |
| १३४।८०।५।१८ | कृषि तथा व्यवसाय प्रबर्द्धन अनुदान कार्यक्रमको विभिन्न समयमा मुल्यांकन | नगरप्रमुख सहित ४० जना | १२९२०० |
| १५१।८१।३।२२ | वडा ४ मा संचालन सहयोगि स्कुल खेलमैदान लगायत योजनाको अनुगमन | वैकुण्ठ प्र. सापकोटा सहित १२ जना | ५४४०० |
| २१३।८०।५।१९ | उद् घोषण तालिम | वैकुण्ठ प्र. सापकोटा सहित ५ जना | ४२५० |
| १२९१।८०।११।१७ | बजार अनुगमन | नगर उपप्रमुख सहित १४ जना | ९२६५० |
| १४०७।८०।१२।४ | महिनावारी सरसफाई तथा प्रजनन शिक्षा कार्यक्रम | द्वारिका श्रेष्ठ लगायत १३ जना | ११०५० |
| २४८१।८१।३।१७ | च्याउ प्रबर्द्धन कार्यक्रम अनुगमन | नगरप्रमुख सहित १६ जना | १०२०० |
| २४९०।८१।३।१७ | सहकारी संस्थालाई सुशासन सम्बन्धि अभिमुखिकरण कार्यक्रम | उपप्रमुख लगायत ३ जना | २५५० |
| २८१९।८१।३।२४ | योजना अनुगमन | उपप्रमुख लगायत ३० जना | १०८१२०० |
| **जम्मा** | | | **१४३६५००** |

| | |
|---|---|
| अनियमित भएको | १४,३६,५०० |

३३ **बैठक भत्ता**

अर्थ मन्त्रालयको कार्य संचालन निर्देशिका २०७७ को बुदा नं ७.१.१ मा बैठक भत्ता प्राप्त गर्नका लागि बैठकको स्पष्ट विषयबस्तु वा कार्ययोजना हुनुपर्ने, कार्यालय समय भन्दा अघि वा पछि हुनुपर्ने, एकै निकाय वा अन्तर्गतका पदाधिकारी मात्र उपस्थिती रहेको बैठक हुन नहुने, कानुन अनुसार गठित समितीको बैठक तथा आमन्त्रित रुपमा सदस्य राख्न नहुने तर बिशेषज्ञता आवश्यक पर्ने बैठकमा ३ जनासम्म आमन्त्रित भएको हुनुपर्ने ब्यवस्था छ ।त्यस्तै स्थानिय तह संचालन ऐन, २०७४ को दफा नं ७३(६) मा प्रमुख प्रशासकिय अधिकृतले स्विकृत बजेट खर्च गर्दा नियमितता मितब्ययिता कार्यदक्षता प्रभावकारीता र औचित्यता कायम गर्न आवश्यक ब्यवस्था मिलाउनुपर्ने ब्यवस्था रहेको छ । पालिकाले निम्न बमोजिमका बैठकहरुमा बैठक भत्ता वितरण गर्दा थप व्ययभार परेको छ । तसर्थ यस प्रकारको बैठक भत्ता वितरण कार्यलाई नियन्त्रण गरी मितव्ययिता कायम गर्न पहल गर्नुपर्दछ ।

| भौ.नं र मिती | समिती | बैठक संख्या | रकम(कर बाहेक) |
|---|---|---|---|
| ७।८०।५। ११ | अर्गानिक खेती प्रवर्दन कार्यक्रम अनुगमन तथा मूल्यांकन समिती | ५ | ४६००० |
| ८०।८०।५। ११ | कृषि आधुनिकीकरण परियोजना पकेट कार्यक्रमको अनुगमन तथा बैठक समिती | १२ | ४०८०० |
| १०।८०। १२।२८ | च्याउ विउ उत्पादनका लागि ल्याव स्थापना कार्यक्रम बापत बैठक | ३ | ४७००० |
| १२।८०।५। ११ | घ वर्गको इजाजत वितरणको लागि बैठक | ११ | ७०८०५ |
| १४।८०।५। ११ | स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिती | ३ | ३३१५० |
| १५।८०।५। ११ | घ वर्गको इजाजत वितरणको लागि बैठक | ६ | ३०६०० |
| १६।८०।५। ११ | निती तथा कार्यक्रम तथा बजेट तयारी उपसमिती | १५ | ११७७२५ |
| ७५।८०।५। १३ | दर्ता नविकरण वापत बैठक | ३ | ३८२५० |
| ७६।८०।५। १३ | मृगौला प्रत्यारोपण गरेका डाइलाइसिस गरेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघात लगायत ४ वटा रोगका विरामीहरुले औषधि उपचार खर्च वापत मासिक रु ५००० भुक्तानी दिने सम्बन्धमा वैठक | ७ | ४०४६० |
| ७७।८०।५। १३ | मृगौला प्रत्यारोपण गरेका डाइलाइसिस गरेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघात लगायत ४ वटा रोगका विरामीहरुले औषधि उपचार खर्च वापत मासिक रु ५००० भुक्तानी दिने सम्बन्धमा वैठक | ७ | ४१६५० |
| १४२।८०। ५।१८ | वातावरण तथा विपत् व्यवस्थापन समिती | १२ | १५८१०० |
| ३५९।८०। ६।२ | विपन्न नागरीक उपचार सिफारिस समितीको बैठक | २३ | १४५३५० |
| ४२३।८०। ६।४ | मृगौला प्रत्यारोपण गरेका डाइलाइसिस गरेका क्यान्सर रोगी र मेरुदण्ड पक्षघात लगायत ४ वटा रोगका विरामीहरुले औषधि उपचार खर्च वापत मासिक रु ५००० भुक्तानी दिने सम्बन्धमा वैठक | ७ | ५१८५० |
| ४९६।८०। ६।४ | घ वर्गको इजाजत वितरणको लागि बैठक | ५ | ९२६५० |
| १४१०।८०। १२।४ | स्थानिय पाठ्यक्रम मूल्य निर्धारण समिती | ४ | ४५९०० |
| १४१७।८०। १२।४ | स्वास्थ्य सम्बन्धि कार्यक्रमको मासिक समिक्षा वैठक | ३ | ९१८०० |
| २५७३।८१। ३।१९ | पुर्वाधार विकास समितीको बैठक भत्ता | २ | २०४०० |
| २७०८।८१। ३।२३ | विपन्न नागरिकको औषधि उपचार कार्यक्रम संचालन समिती | १९ | ७९९०० |

| | | | |
|---|---|---|---|
| २८८८। २०८१।३। २४ | गरिवी निवारणका लागि लघुउद्यम विकास समिती | २ | १४४५० |
| **जम्मा** | | | **१२०६८४०** |

३४ **फरक शीर्षक**

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३८(२) मा स्वीकृत वार्षिक बजेट तथा कार्यक्रम र सम्बन्धित खर्च शिर्षकमा परेको रकम खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको भौचरबाट शीर्षक फरक पारेर रु.१४,८१,६२२।- खर्च गरेको र पछि सभाबाट अनुमोदन गराएको पाइयो । सभाबाट पारित बजेट शीर्षक सभाबाट अनुमोदन गराएर मात्र फरक शीर्षकमा खर्च गर्नु पर्ने कानुनी प्रावधानको पालना गर्नुपर्दछ ।

| भौचर नं र मिति | खर्च शिर्षक | भुक्तानी भएको शिर्षक | रकम |
|---|---|---|---|
| २६४५।८१।३।२२ | पोसाक | विविध | ९८९०० |
| २८२३।८१।३।२४ | महंगि भत्ता | विविध | ९७५२५ |
| २८५२।८१।३।२४ | महंगि भत्ता | विवध | ७८४०० |
| २८६५।८१।३।२४ | महंगी भत्ता | विविध | ५२५५० |
| २८६६।८१।३।२४ | पारीश्रमिक कर्मचारी | विविध | ६९००७६ |
| २८७८।८१।३।२४ | महंगी भत्ता | विविध | ३९७७६ |
| २८८४।८१।३।२४ | पारिश्रमिक कर्मचारी | विविध | ४२४३९५ |
| **जम्मा** | | | **१४८१६२२** |

३५ **वृतचित्र निर्माण**

आर्थिक कार्यविधी तथा वित्तिय उत्तरदायित्व ऐन, २०७६ को दफा २४( २) मा सरकारी रकम खर्च गर्दा साधन स्रोतको उच्चतम प्रतिफल प्राप्त हुने र प्राप्त प्रतिफलको उचित गुणस्तर समेत कायम हुने गरी मितव्ययी तरिकाले गर्नु पर्ने उल्लेख छ ।पालिकाबाट निम्न अनुसारको भौचरबाट विभिन्न विकास गतिविधि सांस्कृतिक तथा प्रचार प्रसार लगायतको कार्यको वृतचित्र अर्थात डकुमेन्ट्री निर्माणमा रु. २६२४६२३। खर्च गरेको पाईयो । वृतचित्र निर्माणको अभिलेख सम्पत्तिको रुपमा PAMS मा राख्नुपर्दछ ।

| भौ.नं र मिती | विवरण | भुक्तानी | भुक्तानी रकम |
|---|---|---|---|
| २५।८०।५।११ | वडा ३ को विकास गतिविधी सास्कृतिक तथा प्रचार प्रसार र पर्यटक ल्याउन डकुमेन्ट्री निर्माण | ग्लोवल खवर प्रा. लि. | १००००० |
| ८६।८०।५।१३ | नगरसभा वृतचित्र निर्माण | अशोक मिडिया प्रा. लि. | १९८४७० |
| १८३।८०।५।१९ | पुर्वाधार विकास अवस्था र नगर प्रहरीको भुमिकामा वृतचित्र | दर्पण नेपाल डट कम प्रा. लि. | २००००० |
| ६९०।८०।७।२१ | वृतचित्र निर्माण वापत भुक्तानी | समुन्नत मिडीया प्रा. लि. | १९९९२५ |
| १४१९।८०।१२।४ | स्तन क्यान्सर जाँच वृतचित्र निर्माण | जेड क्रियसन प्रा. लि. | १९८८०० |
| ७८६।८१।३।२३ | उपप्रमुखको एकबर्षे समिक्षात्मक बृतचित्र २०८१ | सेलो नेटवर्क प्रा. लि. | १९७३४५ |
| २२५०।८१।३।१० | वडा नं ९ को वृतचित्र निर्माण वापतको रकम भुक्तानी | गंगादेवि फिल्मस् एणड एड्भरटाइजिङ सर्भिस | ८८७५४ |
| २७७४।८१।३।२३ | मठमन्दिर तथा पर्यटकिय स्थलहरुको वृत २०८० | सेलो नेटवर्क प्रा. लि. | १९७३३० |
| २५२८।८१।३।२८ | स्वास्थ्य क्षेत्रमा भएको उल्लेखनिय कार्य सम्बन्धि वृतचित्र | मौलिक नेपाल प्रा. लि. | १९७००० |
| २६००।८१।३।२१ | वडा नं ८ को धर्म संस्कृति सम्बन्धि वृतचित्र | आर. डि. डि. मल्टिपर्पोज प्रा. लि. | १००००० |
| २६९६।८१।३।२३ | नगरको वार्षिक समिक्षात्मक वृतचित्र निर्माण | आलोक मिडिया प्रा. लि. | ४४९९९९ |
| २६८४।८१।३।२४ | कक्षा १ को स्थानिय पाठ्यक्रमको वृतचित्र निर्माण | स्वर्गद्वारी मिडिया प्रा. लि. | ४९७००० |
| **जम्मा** | | | **२६२४६२३** |

### ३६ कानून र सञ्चालन स्थिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहहरुले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन तथा सोको अधिनमा रही नियम निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने व्यवस्था छ । जसअनुसार स्थानीय तह सञ्चालनको लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयबाट ४४ वटा नमूना कानूनहरु बनाई उपलब्ध गराएकोमा यस पालिकाले हालसम्म १५ वटा ऐन, ३ वटा नियमावली, ४ वटा निर्देशिका, ५४ वटा कार्यविधि तथा ४ वटा अन्य गरी जम्मा ८० वटा कानुन निर्माण गरी कार्यान्यनमा ल्याएको छ ।

### ३७ न्यायिक समिति

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म न्यायिक समितिको अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतवर्ष फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाँकी ३८ र यो वर्ष थप भएको २९ गरी कुल ६७ विवाद दर्ता भएकोमा ४९ वटा फर्स्यौट भई १८ बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फर्स्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।

३८ **सहकारी नियमन**

सहकारी ऐन, २०७४ को दफा ७३ अनुसार मासिक, चौमासिक, वार्षिक प्रतिवेदन बुझाउनु पर्ने र सहकारी नियमावली, २०७५ को नियम २८(४) मा सहकारी संस्थाहरूको सुपरीवेक्षण, निरीक्षण तथा अनुगमन निर्देशिका, २०७८ को दफा ३ मा मासिक प्रतिवेदन प्रत्येक महिना ७ गते भित्र एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा दाखिला गर्नुपर्ने व्यवस्था छ । पालिकाले उपलव्ध गराएको विवरण अनुसार पालिका भित्र रहेका ५१ वटा सहकारी संस्थाहरुमध्ये सबै सहकारी संस्था एकिकृत सुचना व्यवस्थापन प्रणालीमा आबद्ध रहेकामा ३ वटा सहकारी संस्थाहरुले एकीकृत सूचना व्यवस्थापन प्रणाली (COPOMIS) मा विवरण दाखिला गरेको पाइएन । पालिकाबाट अनुगमन निरीक्षण गरी तयार गरिएको प्रतिवेदनमा सहकारीका सम्बन्धमा देखिएका समस्या तथा प्रयासहरु निम्नानुसार देखिएका छन् ।

| सि.नं. | सहकारीको नाम | देखिएका समस्या | पालिकाबाट भएका प्रयास |
|---|---|---|---|
| १ | बेशीगाउँ बचत तथा ऋण सहकारी संस्था | नियमानुसार संस्था संचचालनमा नरहेको, साधारण सभा, अडिट रिपोर्ट समयमा उपलब्ध नभएको हाल संस्था बन्द रहेको | पटक पटक निर्देशन दिदा पनि व्येवास्ता गर्दै हाल संस्था बन्द रहेको, लेखापरीक्षण रिपोर्ट उपलब्ध नभएको, |
| २ | महान बचत तथा ऋण सहकारी संस्था | बचतकर्ताको बचत फिर्ता हुन नसकेको, पटक पटक बिना जानकारी संचालक समिति परिवर्तन भएको भन्ने जानकारी बचतकर्ताबाट आएको | पटक पटक संस्थामा जाँदा संस्था बन्द रहेकोले सम्पर्क गर्न नसकिएको, बचतकर्ताको रुपमा फिर्ता नभएको, विना जानकारी सञ्चालन समिति परिवर्तन भएको, |
| ३ | मुक्ती बचत तथा ऋण सहकारी संस्था | संस्थाको अध्यक्षले रकम हिनामिना गरी बचतकर्ताको बचत फिर्ता नभएको तथा हाल संस्थाको अध्यक्षनै आत्महत्या गरेकोले संचालक समितिलाई नै समस्या उत्पन्न भएको | पटक पटक संस्थाको अनुगमन गरी संस्था नियमानुसार संचालन गर्ने प्रयास गरिएको |
| ४ | अजिमा बहुउद्धेशीय सहकारी संस्था | जेष्ठ नागरिक समाज लगायतको बचत फिर्ता नभएकोले उजुरी परेको | अनुगमन गरी पटक पटक बचत फिर्ताका लागि पत्राचार एवं सम्झौता गर्ने कार्य गरिएको |
| ५ | सन्दुक बचत तथा ऋण सहकारी संस्था | बचतकर्ताको बचत फिर्ता नभएकोले उजुरी परेको | बचत फिर्ताका लागि विभिन्न मितिमा छलफल गराउने, पत्राचार गर्ने, सम्झौता गर्ने लगायत कार्य गर्दा पनि समस्या समाधान नभएकोले मिति ०८१।११।४ मा छानविन समिति गठन गर्न पत्राचार गरिएको |
| ६ | अत्तरखेल बहुउदेश्यीय सहकारी संस्था | संस्था बन्द रहेको | |

पालिकाले सर्वसाधारण जनताको वचत रकमलाई सदुपयोग हुनेगरी नियम कानुनको पालना नगर्ने सहकारीलाई आवश्यक कानुनी प्रकृयाको आधारमा कारबाही गर्नुपर्दछ ।

३९ **अनुदानको अनुगमन**

सार्वजनिक निकायबाट उपलब्ध गराईएको अनुदानको सही सदुपयोग भए नभएको यकीन गर्न अनुदान उपलब्ध गराउने निकायले समय समयमा अनुगमन गर्नुपर्दछ । पालिकाले देहाय अनुसार कृषि क्षेत्रमा विभिन्न सहकारी, समुह तथा फर्महरुलाई रु.४८,३३,३२८।-

अनुदान खर्च लेखेको छ । तर पालिकाबाट बितरण भएको अनुदानको सहि सदुपयोग भए नभएको सम्बन्धमा अनुगमन तथा सोबाट प्राप्त उपलव्धी मापन गरेको छैन । साथै अनुदान सम्बन्धमा स्थानीय अनुदान नीति तय गरेका छैन । तसर्थ अनुगमनलाई प्रभावकारी बनाई संघ, प्रदेश तथा स्थानीय तहबाट वितरण हुने अनुदानमा दोहोरोपना नहुने गरी अनुदानग्राहीको जीबनस्तरमा सुधार आएको यकिन गरी रकमको पूर्ण सदुपयोग गराउनेतर्फ ध्यान दिनुपर्दछ ।

| सि.नं. | समुह, सहकारी तथा फर्मको नाम, | कामको विवरण | रकम |
|---|---|---|---|
| १ | ओम शिव ओम गणेश एकिकृत कृषि फर्म र सिनर्जि एग्रो फर्म | बाख्रा पालन उनन्त जात | १००००००० |
| २ | सुन्दरीदेवी कृषि तथा पशुपन्छि कृषक समुह | आलु पकेट निरन्तरता | ६०००००० |
| ३ | १० वटा कृषि फर्म | च्याउ प्रवर्द्धन कार्यक्रम | १००००००० |
| ४ | ३०० कृषकहरु | गहुँको उन्नत तथा मुल बिउ | ३०००००० |
| ५ | ३१५ कृषकहरु | आलुको बिउ | ३०००००० |
| ६ | २३६ कृषकहरु | धानको उन्नत तथा मुल बिउ | ३०००००० |
| ७ | १६ वटा कृषि फर्म | मौरीपालन विकास कार्यक्रम | १३३३३२८ |
| **जम्मा** | | | **४८३३३२८** |

अनुदान उपलव्ध गराउँदा छनौट विधि पारदर्शी गरेको छैन । गत विगत देखि उपलव्ध गराएको अनुदानको अभिलेख राखेको छैन । अनुदानलाई मापदण्डमा आधारित गरी अभिलेख राख्ने र पारदर्शी प्रकृयाबाट उपलव्ध गराई सदुपयोग भएको सुनिश्चित गर्नुपर्दछ ।

४० **नीति तथा कार्यक्रम कार्यान्वयन स्थिति**

नगरपालिकाले वार्षिक रुपमा लागू गर्ने गरी घोषणा गरेका नीति र कार्यक्रमको कार्यान्वयन हुनुपर्दछ । आर्थिक वर्ष २०७९।८० र २०८०।८१ मा घोषित नीतिगत प्रतिवद्धताहरुको कार्यान्वयन स्थितिको विश्लेषण गर्दा महत्वपूर्ण कार्यक्रमहरू घोषणा गरेपनि लागू भएको देखिएन । उदाहरणको लागी आर्थिक वर्ष २०७९।८० नीति तथा कार्यक्रम अनुसार बागमती नदी गोकर्ण बाँध देखि नारायणटार पुलसम्म ड्यामबाँधी अत्याधुनिक स्टिमर सञ्चालन गर्ने कार्य भएको छैन । जोरपाटी चोकमा आकाशे पुल निर्माण गर्ने घोषणा भएकोमा डि.पी.आर. मात्रै भएको, गोकर्णेश्वर नगर अस्पताललाई स्तरोन्नती गरी ५० शैया पुर्‍याउने आदि विषयहरू कार्यान्वयन भएको छैन । यसै गरी यो वर्ष घोषित नीति र कार्यक्रम अनुसार गोकर्णेश्वर नगरपालिकाको प्रशासकिय भवन सम्पन्न नभएको, जोरपाटी देखि सुन्दरीजलसम्म सडक पेटी निर्माण गर्ने नगरक्षेत्रमा मुख्य सडकमा फुटपाथमा बार निर्माण गर्ने, जोरपाटी चोकमा फ्लाईओभर निर्माण गर्ने, जोरपाटी चोकमा लिफ्ट सहितको ओभरहेड व्रिज निर्माण गर्ने, बागमतीमा निस्कने सबै सहायक नदीमा करिडोर निर्माण गर्ने, वडा नं ४ मा केटमार्ग हुँदै कोलमतेश्वर जोड्ने सडकलाई बहुवर्षिय रुपमा अगाडि बढाउने, नगरक्षेत्रमा सडक लाइनका पसलहरुमा एकै साइजको डिजिटल वोर्ड राख्ने, नगरपालिका अन्तर्गतका सडकहरूको वर्गीकरण र नामाकरण गर्ने आदि कार्यहरु घोषणा गरेपनि लागू हुन सकेका छैनन् । नगरपालिकाले घोषणा गरेका नीति तथा कार्यक्रमहरुको कार्यान्वयन हुनुपर्दछ ।

४१ **खानेपानी पाइप**

खानेपानी विभागले जारी गरेको पाइपको डायमिटर र पिएन दरको आधारमा हुने न्यूनतम प्रति के.जी. दरको प्रयोग गरी पाइपको लागि भुक्तानी गर्नुपर्नेमा गोकर्णेश्वर वडा नं १,२,३ को लागि खानेपानी व्यवस्थाको लागि पाइप खरिदमा विभागले तोकेको Weight Chart Ratio को न्यूनतम अंक भन्दा बढी कायम गरी भुक्तानी गरेकोले निम्नानुसार बढी देखिएकाले ठेक्काको लागत अनुमानमा रु. ३,०५,९७० बढी व्ययभार सृजना गरेकाले नियम सम्मत नदेखिएको रु.

| डायमिटर(पि.एन.दर) | पाइप मिटर | भुक्तानी दर | हुनुपर्ने दर | बढी भुक्तानी मिटर | बढी रकम |
|---|---|---|---|---|---|
| २० एम एम(पिएन-१६) | २४०० | ०.१३४ | ०.१२० | ३३.६ | ९६४३ |
| ७३ एम एम(पिएन-१०) | १०१०० | ०.८५ | ०.८०९ | ४१४.१ | ११८८४६.७ |
| ७५ एम एम(पिएन-१०) | ४०० | १.१९१ | १.१४८ | १७ | ४८२१ |
| ११० एम एम(पिएन-१०) | ३९५० | २.५४५ | २.४३७ | ४२७ | १२२४३४ |
| ९० एम एम(पिएन-१०) | २५०० | १.७१८ | १.६४८ | १७५ | ५०२२५ |
| **जम्मा** | | | | | **३०५९७०** |

| | |
|---|---|
| अनियमित भएको | ३,०५,९७० |

४२ **बीमा नगरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११२(३क) मा रु.२० लाख भन्दा बढि मूल्यको निर्माण कार्यमा उपभोक्ता समितिबाट सञ्चालन गर्दा निर्माण/खरिद कार्यको बीमा गराउनुपर्ने व्यवस्था छ । यस उपमहानगरपालिकाले सार्वजनिक निर्माणको सडक ढलान, तटवन्ध नियन्त्रण, भवन निर्माण लगायतका कार्यहरू उपभोक्ता समितिबाट गराएकोमा बीमा गराएको छैन । कानुनी व्यवस्थाको पालना गर्ने गरी उपभोक्ता समितिसँग सम्झौता हुनुपूर्व अनिवार्य बीमा गर्ने व्यवस्था हुनुपर्दछ । यस सम्बन्धी उदाहरणहरु निम्न रहेका छन् ।

| क्र.स. | योजनाको नाम | उपभोक्ता समितिको नाम | भुक्तानी रकम |
|---|---|---|---|
| १. | माइति नेपाल देखि श्यमकृष्ण पण्डितको घरसम्म अपुरो सडक स्तरोउन्ति २०८०/०१/०८ गते बसेको का.पा बैठक नि. नं१७ को | माइति नेपाल ढोका भञ्जाङ्ग सडक विस्तार उ.स. | २४१३४००/- |
| २. | नगर स्टेडियम<br>नगर स्तरिय गौरवका योजना क्र.स.७ पेज नं ६२ | सुन्दर टोल सुधार समित | ३३७२१००/- |
| ३. | संघिय सरकार बाट हस्तान्तरति बार्षिक योजना तथा कार्यक्रम खेलकुद पूर्वाधार निर्माण वडा नं २ र न.पाको निर्णय २०८०/०८/१४ गतेको १७ का.पा बैठको निर्णय | खेलकुद पूर्वाधार निर्माण उ.स | २२४६३९१/- |
| ४. | वडा नं१ निमा शेर्पाको घर देखि ओख्रोनी सम्म जाने बाटो स्तरोन्नती२०८०/०९/१३ गतेको बाह्रौ नगर सभा | निमा शेर्पाको घर देखि ओख्रोनी सम्म जाने बाटो स्तरोन्नती | २२०००००/- |
| ५. | वडा नं२ मा्इतीनेपाल पाखाथोक सडक स्तरोन्नति नगर स्तरिय क्र.स. ३० पेज नं ४ पाखाथोक | गोकर्ण पाखाथोक सडक उपभोक्ता समिति | २२०००००/- |
| ६. | वडा नं३ सुन्ताखान तारेभिर सडक स्तरोन्नती १२ औनगर सभा नगर स्तरिय क्र.स. ३८ पेज नं ४ तारेभिर जाने बाटो | सुन्ताखान तारेभिर सडक स्तरोन्नती उपभोक्ता समिति | २२०००००/- |
| ७. | अरुणोदय मा.वि. निर्माण उपभोक्ता समिति | अरुणोदय मा.वि. निर्माण उपभोक्ता समिति | २१२७००० |
| ८. | सुन्दरटोल सुधार उपभोक्ता समिति बाटो | सुन्दरटोल सुधार उपभोक्ता समिति बाटो | ३३७२१०० |
| ९. | वडा नं ४ को पाटी डोबाटो बंगुफाँट ढोला भन्ज्याङ्ग मन्दिर तथा सडक स्तरोन्नती | वडा नं ४ को पाटी डोबाटो बंगुफाँट ढोला भन्ज्याङ्ग मन्दिर तथा सडक स्तरोन्नती | २४६८९८६ |
| १०. | सुन्दरीजल बसपार्क फाल्चा निर्माण उपभोक्ता समिति | सुन्दरीजल बसपार्क फाल्चा निर्माण उपभोक्ता समिति | २१२४००० |
| ११. | चिलाउने देखि देउराली सम्म ढुङ्गा सोलिङ्ग उपभोक्ता समिति | चिलाउने देखि देउराली सम्म ढुङ्गा सोलिङ्ग उपभोक्ता समिति | २१०७९०७ |
| १२. | ढाँडफेदी तारेभीर सडक निर्माण उपभोक्ता समिति | ढाँडफेदी तारेभीर सडक निर्माण उपभोक्ता समिति | ३८७५९२६ |
| १३. | गाम्चा-कालदह उपभोक्ता समितिलाई भुक्तानी | गाम्चा-कालदह उपभोक्ता समितिलाई भुक्तानी | २९९६००० |

## ४३ जटिल संरचना

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ९७(९) अनुसार उपभोक्ता समितिहरुलाई मेशिन, औजार उपकरणहरुको आवश्यक नपर्ने, श्रममूलक कार्यको जिम्मेवारी दिनुपर्ने व्यवस्था रहेको छ । पालिकाले आर.सि.सी. फ्रेम स्ट्रक्चर सहितका भवन, पुल, कल्भर्ट, ओभरहेड ट्याङ्की निर्माण, ग्रामीण विद्युतीकरण लगायतका जटिल प्राविधिक पक्ष समावेश हुने पूर्वाधार संरचना निर्माण कार्य समेत उपभोक्ता समितिहरु मार्फत गराउने गरेको देखियो । यस्ता कार्य निर्माण व्यवसायी तथा फर्मबाट प्रतिस्पर्धा मार्फत गराउन उपयुक्त हुने देखिन्छ । यसका केही उदाहरणहरु यसप्रकार रहेका छन्:

| भौ.न. र मिति | योजनाको नाम | सम्झौता रकम | भुक्तानी रकम |
|---|---|---|---|
| ५५५।२०८१-०३-२५ | वडा नं ४ गोकर्ण मा.वि. भवन उपभोक्ता समिति | १५००००० | १३५०००० |
| ५८८।२०८१-०३-२३ | वडा नं ९ स्वास्थ्य चौकी भवन | २००००० | १९८००० |
| ५६१।२०८१-०३-२३ | वडा नं ७ सामुदायिक भवन निर्माण | १०००००० | ९००००० |
| ३८६।२०८१-०२-२४ | रामकृष्ण मन्दिर व्यवस्थापन संस्था | ९९०००० | ९००००० |
| ३११।२०८१-०१-३१ | कंकाली मन्दिर निर्माण उपभोक्ता समिति | ९६५९२६ | ८६८००० |
| ५५८।२०८१-०३-०२ | राम मन्दिर निर्माण उपभोक्ता समिते | २०००००० | १८००००० |
| ५५१।२०८१-०३-२३ | महाङ्काल गुठी भवन निर्माण उपभोक्ता समिति | १४५५००० | १२७७००० |
| ५६४।२०८१-०३-२३ | उत्तरवाहिनी योग भवन निर्माण उपभोक्ता समिति | ९४२००० | ८५४००० |
| **जम्मा** | | **९०५२९२६** | **८१४७०००** |

४४ **जग्गा व्यवस्थापन नभै खरिद कार्य**

गोकर्णेश्वर नगरपालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को नियम ७(३) अनुसार नग्पालिकाले निर्माण स्थलको व्यवस्था नभई निर्माण कार्यको सुरुवात गर्नु नहुने व्यवस्था छ । यसैगरी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा २७ ले नक्सा पास नगरी भवन निर्माण गर्न नहुने उल्लेख गरेको छ । कार्यालयले निम्नानुसारका कार्य गरेकोमा जग्गा प्रयोग गर्ने स्वीकृति नेपाल सरकारबाट नलिएको, लालपूर्जा र नक्सा स्वीकृति बिना भवन निर्माण गरेको छ । पालिकाले सामुदायिक भवन निर्माण गर्नुपूर्व जग्गाको स्वामित्व समुदायको नाममा भएको प्रमाण लिएर मात्र कार्य गराउनुपर्दछ । यस सम्बन्धी केही उदाहरण निम्नानुसार छन् ।

| भौ.न./ मिति | नक्सा/ पुर्जा नभएको | भुक्तानी रकम |
|---|---|---|
| ५६१।२०८१-०३-२३ | वडा नं ७ सामुदायिक भवन | १०००००० |
| ५६३।२०८१-०३-२३ | ङ्याङ्ग छ्युब छ्यौर्तन चैत्य सार्वजनिक गुम्बा | १०००००० |
| १०३९।२०८०-१०-१९(चालु) | ज्येष्ठ नागरिक तथा बालबालिका पार्क | ४७६२०० |
| ३८२।२०८१-०२-२१ | त्रिरत्न तमाङ्ग समाज सामुदायिक भवन उपभोक्ता समिति | ९९९००० |
| ३८०।२०८१-०२-२० | ओख्रेनी सामुदायिक भवन निर्माण उपभोक्ता समिति | ७००००० |
| ४५२।२०८१-०३-१२ | बनदेवी सामुदायिक भवन निर्माण उपभोक्ता समिति | ९३९००० |
| ४८८।२०८१-०३-१७ | वडा नं ९ आरुबारी सामुदायिक भवन उपभोक्ता समिति | ८९३००० |
| ६४।२०८०-०५-१३ | सामुदायिक भवन निर्माण उपभोक्ता समिति | १८४१२०० |
| **जम्मा** | | **७८,४८,४००** |

४५ **गुणस्तर परीक्षण नगरेको**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११५ मा खरिद भएका मालसामानको तोकिएको स्पेशिफिकेशन बमोजिमको गुणस्तर सुनिश्चित गरी खरिदको भुक्तानी खर्च लेख्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गत खरिद भएका ढलान कार्यमा गुणस्तर परीक्षण गरेको छैन । यसरी खर्च लेखेको सामान उपयुक्त गुणस्तरको हो होइन भन्ने आधार पुष्ट भएन । तसर्थ सामानको गुणस्तर परीक्षण गरेर मात्र खर्च लेख्नुपर्दछ । यस सम्बन्धी केही उदाहरण निम्नानुसार रहेका छन् ।

| भौ.न. र मिति | योजनाको नाम | भुक्तानी रकम |
|---|---|---|
| ३६।२०८०-०५-१२ | सुन्दरटोल सुधार समिति | ३३७२१०० |
| ४५।२०८०-०५-१२ | बस्नेत गाउँ-पिपलटार-गाम्चा सडक ढलान वडा नं ८ र ९ | १४६१८०० |
| ५८।२०८०-०५-१३ | गोकर्ण-पिप्ले महाङ्काल घट्ट बसपार्क सडक उपभोक्ता समिति | १५५६९४७ |
| ७१।२०८०-०५-१३ | सुन्ताखान मार्ग उपभोक्ता समिति | ८२२९४८ |
| १९७।२०८०-१०-१२ | वडा नं ६ सुन्दरटोल-होट्चाङ्ग सडक निर्माण | १३०३००० |
| २२१।२०८०-११-०५ | खड्कागाउँ बाटो निर्माण उपभोक्ता समिति | ४८०००० |
| २८६।२०८१-०१-१० | ब्लोनटोल देखि समूह भवन जाने बाटो उपभोक्ता समिति | ३८८००० |
| **जम्मा** | | **९३८४७९५** |

४६ **सिसिटिभी मर्मत**

सार्वजनिक खरिद ऐन, २०६३ को दफा ४(१) अनुसार सार्वजनिक निकायले मालसामानको खरिद गर्दा स्पेशिफिकेशन र खरिद विवरण वमोजिम प्राप्त भएको एकिन गर्ने, स्पेशिफिकेशन बमोजिम छ छैन भनी एकिन गर्न मालसामानको गुणस्तर र निश्चित वारेन्टी तथा मर्मत दायित्व समेत किटान गरी सम्झौता गर्नुपर्ने व्यवस्था रहेकोमा यस नगरपालिकाले सिसिटिभी मर्मत तथा सडक बत्ती मर्मत बापत निम्नानुसार भुक्तानी खर्च लेखेकोमा यी मालसामानको खरिद गर्दा नै वारेन्टी अवधि यकिन गरी मर्मत सम्भारको दायित्वमा निश्चित समयको लागि सम्बन्धित आपूर्तकलाई जिम्मेवार बनाई कार्य गराउनुपर्नेमा यो वर्ष पालिकाले सिसिटिभी लगायत अन्य मर्मत तथा जडान शिर्षकमा रु.२० लाख ३३ हजार ५६९ खर्च गरेकोमा कुन वर्ष खरिद भएको सिसिटिभी को मर्मत हो, वारेन्टी र मर्मत दायित्व कति वर्षको थियो भनी खुल्ने अभिलेख बेगर विभिन्न फर्महरुबाट सोझै पटक पटक खरिद तथा भुक्तानी गरेको छ । सिसिटिभी मर्मतमा न्यूनतम २ वर्षको मर्मत सम्भारको वारेन्टी हुनेमा आपूर्तकलाई मर्मत सम्भारमा जिम्मेवार गराएको प्रमाण पेश नभएकोले २ वर्ष भित्रको मर्मत हो होइन भन्ने यकिन हुन सकेन । खरिद मर्मत भएका सम्पूर्ण सिसिटिभिको पाम्समा दाखिला र सम्बन्धित संस्थाहरुमा हस्तान्तरण हुनुपर्दछ ।

| भौ.नं र मिति | खरिद शिर्षक | भुक्तानी रकम |
|---|---|---|
| २४१।२०८०-११-२० | वडा भित्र सिसिटिभी लगायत अन्य मर्मत वडा नं ५, टोल विकास बस्ती | ३४२४१७ |
| २४४।२०८०-१२-०१ | वडा भित्र सिसिटिभी लगायत अन्य मर्मत | १९८३५० |
| २४६।२०८०-१२-०१ | वडा भित्र सिसिटिभी लगायत अन्य मर्मत | ५९७१० |
| ४६६।२०८१-०३-१४ | वडा भित्र सिसिटिभी लगायत अन्य मर्मत वडा नं ५ | ४९८३५८ |
| १९४।२०८०-१०-०९ | वडा भित्र सिसिटिभी लगायत अन्य मर्मत वडा नं ८ | ९१५०० |
| ३०१।२०८१-०१-१४ | वडा भित्र सिसिटिभी लगायत अन्य मर्मत वडा नं ८ | ९४५३० |
| ३०६।२०८१-०१-१४ | वडा भित्र सिसिटिभी लगायत अन्य मर्मत वडा नं ८ | ४७५७६३ |
| ५४२।२०८१-०३-२२ | वडा भित्र सिसिटिभी लगायत अन्य मर्मत वडा नं ८ | ३०२९४३ |

४७ **कार्य सम्पन्न प्रतिवेदन**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२५ बमोजिम प्राविधिक कर्मचारीबाट जाँचबुझ गराई कार्य सम्पन्न तयार गरी सार्वजनिक निकायमा पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार भौचरबाट नेपाल विद्युत प्राधिकरणलाई विभिन्न कार्यको लागि स्विकृत लागत अनुमान बमोजिम रु.७,५१,०६९।९३ भुक्तानी भएकोले सो कार्य भएको कार्यसम्पन्न प्रतिवेदन पेश हुनुपर्ने रु.

| भौचर र मिती | विवरण | रकम |
|---|---|---|
| ३१६।८०।५।२७ | वडा नं २ नयाँपाटी सुन्दरीजल सडक विस्तारको लागि पोल तथा पाइप लाइन स्थानान्तरण गर्ने कार्यको | ४०६४३९.२० |
| ३१७।८०।५।२७ | वडा १ र २ को सिमनामा रहेको जम्मुतरी खोला नजिक एक थान एल.टि. पोल तथा ट्रान्सफर्मर सडक विस्तार गर्दा सडक विचमा पर्न गएकोले स्थानान्तरण | ३४४६३०.७३ |
| **जम्मा** | | **७५१०६९.९३** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,५१,०६९.९३ |

## ४८ भर्पाइ बेगरको खर्च

आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व नियमावली, २०७७ को नियम (३९) को १० मा जिम्मेवार ब्यक्तिले सरकारी रकमको खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र आवश्यक कागजात संलग्न भए नभएको तथा संलग्न कागजात भुक्तानी दिन रीत पुगे वा नपुगेको जाँच गर्नु पर्ने व्यवस्था रहेको छ। पालिकाको भौ नं २०२।२०८०।५।१९ बाट मिती २०८०।२।१९-३।८ गतेसम्म संचालित दन्त परीक्षण शिवीरमा सृजना श्रेष्ठको पेश्की फस्योँटमा १७ वटा अनुगमन भत्तामा वितरण भरपाइ बेगर रु.७२२५० खर्च लेखेको छ । तसर्थ उक्त भरपाई वेगरको भत्ताको रकम असूल गर्नु पर्ने रु

| | |
|---|---|
| असुल गर्नुपर्ने | ७२,२५० |

## ४९ स्तरवृद्धि तथा बढुवा पश्चात ग्रेड

प्रदेश निजामती सेवा ऐन, २०७९ को दफा ३०(५) मा तह वृद्धि गर्दा सम्बन्धित कर्मचारीले खाईपाई आएको तलबभन्दा घटि हुने भएमा खाइपाइ आएको तलबभन्दा घटि नहुने गरी ग्रेड मिलान गरिने व्यवस्था छ । पालिकाले निम्नानुसार कर्मचारीहरुलाई स्तरवृद्धि पश्चात ग्रेड समायोजन गरी ग्रेड भुक्तानी गर्नुपर्नेमा सो नगरी रु.३,६७,८१८।- बढि ग्रेड भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| सि.नं. | कर्मचारीको नाम | स्तरवृद्धि मिति | बढि ग्रेड | ग्रेड दर | रकम |
|---|---|---|---|---|---|
| १ | जनस्वास्थ्य अधिकृत ललिता कुमारी लामा | ०७८।८।२७ | २ | १५२८ | ४३७०० |
| २ | सिअहेव सरस्वती कार्की | ०७८।११।१० | २ | ११५८ | ३३११८ |
| ३ | जनस्वास्थ्य निरीक्षक जनबन्धु भोटे | ०७८।११।१० | २ | १४५६ | ४१६४० |
| ४ | जनस्वास्थ्य निरीक्षक नबराज बगाले | ०७८।११।१० | २ | १४५६ | ४१६४० |
| ५ | जनस्वास्थ्य निरीक्षक सरला राई | ०७८।११।१० | २ | १४५६ | ४१६४० |
| ६ | जनस्वास्थ्य निरीक्षक रुपेश घिमिरे | ०७८।१२।९ | २ | १४५६ | ४१६४० |
| ७ | जनस्वास्थ्य निरीक्षक सुन्दर खड्का | ०७८।१२।९ | २ | १४५६ | ४१६४० |
| ८ | सिअनमि चन्द्रकला राई | ०७९।९।२५ | १ | ११५८ | १६५६० |
| ९ | सिअनमि सुनिता पुलामी मगर | ०७९।६।५ | १ | ११५८ | १६५६० |
| १० | बलिन पौडेल | ०७९।८।२७ | १ | ११५८ | १६५६० |
| ११ | एलिसा बानियाँ | ०७९।८।२७ | १ | ११५८ | १६५६० |
| १२ | चिरन्जिवि पाण्डे | ०७९।८।२७ | १ | ११५८ | १६५६० |
| **जम्मा** | | | | | **३६७८१८** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३,६७,८१८ |

५० **शिक्षा तर्फ**

५०.१ **शिक्षक दरवन्दी र पदपूर्ति :** स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरूमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस पालिका अन्तर्गत १७ वटा विद्यालयमा २१६ जना शिक्षक दरबन्दी भएकोमा २१० पदपूर्ति र पदपूर्तिमध्ये ५६ जना करार/राहत शिक्षक रहेको देखिन्छ । दरवन्दी अनुसार पदपूर्ति हुनुपर्दछ । ति विद्यालयहरुमा विद्यालय तथ्याङ्क अनुसार कुल विद्यार्थी संख्या ८३०० रहेको देखिन्छ । विद्यार्थी संख्याको तुलनामा शिक्षक बढी भएको विद्यालयबाट कम शिक्षक भएको विद्यालयमा शिक्षकको दरवन्दी मिलान एंव न्यून विद्यार्थी भएको विद्यालयहरु सम्भाव्यताको आधारमा समायोजन गर्नुपर्दछ ।

५०.२ **बढि तलब :** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.१ बमोजिम स्थानीय तहले शिक्षकको तलब भत्ता निकासा गर्दा कायम भएको शिक्षक दरवन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक तर्फका अनुदानमा कार्यरत शिक्षकहरुको लागि विद्यालयहरुबाट प्राप्त माग फाराम रुजु गरी उपलब्ध गराउने तथा स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई सोही प्रतिवेदनको आधारमा निकासा उपलब्ध गराउने व्यवस्था छ । पालिकाले सहयोगि माविका निमाशि द्धितीय ज्योति भट्ट मिति ०८०।८।७ मा राजिनामा भएको अवस्थामा समेत मंसिर र पुषको रु.६३,६६५।- बढि भुक्तानी गरेकोले असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६३,६६५ |

५०.३ **बोलपत्रबाट खरिद :** सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३१ मा सार्वजनिक निकायले रु.२० लाख रुपैयाँभन्दा बढी लागत अनुमान भएको मालसामान खरिद गर्नुपर्दा खुल्ला बोलपत्रको माध्यमबाट खरिद गर्नुपर्ने व्यवस्था छ । पालिकाले १५ वटा विद्यालयको लागि २७३८० प्याड सेनिटरी प्याड खरिद गर्न दररेट माग गरेको देखिन्छ । पालिकाले रु.२० लाख भन्दा माथिको खरिद कार्य बोलपत्र मार्फत खरिद गर्नुपर्नेमा ३ वटा कोटेशन माग गरी कम दर पेश गर्ने गीताश्वीनि प्रोमेड प्रालिसंग खरिद गरी भौ.नं. २०७। ०८१।३।१४ बाट रु.२४,०९,५६०।४७ भुक्तानी गरेको छ । प्रतिस्पर्धालाई सिमित हुने गरी खरिद गरेको कार्य नियम सम्मत देखिएन ।

५०.४ **पुस्तकालय स्थापना तथा व्यवस्थापनः** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।०८१ को क्रियाकलाप नं. २.७.१३.१३ को क्रियाकलाप ९.४ मा पुस्तकालय नभएका, विगत आवमा पुस्तकालय अनुदान प्राप्त नगरेका, उच्च विद्यार्थी संख्या भएका र पुस्तकालय व्यवस्थापनका लागि आवश्यक कक्षा कोठा भएका माध्यमिक विद्यालयहरुलाई अनुदान निकासा दिने व्यवस्था छ । साथै विद्यालयहरुले खरिद ऐन नियम अनुसार सिकाई सामग्रीहरु खरिद गरेपश्चात बिल भर्पाई तथा जिन्सी दाखिला गरेको प्रमाण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. २१०।०८१।३।१४ बाट भिमदेवी आविलाई पाठ्यपुस्तक स्थापनाको लागि रु.६,५०,०००।- निकासा गरेकोमा बुक र्‍याक, अफिस टेबुल, कुर्सि, रिडिङ्ग टेबुल, प्रिन्टर, कम्प्यूटर सेट र पुस्तक खरिद गरी बिल भरपाई पेश गरेको छ । विद्यालयले पुस्तक खरिदमा खर्च गर्नुपर्नेमा प्रिन्टर तथा कम्प्यूटर समेत खरिद गरेको छ । विद्यालयले सो सामानहरुको जिन्सी दाखिला गरेको प्रमाण पेश नगरेकोले सोको प्रमाण पेश गर्नुपर्ने, साथै उक्त खर्च नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ६,५०,००० |

५०.५ **छात्रवृत्ति वितरण :** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ को क्रियाकलाप ४.२ बमोजिम विद्यालयहरुलाई IEMIS को तथ्याङ्कको आधारमा विद्यार्थीहरु संख्या एकिन गरी स्थानीय तहले आवासीय तथा गैर आवासीय छात्रवृत्ति निकासा गर्ने र निकासा प्राप्त गरेपछि विद्यालयहरुले छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थी संख्या, छात्रवृत्ति बुझेको भर्पाई र छात्रवृत्ति प्राप्त गर्ने विद्यार्थीहरुको नामनमेसी सहितको विवरण पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाले विद्यालयका छात्रा तथा दलित छात्र छात्राहरुलाई प्रति विद्यार्थी रु.४००।- का दरले भौ.नं. १६३।०८१।२।२८ बाट रु.११,११,६००।- छात्रवृत्ति निकासा गरेकोमा निम्नानुसार विद्यालयहरुले भर्पाई पेश नगरेकोले सो पेश गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | निकासा रकम |
|---|---|---|
| १ | तारेभिर आवि | १८४०० |
| २ | देवी बालसुधार मावि | ४६४०० |
| ३ | सुन्ताखान मावि | १०२००० |
| ४ | सहयोगि मावि | १००८०० |
| ५ | गोकर्ण मावि | १०२००० |
| ६ | खगेन्द्र नवजिवन मावि | ८६४०० |
| ७ | चामुण्डा मावि | २३०००० |
| ८ | राम जानकी आवि | २४८०० |
| ९ | इश्वरी आवि | १८००० |
| १० | बाघद्धार आवि | ६८०० |
| **जम्मा** | | **७३५६००** |

त्यसै गरी निम्नानुसार विद्यालयहरुलाई निकासा गरेको भन्दा रु.६,८००।- कम भर्पाई पेश गरेकोले असुल गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | निकासा रकम | भर्पाई | बढि रकम |
|---|---|---|---|---|
| १ | ओख्रेनि मावि | ५२८०० | ५०००० | २८०० |
| २ | ग्राम सुधार आवि | ४६४०० | ४२८०० | ४००० |
| **जम्मा** | | **९९२००** | **९२८००** | **६८००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७,४२,४०० |

५०.६ अपाङ्ग छात्रवृत्ति : शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. ७.२.१.१ को क्रियाकलाप ४.१ बमोजिम IEMIS को तथ्याङ्कको आधारमा विद्यार्थीहरुको संख्या यकिन गरी अपाङ्ग भएका विद्यार्थिहरुका लागि प्रति विद्यार्थि वार्षिक रु. ४० हजार निकासा गर्नुपर्ने व्यवस्था छ । साथै अपाङ्ग भएका बालबालिकाहरुको अध्ययन अवसरमा अभिवृद्धि र सिकाईमा गुणस्तर कायम गर्नका लागि आवासिय शैक्षिक सेवा, सहयोगि सहायता सेवा, यातायात सेवा र शैक्षिक सामाग्री एवंम प्रोत्साहन गरी चार प्रकारका छात्रवृत्तिको व्यवस्था गरेको छ र सोही बमोजिम खर्च गर्न सक्ने व्यवस्था छ । पालिकाले यस वर्ष भौ.नं. १६३।०८१।२।२८ बाट खगेन्द्र नवजिवन माविलाई रु.४०,०००।- का दरले ८९ जना विद्यार्थिहरुलाई रु.३५,६०,०००।- आवासिय अपाङ्गता छात्रवृत्ति निकासा गरेको देखिन्छ । इमिसको डाटा अनुसार विद्यालयमा ८४ जना विद्यार्थि रहेको देखिन्छ । साथै विद्यालयले पेश गरेको प्रमाण कागजात अनुसार ७७ जना विद्यार्थि रहेको देखिन्छ । पालिकाले विद्यार्थि संख्या भन्दा १२ जनाको बढि निकासा गरेको रु.४,८०,०००।- असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४,८०,००० |

५०.७ **बढि ग्रेड भुक्तानी :** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वयन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.१ बमोजिम स्थानीय तहले शिक्षकको तलब भत्ता निकासा गर्दा कायम भएको शिक्षक दरवन्दी, शिक्षक अनुदान कोटा, प्राविधिक तर्फका अनुदानमा कार्यरत शिक्षकहरुको लागि विद्यालयहरुबाट प्राप्त माग फाराम रुजु गरी उपलब्ध गराउने तथा स्थायी शिक्षकहरुको तलबी प्रतिवेदन शिक्षा विकास तथा समन्वय इकाई मार्फत विद्यालय शिक्षक किताबखानाबाट पारित गराई सोही प्रतिवेदनको आधारमा

निकासा उपलब्ध गराउने व्यवस्था छ । पालिकाले निम्नानुसार विद्यालयका शिक्षकहरुलाई रु.३९,७८७।- बढि ग्रेड भुक्तानी गरेकोले असुल गरी संघीय संचित कोष दाखिला गर्नुपर्ने रु.

| **सि.नं.** | **विद्यालयको नाम** | **शिक्षकको नाम** | **पाउने ग्रेड** | **भुक्तानी** | **रकम** | **कैफियत** |
|---|---|---|---|---|---|---|
| १ | अरुणोदय मावि | मावि द्धित्तिय नर बहादुर गुरुङ्ग | ६ | ७ | २३२३७ | १ ग्रेड बढि |
| | | निमावि तृतिय विनिता नेपाल | ५ | ६ | १६५५० | नियुक्ति २०७४।३।२८ |
| **जम्मा** | | | | | **३९७८७** | |

| असुल गर्नुपर्ने | ३९,७८७ |
|---|---|

५०.८ **सेनिटरी प्याड खरिद :** सेनिटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम विद्यालयहरुले छात्राहरुको संख्या एकिन गरी आवश्यक पर्ने सेनिटरी प्याड शिक्षा शाखा मार्फत माग गर्ने र शिक्षा शाखाले स्थानीय तहमा भएको शैक्षिक व्यवस्थापन सुचना प्रणालीको तथ्यांकसंग भिडान गरी विद्यालयलाई आवश्यक हुने संख्यामा सेनिटरी प्याड उपलब्ध गराउनुपर्ने र विद्यालयले प्राप्त गरेको सेनिटरी प्याडको अभिलेख जिन्सी खातामा व्यवस्थित रुपले राख्नुपर्ने व्यवस्था छ । पालिकाले यस वर्ष सामुदायिक विद्यालयको कक्षा ६ देखि १२ सम्मका छात्राहरुका लागि भौ.नं. २०७।०८१।३।१४ बाट २७३८० प्याकेट सेनिटरी प्याड खरिद गरी गीताश्वीनि प्रोमेड प्रालिलाई रु.२४,०९,५६०।४७ भुक्तानी गरेको देखिन्छ । पालिकाले सेनिटरी प्याडको जेस्ट ल्याबोटरिज एण्ड रिसर्च सेन्टरबाट गुणस्तर परीक्षण गरी प्रतिवेदन पेश गरेको छ । खरिद गरिएका सेनिटरी प्याड १५ वटा सामुदायिक विद्यालयहरुलाई हस्तान्तरण गरेको देखिन्छ । आर्थिक वर्षको सुरुमै खरिद गरी विद्यालयको मागको आधारमा वितरणको व्यवस्था मिलाउनुपर्नेमा अन्तिम त्रैमासिकमा खरिद गरेको पाइयो । पालिकाले सेनिटरी प्याडको सुरक्षित भण्डारण गरी विद्यालयको माग बमोजिम निकासा दिने, वितरणको अभिलेख राखे नराखेको सम्बन्धमा अनुगमन गर्ने र वर्षान्तमा रहेको मौज्दातको आधारमा नै आगामी आर्थिक वर्षको लागि आवश्यक परिमाणको यकिन गरी खरिद गर्नुपर्ने व्यवस्था मिलाउनुपर्दछ ।

५०.९ **दिवा खाजा :** शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयबाट स्वीकृत कार्यक्रम कार्यान्वियन पुस्तिका २०८०।८१ को क्रियाकलाप नं. २.७.११.१ मा स्थानीय तहले सामुदायिक विद्यालयको प्रारम्भिक बालबिकास कक्षा देखि कक्षा ५ सम्ममा अध्यनरत विद्यार्थीहरुको लागि विद्यालयमा उपस्थिति हाजिरीको आधारमा प्रति विद्यार्थी रु.१५।- को दरले १८० दिनको लागि त्रैमासिक रुपमा दिवा खाजाको रकम निकासा दिने व्यवस्था छ । पालिकाले विद्यार्थीहरुको उपस्थिति हाजिरी विद्यालयका प्रधानाध्यापक र विव्यस अध्यक्षबाट प्रमाणित गराई स्थानीय तहमा संकलन गरी संख्या यकिन भएपश्चात मात्र त्रैमासिक रुपमा निकासा गर्नुपर्नेमा विद्यालयहरुले पेश गरेको विद्यार्थिको उपस्थितिको विवरणको आधारमा विभिन्न भौ.नं.बाट १६ वटा सामुदायिक विद्यालयको खातामा रु.९२,३८,४५५।- निकासा गरेको छ । दिवा खाजा खर्च लेख्दा विद्यालयहरुको अनुगमन नगरी खर्च लेखेकोले अनुगमन गरी विद्यार्थीहरुको उपस्थिति हाजिरी पुस्तिकाको आधारमा निकासा हुनुपर्दछ ।

त्यसै गरी पालिकाले १८० दिनको भुक्तानी गर्नुपर्नेमा निम्नानुसार विद्यालयहरुलाई रु.१५,०२,४००।- बढि भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| सि.नं. | विद्यालयको नाम | विद्यार्थि संख्या | भुक्तानी दिन | बढि दिन | रकम |
|---|---|---|---|---|---|
| १ | तारेभिर आवि | ५९ | २१५ | ३५ | ३०९७५ |
| २ | देवी बालसुधार मावि | १३५ | २२१ | ४१ | ८३०२५ |
| ३ | सुन्ताखान मावि | १८५ | १९८ | १८ | ४९९५० |
| ४ | ग्राम सुधार आवि | १४७ | २१४ | ३४ | ७४९७० |
| ५ | सहयोगि मावि | २८५ | २१० | ३० | १२८२५० |
| ६ | गोकर्ण मावि | ३४५ | २०३ | २३ | ११९०२५ |
| ७ | खगेन्द्र नवजिवन मावि | २३५ | २०० | २० | ७०५०० |
| ८ | चामुण्डा मावि | ६६५ | २११ | ३१ | ३०९२२५ |
| ९ | अरुणोदय मावि | ४८८ | २११ | ३१ | २२६९२० |
| १० | भिमदेव आवि | १३५ | २१२ | ३२ | ६४८०० |
| ११ | राम जानकी आवि | १२१ | २११ | ३१ | ५६२६५ |
| १२ | बालसुधार मावि | २४५ | २२० | ४० | १४७००० |
| १३ | इश्वरी आवि | ५७ | २०७ | २७ | २३०८५ |
| १४ | बाघद्धार आवि | २९ | २२५ | ४५ | १९५७५ |
| १५ | सुन्दरीजल आवि | ३१ | २१४ | ३४ | १५८१० |
| १६ | ओख्रेनी मावि | १३५ | २२१ | ४१ | ८३०२५ |
| **जम्मा** | | | | | **१५०२४००** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १५,०२,४०० |

५१ **प्रतिष्ठानलाई अनुदान**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०६४ को नियम ३९(८) मा स्वीकृत कार्यक्रम अनुसार संचालित तालिम, कार्यक्रम, गोष्ठी सम्पन्न भए पश्चात बिल भर्पाई सहित कार्यक्रमबाट लाभान्भित व्यक्तिको संख्या र उपस्थिति समेत समावेश गरी प्रतिवेदन तयार गरी अधिकारी प्राप्त अधिकारीबाट स्वीकृत गरी पेश गर्नुपर्ने व्यवस्था छ । पालिकाको बार्षिक स्विकृत कार्यक्रम अनुसार निम्नानुसारका निकायलाई संचालन एवं व्यवस्थापन अनुदान निकासा दिएकोमा बिल भर्पाई पेश भएतापनि कार्य सम्पन्न तथा प्रगति प्रतिवेदन पेश नभएकोले सो पेश गर्नुपर्ने रु.

| क्र.स. | अनुदान प्राप्त गर्ने निकाय | रकम |
|---|---|---|
| १. | स्वास्थ्य समाज नेपाल | ५००००० |
| २. | जोरपाटी लायन्स क्लब | ५००००० |
| ३. | गोकर्णेश्वर महादेव मन्दिर | १०००००० |
| ४. | कान्ति भैरव गुरुकुल विध्यालय | ५००००० |
| ५. | राष्ट्रीय शहिद पार्क | ४८०००० |
| ६. | ग्रिन आर्मि नेपाल | ८००००० |
| जम्मा | | ३७८०००० |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३७,८०,००० |

५२ **खरिद योजना/गुरुयोजना**

सार्वजनिक खरिद ऐन, २०६३ मा सार्वजनिक निकायले तोकेको सीमाभन्दा बढी रकमको खरिद गर्दा तोकिए बमोजिमको खरिद गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्ने व्यवस्था छ । यस्तै सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ७ ले वार्षिक १० करोडभन्दा बढीको खरिद गर्दा गुरुयोजना तयार गर्नुपर्ने र नियम ८ ले वार्षिक १० लाखभन्दा बढीको खरिद गर्दा वार्षिक खारिद योजना बनाउनुपर्ने व्यवस्था छ । यस पालिकाले विभिन्न शीर्षक अन्तर्गत वार्षिक रु.४१,९४,२४,१७५।- पूँजीगत खर्च/खरिद निर्माण कार्य गरेको छ । तर पालिकाले आफ्नो खरिद नियमावली नबनाएको अवस्थामा उक्त ऐन, नियम बमोजिम वार्षिक खरिद योजना र गुरुयोजना नबनाई खरिद कार्य गरेको देखियो । अतः पालिकाले उक्त नियमावली बमोजिम खरिद योजना/गुरुयोजना बनाई व्यवस्थित र प्रभावकारी हुने गरी खरिद कार्य गर्नुपर्दछ ।

५३ **म्याद थप**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १२० मा खरिद संझौता बमोजिमको काम संझौताको अवधिभित्र पूरा गर्न नसकेमा निर्माण व्यवसायीले सम्बन्धित सार्वजनिक निकायमा निवेदन दिनुपर्ने र कार्यालयले सो निवेदन उपर आवश्यक जाँचबुझ गरी गराई कारण उचित लागेमा म्याद थप गर्न सक्ने प्रावधान छ । म्याद थप गर्नुअघि सम्बन्धित निर्माण व्यवसायीले समयमा नै काम सम्पन्न गर्न भरमग्दुर प्रयास गरे नगरेको, काबु बाहिरको परिस्थिति भए नभएको, कार्यालयले उपलब्ध गराउनु पर्ने कुराहरु उपलब्ध गराए नगराएको जस्ता कुराहरुको विश्लेषण गरेर मात्र खरिद संझौताको म्याद थप गर्नुपर्ने कुरा पनि सोही नियममा उल्लेख छ । कार्यालयले म्याद थप गर्नु अगाडि यी कुराहरुको बारेमा विश्लेषण गरी एक पटक म्याद थप गरेपछि पटक पटक एउटै कारण देखाई म्याद थप गर्ने गरेको देखियो । निर्माण व्यवसायीले म्याद थपको निवेदन दिँदा थपिएको समयमा काम सम्पन्न गर्न सक्ने उल्लेख गरेको अवस्थामा पनि पुन: सोही व्यहोरा दोहोरिने गरेको छ । तर निर्माण व्यवसायीले काममा कुनै प्रगति नगरेको अवस्थामा पनि नियम १२१ अनुसार पूर्व निर्धारित क्षतिपूर्ति नलिई म्याद थप गर्नाले निर्माण व्यवसायीले काम सम्पन्न गर्न चासो दिने गरेको देखिएन । तसर्थ कार्यालयले संझौता अनुसारको काम समयमा नै सम्पन्न गर्न निर्माण व्यवसायीलाई जिम्मेवार बनाउनु पर्ने देखिन्छ । कार्यालयले उपलब्ध गराएको विवरण अनुसार म्याद थप सम्वन्धी विवरण निम्नानुसार छ ।

| ठेक्का नं | ठेक्काको विवरण | सम्झौता मिति | सम्झौतारकम | सम्पन्नगर्नुपर्ने मिति | हाल सम्मको भुक्तानी | म्याद थप अबधि | सुरु अबधिको म्याद थप प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| GOMUN/NCB/078-79/03 | वडा नं. ४ को पाटी दोबाटो बैगुफाँट ढोकाभन्ज्याङ् पङ्चायन मन्दिर | ०७८।१०।४ | १००८२४९६.५१ | ०८१।३।३०(म्याद थप सहित) | ९९३९६३०.४६ | ६ | २०.७० |
| GOMUN/NCB/078-79/07 | गोकर्णेश्वर नगरपालिका वार्ड नं.४ को वडा कार्यालयभवनको थप तल्ला निर्माण | ०७९।१।६ | ११०१४१६८.६० | ०८०।१।६ | ५४०८२४६.९५ | ३ | २५ |
| GOMUN/NCB/W/079-80/02 | गो.न.पा. अन्तर्गत वडा नं १ को गराडोल क्षेत्रमा खेलकुद मैदाननिर्माण | ०७९।८।१९ | ४२१०४५२७.९७ | ०८०।३।३० | ३३७५५८५६.८६ | १२ | ३०० |
| GOMUN/NCB/W/080-81/01 | गो.न.पा. अन्तर्गत वडा नं १२ र ३ मा खानेपानी आयोजना | ०८१।१।२१ | २२६९०६८७.३२ | ०८२।३।२० | ५८९४७९०.८५ | १२ | ६०० |

## ५४ औजार खर्च

कामका लागि पारिश्रमिकमा आधारित सामुदायिक आयोजना (संचलान तथा व्यवस्थापन) कार्यविधि, २०७७ को दफा ४ मा स्थानीय तहले यस कार्यक्रमको लागि आयोजना तर्जुमा गर्दा श्रममुलक सामुदायिक आयोजनालाई प्राथमिकता दिनुपर्ने व्यवस्था छ । साथै श्रमिक मार्फत काम गरी ज्याला मात्र भुक्तानी गर्ने गरी काम गराउनु पर्दछ । पालिकाले निम्नानुसार भौ.नं. बाट विभिन्न योजनाहरु संचालन गरेकोमा सो योजनामा प्रयोग हुने सामानको लागि दर विश्लेषणमा रकम समावेश गरेकोमा समेत पुन प्रयोग हुने सामान वापतको रु.३२,९३९।- भुक्तानी गरेको छ । दोहोरो भुक्तानी भएको सो रकम असुल गर्नुपर्ने रु.

| भौ.नं. र मिति | योजनाको नाम | भुक्तानी रकम | सामानको मूल्य | दर विश्लेषणमा समावेश भएको रकम ३ प्रतिशत |
|---|---|---|---|---|
| १४३।०८१।२।६ | धड्फेदीसम्मको बाटो लगायत सरसफाई | १११६०० | १४६०० | ३१२६ |
| २२९।०८१।३।२० | भिमदेव ज्यामिरे ग्रामिन चक्रपथ सडक सरसफाई | २०४४८० | १४३०० | ६०२० |
| १४८।०८१।२।२० | बैगला बनगाउँ ड्रेन मर्मत तथा सरसफाई | १४६८८० | १३०५० | ५२८५ |
| १५०।०८१।२।२० | मुल सडक ड्रेन मर्मत तथा सरसफाई | १५३३६० | १४६०० | २९०८ |
| १५३।०८१।२।२१ | हनुमानचोक चन्द्रामति खोला सरसफाई | १५८४०० | २४२५० | ४३७५ |
| २३८।०८१।३।२० | नयाँपाटि देखि सुन्दरीजल बसपार्क बाटो सरसफाई | ४३२००० | १७१०० | ९२१० |
| १९४।०८१।३।१० | वडाभित्रका मन्दिरहरु सरसफाई | ९०७६९.५० | ८००० | २०१५ |
| **जम्मा** | | | **१०५९००** | **३२९३९** |

| असुल गर्नुपर्ने | ३२,९३९ |
|---|---|

५५ **सेल्फ मेकप तालिम**

अर्थ मन्त्रालयबाट स्वीकृत भई जारी भएको कार्य संचालन निर्देशिका, २०७७ को बुंदा नं. ७.१.१५ बमोजिम सार्वजनिक निकायले संचालन गर्ने तालिम, गोष्ठि, सेमिनार तथा कार्यशालामा एउटा कक्षाको अवधि १ घण्टा ३० मिनेटको हुनुपर्ने व्यवस्था छ । साथै बागमती प्रदेश सरकारबाट जारी प्रदेश सार्वजनिक खर्चको मापदण्ड, २०७८, दफा ११ अनुसुची १ बमोजिम सार्बजनिक निकायले संचालन गर्ने तालिम, गोष्ठि, सेमिनार तथा कार्यशालामा एउटा कक्षाको अवधि १ घण्टा ३० मिनेटको हुनुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं. १७३।८०।५।१८ बाट मिति २०८०।२।२१ देखी २।२७ सम्म संचालित सेल्फ मेकअप तालिम संचालन गर्दा २८ सेसनको रु.४४,८००।- भुक्तानी गर्नुपर्नेमा ३० सेसनको रु.४०,८००।-(कर बाहेक) बढी भुक्तानी भएकोले असूल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ४०,८०० |

५६ **अन्य निकायको खर्च**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा १९ मा आफ्नो कार्यालय तथा मातहत कार्यालयका लागि स्वीकृत अख्तियारी र निकासाको परिधिमा रही वार्षिक कार्यक्रम संचालन गर्नुपर्ने व्यवस्था छ । पालिकाले देहायको भौचरबाट स्वीकृत अख्तियारी र निकासा बाहिर गई खर्च लेखेको नियमसम्मत नदेखिएको रु.

| **भौचर नं र मिति** | **कार्यालयको नाम** | **विवरण** | **भुक्तानी रकम** |
|---|---|---|---|
| २७८८।८१।३।२३ | शिवपुरी राष्ट्रिय निकुन्ज | टि.भि र्याक, पर्दा, वेसिन | १९७६६५ |
| २७२२।८१।३।२३ | मालपोत कार्यालय साखु | कार्यालय सामान तथा फर्निचर | २७०६८० |
| २९३।८०।६।२३ | मालपोत कार्यालय चावहिल | कार्यालय सामाग्री | ५७०६५० |
| २५७४।८१।३।१९ | नापि कार्यालय चाहविल | वडा नं २ को हाल साविकको लागि | ४०००५४६ |
| २५९६।८१।३।२१ | ट्राफिक प्रहरी वृत बौद्ध | ट्राफिक व्यवस्थापन सम्बन्धि सामाग्री | ९९८६६० |
| जम्मा | | | ६०३८२०१ |

| | |
|---|---|
| अनियमित भएको | ६०,३८,२०१ |

५७ **स्वास्थ्य बीमा कार्यक्रम**

स्वास्थ्य बिमा नियमावली, २०७५ मा नेपाल सरकार, प्रदेश सरकार र स्थानिय तहले प्रचलित कानुन बमोजिम अति गरिबको परीचयपत्र प्राप्त, अशक्त, अपाङ्ग, जटिल प्रकृतिका बिरामीलाई र ७० बर्ष पुगेका जेष्ठ नागरिकलाई योगदान रकमको सत प्रतिशत, महिला स्वास्थ्य स्वयंसेविका संलग्न परिवारलाई योगदान रकमको ५० प्रतिशत दिन सक्ने व्यवस्था छ । पालिकाले स्थायी नागरिकता, बसाईसराई, भोट कार्ड र कर्मचारी/स्वास्थ्यकर्मी गरी ५५१८ परिवारका २२९८३ जनाको स्वास्थ्य बीमा वापत रु.१,९७,४८,७००।- खर्च गरेको छ । जुन आन्तरिक आय रु.२७,७६,५२,३०५.८५ को ७.११ प्रतिशत हुन्छ । पालिकाले आर्थिक अवस्था कमजोर भएका व्यक्ति यकिन गरी स्वास्थ्य बिमा गर्नुपर्नेमा पालिका भित्र बसोबास गर्ने सम्पुर्ण व्यक्तिको स्वास्थ्य बीमा गरी खर्च गरेकोले आन्तरिक आय तथा दिगोपनालाई मध्यनजर गर्दे यस्तो खर्चमा नियन्त्रण गर्नुपर्दछ ।

५८ **उद्यम विकास सहजकर्ता**

गरिबि निवारणका लागि लघु उद्यम विकास कार्यक्रम सञ्चालन निर्देशिका, २०७७ दफा ५(३) मा सहजकर्ता छनौट गर्दा साठी जनासम्म नयाँ लघु उद्यमि सिर्जना गर्नका लागि १ जना, साठि जना भन्दा बढि एक सय पच्चीस जनासम्म नयाँ लघु उद्यमी सिर्जना गर्नका लागि २ जना सहजकर्ता नियुक्ति गर्न सक्ने व्यवस्था छ । साथै अनुसुचि २ तालिका नं १ मा कुल बजेटमा वि भिन्न शिर्षकमा खर्च गर्न सक्ने प्रतिशतको दायरा उल्लेख गरेको छ र उद्यम विकास सहजकर्ता परिचालनका लागि २४ देखि ३३ प्रतिशत खर्च गर्नुपर्ने व्यवस्था छ । पालिकालाई यो वर्ष लघु उद्यमतर्फ शसर्त अनुदान रु.१२ लाख प्राप्त भएको देखिन्छ । पालिकाले यो वर्ष नयाँ लघु उद्यमी सिर्जना गर्नका लागि कार्यक्रम संचालन गरेको देखिएन । पालिकाले २ जना उद्यम विकास सहजकर्ता नियुक्ति गरी मासिक

रु.३२,९०२।- का दरले वार्षिक रु.८,७५,४५२।- तलबमा खर्च गरेको छ । बजेटको तुलनामा ७२.९५ प्रतिशत तलबमा खर्च गरेको देखिन्छ । पालिकाले यस वर्ष प्रविधि हस्तान्तरण कार्यक्रम मात्र संचालन गरेको देखिन्छ । बजेटको ३३ प्रतिशतसम्म तलबमा खर्च गर्न सक्नेमा ७२.९५ प्रतिशत खर्च गर्नु अनियमित देखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ८,७५,४५२ |

५९ **न्यानो झोला कार्यक्रम**

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयबाट जारी गरेको आर्थिक वर्ष २०७९।८० मा सशर्त अनुदान तर्फ स्थानीय तहबाट सञ्चालन गरिने कार्यक्रमहरुको मार्गदर्शनमा प्रसुतिका आधारमा अनुमान गरी न्यानो झोलाको लागि अस्पतालहरुले सार्वजनिक खरिद ऐन र नियमावली अनुसार तोकिएको स्पेशिफिकेशन अनुसार खरिद गरी सो अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट गुणस्तर परीक्षण गर्नुपर्ने व्यवस्था छ । यस पालिका अन्तर्गतका १ वटा बर्थिङ सेन्टरमा गत वर्षबाट १०६ थान न्यानो झोला बाँकी रहेको र यस वर्ष १०० थान न्यानो झोला खरिद गरी रु.१,१४,६९५।- खर्च गरेको छ । गत वर्ष १०६ थान र यस वर्ष ६० थान वितरण गरी ४० थान न्यानो झोला बाँकी रहेको देखिन्छ । गत वर्ष २०७९।८० मा १०६ जना र यस वर्ष ६० जना गरी १६६ जना मात्र प्रसुति भएको अभिलेखबाट देखिन्छ । खरिद भएका त्यस्ता झोलाहरु तोकिएको स्पेशिफिकेशन अनुसार गुणस्तर भए नभएको आधिकारिक तहबाट परीक्षण गरेको देखिएन । तसर्थ माग र आवश्यकताको वस्तुनिष्ठ आङ्कलन गरी गुणस्तरीय झोला खरिद गर्नुपर्दछ । वर्षौं अघि खरिद भएका त्यस्ता न्यानो झोला लामो समय भण्डारण गर्दा सोको गुणस्तरमा ह्रास आउने हुनाले त्यसतर्फ समेत पालिकाले ध्यान दिनुपर्दछ ।

६० **सामाजिक सुरक्षा भत्ता नविकरण सम्बन्धि भत्ता**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(५) मा सरकारी रकम खर्च गर्दा त्यस्तो खर्च पुष्टि गर्ने बिल, भर्पाई, प्रमाण र कागजात संलग्न हुनुपर्ने व्यवस्था छ । पालिकाले भौचर नं २६९२।८१।३।२३ बाट सामाजिक सुरक्षा नविकरण तथा Bio Metric जडान तथा प्रयोगात्मक कार्यक्रम अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीको भत्ता नविकरण प्रक्रिया बिषयमा छलफल तथा प्रयोगात्मक कार्यको बैठकमा भर्पाई बेगर निम्नानुसार कर्मचारीहरुलाई रु.१०,२००।- भुक्तानी गरेकोले प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु

| **कर्मचारीको नाम** | **रकम** |
|---|---|
| गणेश प्रसाद आचार्य | ६८०० |
| जयराम महत | ८५० |
| नारायण ब. सुवेदी | ८५० |
| नवराज लामा | ८५० |
| केशब गुरुङ | ८५० |
| **जम्मा** | **१०२००** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १०,२०० |

६१ **अतिरिक्त समय भत्ता**

अर्थ मन्त्रालयको कार्यसञ्चालन निर्देशिका २०७७, ७.१.४ खाजा/खाना खर्च सम्बन्धमा सम्बन्धित मन्त्रालयहरूबाट निर्णय भई आएपछि प्रचलनमा रहेका स्वीकृत मापदण्ड (नर्म्स) को आधारमा आवश्यकता र औचित्य हेरी अर्थ मन्त्रालयले यस्तो स्वीकृति दिन सक्नेछ । यसरी स्वीकृति दिनुअघि समयमा गरिने काम र सोबाट प्राप्त हुने नतिजा लेखा उत्तरदायी अधिकृतबाट प्रमाणित गराइएको हुनु पर्नेछ। नियमित काम बाहेक विशेष कामको लागि दैनिक २ घण्टा भन्दा बढी अतिरिक्त समय काम गर्ने कर्मचारीलाई खाजा/खाना खर्च बापत रू.३००।-दिने सार्वजनिक विदाको दिन काम गरे बापत खाजा/खाना खर्चको लागि रू.६००।- उपलब्ध गराइनेछ । खाजा/खाना खर्च प्रदान गर्ने प्रयोजनका लागि विद्युतीय हाजिर प्रणाली अनिवार्य रुपमा लागु भएको हुन पर्ने व्यवस्था छ। अतिरिक्त समय काम गरेको भुक्तानी गर्दा अपेक्षित नतिजा स्वीकृति नगराएको, नियमित कार्य बाहेक विशेष कार्य भन्ने प्रष्ट नभएको, कार्यसम्पादन सुचक तयारि

र स्विकृति गरी सो सुचकसँग आवद्धीकरण नगरेको विद्युतिय हाजिरमा अतिरिक्त समयमा काम गरेको देखिने प्रमाण पेश नगरी पालिकाका २९ जना कर्मचारीका लागि रु.२० लाख ५८ हजार ९६६ खर्च लेखी व्ययभार परेको छ । यसरी खर्च गरेको खर्चको उपादेयता पुष्टि हुने आधार देखिएन । तसर्थ निर्देशिका अनुसार कार्य सम्पादन सुचक लगायतका मापदण्ड तयार गरी खर्च गर्नुपर्दछ ।

६२ **बिल भर्पाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धी व्यहोरा निम्नानुसार छन् ।

६२.१

( ✂ ..... कार्यालयले बेरुजु फस्र्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१५** को निर्णयले रू **२२,७००** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| असुल गर्नुपर्ने | ० |

६२.२ भौ.नं. १४०९।०८०।१२।४ बाट राष्ट्रपति रनिङ शिल्ड प्रतियोगिता मिति २०८०।०८।२७ देखि २०८०।०९।०२ सम्म सञ्चालन गरी छनौट भएका खेलाडीहरुलाई जिल्ला स्तरिय राष्ट्रपति रनिङ शिल्ड प्रतियोगितामा सहभागि गराई कार्यक्रम सम्पन्न भए पश्चात रु.५,००,०००।- भुक्तानी भएकोमा उक्त कार्यक्रमको प्रतिवेदन पेश नभएकोले सो पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,००,००० |

६२.३ भौ.नं.१६११।०८०।१२।१९ बाट फोहोरमैला व्यवस्थापनका लागि जनचेतनामुलक तथा सरसफाई कार्यक्रम सम्पन्न भएपश्चात पेश भए बमोजिमको बिल भरपाई अनुसार सुदिप हमाललाई रु.७३,०००।- भुक्तानी भएकोमा उक्त कार्यक्रम भएको स्थान, मिति, फोटोहरु र कार्यक्रमको प्रतिवेदन संलग्न नभएकोले सो पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ७३,००० |

६२.४ भौ.नं.१६८९।०८१।१।३ बाट वडा नं ८ मा सामाजिक विकास कार्यक्रम अन्तर्गत विभिन्न खेलकुद प्रतियोगिता तथा सामाग्री वितरण कार्यक्रम सम्पन्न गरी वडाको सिफारिस बमोजिम सुदिप हमाललाई रु.२,००,०००।- भुक्तानी भएकोमा खेलकुद समाग्री वितरणको माइन्युट संलग्न नभएको, कार्यक्रम स्थान, मिति र समय उल्लेख नभएकोले सो खुलाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

६२.५ पालिकाले भौ.नं. ११८/०८०/०५/१८ बाट नगर प्रमुख विशेष रोजगारमूलक तालिम अन्तर्गत ड्राइभिङ क्षेत्रमा रोजगारी प्रदान गर्ने उदेश्यले २० जनालाई तोकिएको लक्षित वर्गहरुलाई तालिम प्रदान गर्ने कार्यपालिकाको निर्णय अनुसार २०७८/१२/०१ मा सुचना प्रकाशित भएकोमा सुचि छनौट प्रक्रिया र छनोट भएकाहरुको नामावलि प्रकाशित गरी कार्यक्रम गर्नुपर्नेमा सो भएको नपाईएकाले नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | ३,६१,००० |

६२.६ २३९/०८०/०५/१९ बाट गो.न.पा. वडा नं१ सुन्दरीदेवी कृषि तथा पशुपंक्षि समूहलाई प्रधान्मन्त्री कृषि आधुनिकिकरण परियोजना नयाँ आलु पकेट कार्यक्रम अन्तर्गत ५० प्रतिशत अनुदानमा रु.५,९४,८८०।- भुक्तानी भएकोमा उक्त फर्मले पेश गरेको गौरी आलुप्याज भण्डारको बिल नं ३५० को दुइवटा बिल पेश भएको र मिति समेत नरहेकोले सोलाई पुष्टि गर्ने प्रमाण पेश गर्नुपर्ने अन्यथा असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५,९४,८८० |

६२.७ १७३/०८०/०५/१८ बाट नगरपालिकाको बार्षिक स्विकृत कार्यक्र अन्तर्गत वडा नं ६ कार्यालयले सात दिने सेल्फ मेकअप ट्रेडिङ्ग कार्यक्रमका लागि मिति २०८०/०२/११ मा सुचना प्रकाशन गरी २५ जना महिलालाई तालिम दिएको भनी कार्यक्रम सम्पन्न गरी रु.३,६१,०००।- भुक्तानीका लागी पेश भएकोमा सहभागीहरुको छनोटको आधार खुल्ने प्रमाण पेश नभएकाले सोलाई पुष्टि गर्ने प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ३,६१,००० |

६२.८ १७७/०८०/०५/१८ बाट गो.न.पा. वडा नं६ कार्यालयले जनप्रतिनिधि तथा कर्मचारीहरुका लागि राजश्व संकलन तथा तनाब ब्यवस्थापन सम्बन्धि अभिमुखिकरण कार्यक्रम सम्पन्न भएको भनी वडा नं ६ वडा सचिव चन्द्रप्रभा लाई रु.२,००,०००। भुक्तानी भएकोमा कार्यक्रमको फोटो, समापनको माइन्युट, प्रशिक्षकहरुको विवरण नरहेकाले सोको प्रमाण पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

६२.९ ( ✂ ..... कार्यालयले बेरुजु फर्स्यौट गरी पेश गरेको मनासिब देखिएकोले मिति **२०८२-१-१३** को निर्णयले रू **१४४,३१०** सम्परीक्षण गरी लगत कट्टी गरिएको ।)

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ० |

६२.१०भौ.नं.१६१५।०८०।१२।१९ बाट गोरक्ष स्पोर्टिङ क्लब र नगरपालिका बिच सम्झौता भई गोरक्ष कप २०८० सञ्चालन गरी कार्यक्रम सम्पन्न भएको भनी रु.२,००,०००।- भुक्तानी भएकोमा पेश भएका खेलाडीहरुको विवरण, हाजिरि, खेल कार्यक्रमको समय, स्थान र मिति उल्लेख हुनुपर्नेमा सो नभएकाले सो खुलाई पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,००,००० |

६२.११भौ.नं.१९९३।०८।२।१८ बाट श्री नव युवा नेवा संघलाई २०८१ सालको गणतन्त्र दिवशका दिन धिमेबाजा सहित ४० जना सहभागिहरुलाई प्रति व्यक्ति रु.१,०००।- का दरले रु.४०,०००।- भुक्तानी भएकोमा रकम बुझेको भरपाई संलग्न नभएकोले सो पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४०,००० |

६३ **अमानत**

गोकर्णेश्वर नग्पालिकाको सार्वजनिक खरिद नियमावली, २०७६ को दफा १०८ मा अमानतबाट काम गर्न खर्च गर्ने अधिकारप्राप्त अधिकारीले आफुभन्दा एकतह माथिको स्वीकृत लिएर गर्न सक्ने व्यवस्था छ । यस वर्ष पालिकाले निम्नानुसारको कार्यहरु अमानतको माध्यमबाट पटक पटक सम्पन्न गरी रु. २७७२४१९ भुक्तानी गरेकोमा एकतह माथिको स्वीकृति नलिई काम सम्पन्न गरेको देखिएकाले नियमसम्मत नभएको रु.

| भौ.न.रमिति | योजना/कार्य | भुक्तानी पाउने | भुक्तानी रकम |
|---|---|---|---|
| ५४८।२०८१-०३-१३ | नाइडोल बनक्षेत्र भित्र चैत्य निर्माण | नवराज सेन | ६२६९० |
| ५५१।२०८१-०३-२३ | ओशो पुन्य ध्यान केन्द्र खर्च भुक्तानी | नवराज सेन | ४०६८० |
| ६११।२०८१-०३-२४ | वडा नं - ८ मा ढल व्यवस्थापन | राम प्रसाद परियार | ७६८०० |
| ३५५।२०८१-०२-०९ | वडा नं – ६ बाटो, ढल | देबेन्द्र राज लामिछाने | ४०००० |
| ८४।२०८०-५-१७ | वडा नं – बाटो खाल्टा खुल्टी पुर्ने | राधेश्याम महत | ९९००० |
| ८६।२०८०-५-१७ | किसिगल वडा नं -४ स्थित कृष्ण मन्दिर सडक ड्रेन | सन कुमार श्रेष्ठ | ९०८०० |
| ९८।२०८०-५-१८ | वडा नं -२ पाखाचोकमा पाइप र फिटिङ्ग | लवराज भण्डारी | ४८१०० |
| १०२।२०८०-५-१९ | वडा नं -३ तारेभीर शहरी स्वास्थ्य केन्द्र निर्माण | मुरारी प्र. कुँइकेल | १००००० |
| १०३।२०८०-५-१९ | वडा नं -२ पाखाचोकमा पाइप विच्छाउने | लवराज भण्डारी | ८५००० |
| ११४।२०८०-५-२० | वडा नं -१ मुलखर्क ओख्रेनी जोड्ने सडक | सोम बहादुर तमाङ्ग | ९९२०० |
| १४९।२०८०-६-३० | वडाका विभिन्न स्थानमा ढल मर्मत सरसफाई | मिरा परियार | ३४८०० |
| १५१।२०८०-७-०१ | वडा नं -८ ढल व्यवस्थापन | डम्बर बहादुर बस्नेत | ४९८२२ |
| १५४।२०८०-७-०१ | वडा नं -४ ग्राबेल | राधेश्याम महत | ९१००० |
| १५५।२०८०-७-०१ | ढल मर्मत तथा व्यवस्थापन | नवराज सेन | ४६८९२ |
| १५९।२०८०-७-०१ | वडा नं -५ सडक बत्ती व्यवस्थापन | चमन सुवेदी | ९६००० |
| १६०।२०८०-७-०१ | वडा नं -३ नाला कार्य सरसफाई | यज्ञ नीधि अधिकारी | ९४६८८ |
| १६९।२०८०-७-२१ | वडा नं -८ का विभिन्न स्थानमा ढल निर्माण | नवराज सेन | ९५६३८ |
| १७२।२०८०-७-२४ | विभिन्न स्थानमा ढल निर्माण | धन बहादुर कार्की | ७१६८९ |
| १७४।२०८०-८-१७ | वडाका का विभिन्न स्थानमा ढल निर्माण | थान बहादुर तमाङ्ग | ४७७५३ |
| १९४।२०८०-१०-०९ | वडा नं -८ सडक बत्ती तथा सीसी क्यामेरा व्यवस्थापन | रोहित श्रेष्ठ | ९१५०० |
| १९५।२०८०-१०-११ | सडक बत्ती मर्मत | चमन सुबेदी | २४००० |
| १९९।२०८०-१०-१५ | सडक ग्राबेल | विकास रानामगर | ९९००० |
| २४५।२०८०-१२-०१ | वडामा आवश्यक कार्य | नवराज सेन | ३४००० |
| २१८।२०८०-११-०३ | क्रियापुत्री भवन निर्माण | दामोदर विष्ठ | १६८०० |
| २७२।२०८०-१२-३० | वडा नं -८ ढल व्यवस्थापन | रोहित श्रेष्ठ | ९८३६१ |
| २९९।२०८१-१-१४ | वडा नं -१ बगैंचा मर्मत | नेत्र बहादुर शाही | ६०३०० |
| ३२६।२०८१-२-०१ | वडामा पूँजीगत खर्च | चिरम बस्नेत | ६०६०० |
| ३३५।२०८१-२-०२ | वडा नं -४ ढल विस्तार | आनन्द श्रेष्ठ | ८६००० |
| ३५३।२०८१-२-०७ | अर्याल गाउँ देखि बाहुनधारा सडक | शिव श्रेष्ठ | १८८०० |
| ५३०।२०८१-३-२० | रत्नलाल श्रेष्ठ–स्वास्थ्यचौकी निर्माण | | २८४९९ |
| | | | |

| | | | |
|---|---|---|---|
| ६०९।२०८१-०३-२४ | विभिन्न स्थानमा सडक मर्मत | पार्वती बोहोरा | ९७००० |
| ६११।२०८१-०३-२४ | वडा नं -८ अन्तर्गत ढल व्यवस्थापन | राम बहादुर परियार | ७६५०० |
| ५४८।२०८१-०३-२३ | नाइडोल बनक्षेत्र भित्र चैत्य निर्माण | नवराज सेन | ६२६९७ |
| ५५१।२०८१-०३-२३ | ओशो पुन्य ध्यान केन्द्र खर्च | नवराज सेन | ४०६८० |
| ६०९।२०८१-०३-२४ | वडा नं -८ विभिन्न स्थानमा सडक मर्मत | पार्वती बोहोरा | ९७००० |
| ६११।२०८१-०३-२४ | वडा नं -८ ढल व्यवस्थापन | राम प्रसाद परियार | ७६८०० |
| ४८३।२०८१-०३-१५ | वडा नं -७ गैवारमा ढालन कभर | श्रीराम कालिका | ३१४३० |
| २१।२०८०-५-११ | बाटो निर्माण | निलकण्ठ कुमार थापा | ९९४०० |
| ३५।२०८०-५-११ | वडा नं -४ बाटो खाल्टाखुल्टी | निलकण्ठ कुमार थापा | ९९५०० |
| ४७।२०८०-५-१३ | वडा नं -२ ढल कार्य | सरस्वती श्रेष्ठ | २१५०० |
| ४९।२०८०-५-१३ | वडा नं -२ भुल्थली ढल कार्य | पुष्पाकुमारी रोकाय | ८१५०० |
| **जम्मा** | | | **२७७२४१९** |

६४ **Cross-section बेगर ग्रावेल कार्य**

सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ५(क) अनुसार निर्माण कार्य वा खरिद पूर्व स्पेशिफिकेशन, नक्सा डिजाईनको आधार एकिन गर्नुपर्ने व्यवस्था छ । यस पालिकाका अन्तर्गत सडक निर्माण, ढलान र ग्रावेल कार्य गर्दा Cross- section तयार नगरी कार्य गरेको छ । ग्रावेल गर्नुपूर्वको सडकको खाल्टा खुल्टी ग्रावेल गर्दै गर्दाको स्थितीको र ग्रावेल गरेपछिको फोटो संकलन छैन । प्राविधिकले नापी कितावमा चढाएको र लागतमा स्वीकृत गराएको परिमाणलाई नै आधार मान्नुपर्ने देखियो । सडकको ग्रावेल गर्नुपूर्व सतहमा कति कति परिमाणमा कति मिटरमा ग्रावेल विच्छाउने भनी Cross- section गरी प्रमाणित नगरी कार्य गरेकाले सडकमा विच्छाउने ग्रावेको उचाई/मोटाई र खर्च लेखेको रकम सही हो भन्ने आधार देखिदैन । तसर्थ सडक सतहको निश्चित दुरीको आधारमा उचाईको लेभलिङ गरी कार्य गर्नुपर्दछ । यस सम्बन्धी केही उदाहरण निम्नानुसार रहेका छन् ।

| भौ.न. र मिति | योजना / कार्य | परिमाण | रकम |
|---|---|---|---|
| ५१०।२०८१-०३-१८ | मंगलदासको घरदेखि पछाडि मचागल जाने बाटो | २७.४९ | ८०१९३.२९ |
| ७३०।२०८०-०७-२३ | सुन्दरीमाई देखि कुने जाने सडक | ३६०.५२ | ७८९१२० |
| ३६५।२०८१-०२-१८ | सांग्रिला स्कुल पश्चिम ढल तथा सडक | ३२ | ९२७१३ |
| ३७१।२०८१-०२-२० | मिराजेल सुन्दरमार्ग ढल उपभोक्ता समिति | २२ | ७२०९० |
| ३९९।२०८१-०२-३० | देउमाथली सडक उपभोक्ता समिति | ४१.२३ | १२३७२४ |
| ४४५।२०८१-०३-१२ | इटिचोक जाने बाटो स्तरोन्नती उपभोक्ता समिति | २४.७० | ७६००० |
| ४४६।२०८१-०३-१२ | भैरवचोक जाने बाटो स्तरोन्नती उपभोक्ता समिति | २२.९५ | ७३००० |
| ४५४।२०८१-०३-१२ | तालिन्चोल पूर्वतर्फको बाटो स्तरोन्नती | ४७ | १३३००० |
| २७।२०८०-५-११ | नयाँपाटी-बागमती कोरिडोर सुधार उपभोक्ता समिति | ४५.९ | १३१८६८ |
| ४२।२०८०-५-१२ | भाकलवारी-गणेशचोक उपभोक्ता समिति | २८ | ८७५६० |
| ४५।२०८०-५-११ | वच्चु परियार घरदेखि ग्रिनहिल सिटीसम्म बाटो | १४३.६७ | ४२८२८५ |
| ३८।२०८०-५-१२ | ढल, बाटो, पर्खाल निर्माण उपभोक्ता समिति | ३४.२७ | ९५४११ |
| ५८।२०८०-५-१३ | गोकर्ण-पिप्ले माहाँकाल घाट सडक | १७४ | ६९१४७६ |
| **जम्मा** | | | **२८७४४४०.२९** |

६५ **Stone mesonary**

सडक विभागले जारी गरेको स्टोन मेशिनरी वर्क नर्म्स २६.३ ले प्रति ५ घनमिटरको ढुङ्गाको गाह्रो लगाउने कार्यको लागि म्यानुअल र मेकानिकलको आधारमा कार्य गर्न सक्ने नर्म्स तय गरेको छ । यस नगरपालिका अन्तर्गत सडक, भवन, लगायतका संरचना तयार गर्दा म्यानुअल नर्म्सको आधारमा हुने गरी दर प्रयोग गरेको छ । आर्थिक वर्ष २०७९।०८० को भुक्तानी बाँकी र २०८०।०८१ को भुक्तानी गर्दा दुबै वर्षमा निम्नानुसार बढी दर प्रयोग गरेको देखियो । गोकर्णेश्वर नगरपालिकाको हाल सडक र भवनको कार्य भएका सबै क्षेत्रहरु सहज र सुगम ठाउँमै रहेकाले मिक्चर मेशिन प्रयोग नगरी म्यानुअल प्रयोग गरेकोमा कारण प्रष्ट पारेको छैन । यसरी बिना आधार प्रमाण रु. २०१२३.७१ महङ्गो नर्म्सको प्रयोग गर्दा सार्वजनिक निकायलाई व्ययभार परेकाले असुल गर्नुपर्ने रु.

| भौ.न. र मिति | योजनाको नाम | गत वर्षको परिमाण(घ.मी.) | भुक्तानी दायित्व भुक्तानी दर | हुनुपर्ने | बढी रकम |
|---|---|---|---|---|---|
| ३।२०८०-०५-१० | आदिवासी किराँत समाज | २८.३० | ९३२९.७३ | ८५१० | २३११८.३६ |
| ९।२०८०-०५-११ | सहयोगी पानी व्यवस्थापन ढल उपभोक्ता समिति | ३२.५४ | ९३२९.७३ | ८५१० | २६६७४.०१ |
| २५।२०८०-०५-११ | माकुरे मार्ग उपभोक्ता समिति | १९४.८९ | ९३२९.७३ | ८५१० | १५९७५७.२ |
| २७।२०८०-०५-११ | नयाँ बागमती सुधार करिडोर उपभोक्ता समिति | ५१.५४ | ९३२९ | ८५१० | ४२२११.२६ |
| २५।२०८०-०५-११ | नयाँ बागमती सुधार करिडोर उपभोक्ता समिति | ५१.५४ | ९३२९ | ८५१० | ४२२११.२६ |
| ४२।२०८०-०५-१२ | माकलवारी गणेशचोक बाटो उपभोक्ता समिति | ५२ | ९३२९.६४ | ८५१० | ४२६२१.२८ |
| ४५।२०८०-०५-१२ | मिराडोल सुधार उपभोक्ता समिति | ९०.९८ | ९३२९.६४ | ८५१० | ७४५७०.८५ |
| ५४।२०८०-०७-१३ | भोला बहादुर घिमिरेको घरबाट पछाडि पहिरो रोकथाम | ३६.५७ | ९३२९ | ८५१० | २९९५०.८३ |
| ४९।२०८०-०५-१३ | ढाँडे बगर ज्येष्ठ नागरिक पार्क निर्माण उपभोक्ता समिति | ३९.६४ | ९३२९ | ८५१० | ३२४६५.१६ |
| ६२।२०८०-०५-१३ | पाखाथोक न्यौपानेटोल पहिरो नियन्त्रण | ४८ | ९३२९ | ८५१० | ३९३१२ |
| ६९।२०८०-०५-१३ | गाम्चा खेलकुद मैदान विकास उपभोक्ता समिति | ९४.६० | ९३२९ | ८५१० | ७७४७७.४ |
| २२३।२०८०-११-२३ | वाह्कर्णेश्वर मन्दिर बाल निर्माण | १३१.७७ | ९७९९.५६ | ८९४० | ११३२६४.२ |
| २८०।२०८१-१-०४ | उत्तरवाहिनी माकुरे मार्ग थली बाटो स्तरोन्नती | १३८.७५ | ९७९९.५६ | ८९४० | ११९२६ |
| २८६।२०८१-१-१० | ब्लोनडोल सडक देखि सामुदायिक भवन जाने सडक | ३३.५९ | ९७९९.५६ | ८९४० | २८८७२.६२ |
| २८६।२०८१-१-१० | नैटक देखि स्वराडाँडा सडक स्तरोन्नती | ६०.५२ | ९७९९.५६ | ८९४० | ५२०२०.५७ |
| ३३१।२०८१-०२-०२ | बैंसीगाउँ ओरालो देखि धैयावारी बाटो स्तरोन्नती | १०६.१८ | ९७९९ | ८९४० | ९१२०८.६२ |
| ३३३।२०८१-०२-०२ | वडा नं -७ भैरव अर्याल मार्ग-टिकारामको घर सम्मको बाटो स्तरोन्नती | १६ | ९७९९ | ८९४० | १३७४ |
| ३३५।२०८१-०२-०२ | सन्तोष डाबको घरअगाडिको मुल बाटो | ४२.१० | ९७९९ | ८९४० | ३६१६३.९ |
| ३८१।२०८१-०२-२१ | भरत आचार्यको जग्गा देखि ज्ञानुराना मगरको जग्गा सम्म सडक | ८०.३३ | ९७९९ | ८९४० | ६९००३.४७ |
| ३७५।२०८१-०२-१४ | महडाँडा हुनै नरेश मानन्धर घरसम्मको सडक निर्माण | ३३.७१ | ९७९९ | ८९४० | २८९५६.८९ |
| ३७६।२०८१-०२-२० | वराह कर्णेश्वरव मन्दिरव जाने अधुरो सडक | ४२ | ९७९९ | ८९४० | ३६०७८ |
| ५५२।२०८१-०३-२५ | धिमालजातिको कुलपुजा मन्दिरमा पहिरो रोक्थाम | ८९.५० | ९७९९ | ९४४० | ३२१३०.५ |
| ५७१।२०८१-०३-२४ | निमा श्रेष्ठको घरदेखि ओख्रेनी बाटो स्तरोन्नती | १९७ | ९७९९ | ९४४० | ७०७२३ |
| ५७२।२०८१-०३-२४ | सुन्तखान – तारेभीर सडक स्तरोन्नती | ९७.८१ | ९७९९ | ९४४० | ३५११३.७९ |
| ५७४।२०८१-०३-२४ | नलिन्चोक पहिरो रोकथाम उपभोक्ता समिति | ६५.४४ | ९७९९ | ९४४० | २३४९२.९६ |
| ६१५।२०८१-०३-२४ | तारेभीर तमाङ्ग संग्राहलय- मानेसडक स्तरोन्नती | १४.४९ | ९७९९ | ९४४० | ५२०१.९१ |
| ६०२।२०८१-०३-२४ | लहरेघर देखि मानेसम्मको सडक | ७०.३५ | ९७९९ | ९४४० | २५२५५.६५ |
| २८००।२०८१-०३-२३ | बैबु कृषि मार्ग उपभोक्ता समिति | २० | ९७९९ | ९४४० | ७१८० |

| | | | | | |
|---|---|---|---|---|---|
| (चालु) | | | | | |
| **जम्मा** | | | | | **१३७८१२४** |

| | |
|---|---|
| असुल गर्नुपर्ने | १३,७८,१२३.६९ |

६६ **बहाल कर**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च लेख्नु अघि त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल भर्पाई संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । पालिकाले भौ.नं.२७९६।०८१।३।२३ बाट सुन्दरीजल शिवपूरी उ.स.लाई नगर प्रमुख कार्यक्रम अन्तर्गत होमस्टे कार्यक्रम सञ्चालन गरी रु.१,५०,०००।- भुक्तानी गरेकोमा बहाल कर कट्टा गर्नुपर्नेमा सो कट्टा नगरी रु.६,०००।- समेत भुक्तानी भएकोले असुल गर्नुपर्ने रु.

| | |
|---|---|
| असुल गर्नुपर्ने | ६,००० |

६७ **बील भरपाई**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३९(१०) मा सरकारी रकम खर्च गर्दा त्यस्तो रकम खर्च गर्न वा भुक्तानी दिन आवश्यक बिल, भर्पाई र कागजात संलग्न भए नभएको तथा संलग्न कागजात अनुसार भुक्तानी दिन रित पुगे वा नपुगेको जाँच गर्नुपर्ने व्यवस्था छ । यस सम्बन्धी व्यहोरा निम्नानुसार छन् ।

६७.१ भौ.नं.२८१३।०८१।३।२४ बाट जनप्रतिनिधि तथा क्षमता अभिवृदि अवलोकन भ्रमण तथा तनाव व्यवस्थापन कार्यक्रमको विल भरपाई अनुसार रु.१,९१,४०५।- भुक्तानी भएकोमा उक्त कार्यक्रममा सहभागिहरुको हाजिरी, कार्यक्रमको उद्घघाटनको माइन्युट पेश नभएकोले सो पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | १,९१,४०५ |

६७.२ भौ.नं.२७९४।०८१।३।२३ बाट चामुण्डा क्षेत्र विकास तथा संरक्षण क्षेत्रले वडा नं ५ स्थित चामुण्डा मन्दिरमा चैत्र शुक्ल अष्टमि चैते दशैका दिनमा पञ्चबली र रथयात्रा कार्यक्रम वापतको रु.२,५०,०००।- भुक्तानी गरेकोमा पेश भएको विल भरपाई बमोजिम भुक्तानी भएकोमा कार्यक्रमको प्रतिवेदन संलग्न नभएकोले सो पेश गर्नुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | २,५०,००० |

६७.३ भौ.नं.२००२।०८१।२।२० बाट वडा नं २ कार्यालयले जनप्रतिनिधि र कर्मचारीहरुलाई मिति २०८०।११।२४ देखि २०८०।११।३० सम्म ७ दिने पुर्नताजगी कार्यक्रम अवोलकन भ्रमण मार्फत क्षमता अभिवृदि कार्यक्रम सम्पन्न गरी रुक बहादुर श्रेष्ठलाई रु.४,६५,८९८।- भुक्तानी गरेकोमा कार्यक्रमको फोटोहरु संलग्न हुनुपर्नेमा सो संलग्न नगरी भुक्तानी गरेकोले सो पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ४,६५,८९८ |

६७.४ भौ.नं.२५५७।०८१।३।१९ बाट वडा नं ७ कार्यालयका क्षेत्र भित्रका व्यवसायहरुको अनुगमन वापतको रकम श्रीराम कालिकालाई रु.५१,०००।- भुक्तानी भएकोमा अनुगमनकर्ताहरुले रकम बुझिलिएको भरपाई संलग्न नभएकोले सो पेश हुनुपर्ने रु.

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५१,००० |

६८ **प्रशिक्षण भत्ता**

अर्थ मन्त्रालयबाट स्वीकृत भई जारी भएको कार्य संचालन निर्देशिका, २०७७ को बुंदा नं. ७.१.१५ बमोजिम सार्वजनिक निकायले संचालन गर्ने तालिम, गोष्ठि, सेमिनार तथा कार्यशालामा कक्षा लिए वापत रु.८००।- र कार्यपत्र वापत रु.८००।- गरी रु.१,६००।-

पाउने उल्लेख छ । साथै सम्बन्धित कार्यालयले संचालन गरेको तालिममा सोही कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा कक्षा लिए वापतको पारिश्रमिक नपाउने तर कार्यपत्र वापतको रकम पाउने उल्लेख छ । पालिकाले निम्नानुसार भौ.नं.बाट विभिन्न कार्यक्रम संचालन गरी आफ्नै कार्यालयको स्रोत व्यक्ति भएको अवस्थामा पनि कक्षा लिए वापत रु.१,६००।-, रु.२,०००।- का दरले रु.३६,०००।- भुक्तानी गरेको छ । कार्यपत्र वापत रु.८००।- का दरले भुक्तानी गर्नुपर्नेमा रु.१६,३२०।- बढी भुक्तानी गरेकोले असुल गर्नुपर्ने रु.

| भौ.नं. र मिति | कार्यक्रमको नाम | प्रशिक्षकको नाम | कक्षा संख्या | भुक्तानी रकम | पाउने | बढि कर बाहेक |
|---|---|---|---|---|---|---|
| २४७।०८१।३।२२ | रेविज रोग नियन्त्रण कार्यक्रम १ दिन विभिन्न स्थानमा | पार्वति विक | ३ | ६००० | २४०० | ३०६० |
| | | क्रान्ति लामा | ३ | ६००० | २४०० | ३०६० |
| | ईआईएमआएस तालिम ३।९ देखि १२ | राम नारायण साह | १२ | १९२०० | ९६०० | ८१६० |
| २१५।०८१।३।१७ | रेविज रोग विरुद्ध खोप सम्बन्धी अभिमुखिकरण १ तथा अनसाइट कोचिङ्ग २ दिन | विश्वनाथ दवाडी | ३ | ४८०० | २४०० | २०४० |
| १४०।०८१।२।३ | आधारभुत तह कक्षा ८ उतिर्ण परीक्षा ०८० को प्रवोधिकरण र प्रश्नपत्र निर्माण सम्बन्धी प्रवोधिकरण | डण्डपानी शर्मा | ६ | ९६०० | ४८०० | ४०८० |
| | | राम नारायण शाह | १० | १६००० | ८००० | ६८०० |
| | | प्रविन राई | ४ | ६००० | ३२०० | २३८० |
| | | सरिता शर्मा | ३ | ४८०० | २४०० | २०४० |
| | | राम कुमार भुजेल | ३ | ४५०० | २४०० | १७८५ |
| जम्मा | | | | ७६९०० | ३७६०० | ३३४०५ |

| | |
|---|---|
| असुल गर्नुपर्ने | ३३,४०५ |

## ६९ उपचार खर्च रकम

संघीय शसर्तमा विनियोजित रकम सोहि शिर्षकमा खर्च गर्नुपर्ने व्यवस्था छ । नेपाल मेडिकल कलेज प्रालिसंग नगरपालिका क्षेत्रभित्र स्थायी रुपमा बसोबास गरिरहेका ६५ वर्ष र सो भन्दा माथिका जेष्ठ नागरिक बासिन्दाहरुको भर्ना भई स्वास्थ्य उपचार गर्नुपरेमा प्रति व्यक्ति वार्षिक रु.१ लाखसम्मको उपचारमा लाग्ने रकम बराबर रकम भुक्तानी गर्ने गरी मिति २०८०।३।२८ मा सम्झौता गरेको देखिन्छ । पालिकाले भौ.नं. २६७।०८१।३।२४ बाट सम्झौता बमोजिम बिरामीको उपचार वापत रु.१,५२,९७३।- भुक्तानी गरेको छ । सो रकम पालिकाको आन्तरिक संचित कोषबाट भुक्तानी गर्नुपर्नेमा संघीय संचित कोषबाट भुक्तानी गरेकोले नियमसम्मत नदेखिएको रु.

| | |
|---|---|
| अनियमित भएको | १,५२,९७३ |

## ७० पाम्समा दाखिला

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई, वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएका सम्पत्ति वा मालसामानको विवरण मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानि बाँधि लगत अद्यावधिक गर्नु गराउनुपर्ने व्यवस्था छ । पालिकाले निम्नानुसार भौ.नं. बाट विभिन्न सामानहरु खरिद गरी रु.५८,७३,७४०।- भुक्तानी गेरेकोमा पाम्स दाखिला नगरी म्यानुअल दाखिला गरेको देखियो । ति सामानहरु म्यानुअल दाखिला गर्दा हराउन सक्ने भएकोले पाम्समा दाखिला गरी पेश हुनुपर्ने रु.

| भौ.नं. र मिति | आपूर्तिकर्ता | सामानको नाम | पिरमाण | रकम |
|---|---|---|---|---|
| १५४।०८१।२। २२ | अबिर इन्टरनेशनल ट्रेडिङ्ग इण्ड इन्टरप्राइजेज | युएसजि लिनियर प्रोव १ वटा | १ वटा | ३४२३९० |
| १८६।०८१।३।६ | निरीजमा मेडिको सप्लायर्स | Culter Counter machine/Hematology analyzer | १ वटा | ५९८९०० |
| १८१।०८१।३।५ | जास्वर मेडी सोलुसन | USG Machine (Color Doppler) 7H5000 Printer | १ वटा | ९९८३५५ |
| १३०।०८१।१। १३ | जय राजदेवी मेडिकल प्रालि | USG Machine (Color Doppler) 7H5000 Printer | १ वटा | ९९८९२० |
| १८०।०८१।३।५ | निरीजमा मेडिको सप्लायर्स | Mama Birthei complete light | १ वटा | २८२५०० |
| | | Post Partum uterus Trainer | १ वटा | ३७२९० |
| | | Multi Uterus Trainer | १ वटा | ७२३२० |
| १९०।०८१।३।९ | अबिर इन्टरनेशनल ट्रेडिङ्ग इण्ड इन्टरप्राइजेज | ECG Machine | १ वटा | २१६९६० |
| २१२।०८१।३। १७ | क्यानोयस सर्जिकल सप्लायर्स | Culter Counter machine/Hematology analyzer | १ वटा | ५९७२०५ |
| २५८।०८१।३। २३ | लाफा सर्जिमेड प्रालि | Baby Weith Scale adult Height & Weight Machine | १० वटा | १४९१६० |
| २१।०८१।२।२८ | अबिर इन्टरनेशनल ट्रेडिङ्ग इण्ड इन्टरप्राइजेज | ECG Machine | १ वटा | २१६९६० |
| २३।०८१।३।१४ | वन्डर ग्रुप्स प्रालि | ल्यापटप लेनोभो आई ५ | १ वटा | ९९४४० |
| २०८।०८१।३। १४ | अतिथि फर्मा एण्ड ट्रेड प्रालि | Culter Counter machine/Hematology analyzer | १ वटा | ५९३२५० |
| २२०।०८१।३। १९ | ड्रिम बायोमेढिकल सोलुसन प्रालि | Mama Birthei With Baby Set | १ वटा | २१९२२० |
| | | Hydraulic Bed | २ वटा | ४५०८७० |
| **जम्मा** | | | | **५८७३७४०** |

| | |
|---|---|
| प्रमाण पेश नगरेको | ५८,७३,७४० |

७१ **ELMIS मा दाखिला**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ९५(१) कार्यालय प्रमुखले आफ्नो कार्यालयमा रहेको र खरिद र गरी वा नगरी कुनै प्रकारले हस्तान्तरण भई, वा वस्तुगत सहायता वा अन्य कुनै प्रकारबाट प्राप्त हुन आएका सम्पत्ति वा मालसामानको विवरण मूल्य समेत खुलाई सम्पत्ति तथा जिन्सी किताबमा सात दिनभित्र आम्दानि बाँधि लगत अद्यावधिक गर्नु गराउनुपर्ने व्यवस्था छ । सोही बमोजिम नेपाल सरकार स्वास्थ्य सेवा विभागबाट मिति २०७४ बाट लागु हुने गरी औषधिहरुको दाखिलाको लागि ELMIS को व्यवस्था गरेको छ । पालिकाले यस वर्ष कोटेशन तथा ईबिड मार्फत औषधि खरिद गरेकोमा म्यानुअल दाखिला गरेको देखियो । जसले गर्दा कति औषधि खर्च भयो, कति बाँकि छ, कतिको म्याद सकियो भन्ने यकिन गर्न सकिएन । पालिकाले निम्नानुसार औषधिहरु ELMIS को प्रयोग गरी व्यवस्थित गर्नुपर्दछ ।

| भौ.नं. र मिति | सप्लायर्स | विवरण | खरिद विधि | रकम |
|---|---|---|---|---|
| ११२।०८०।१२।२१ | बंगलामुखि मेडिसिन सप्लायर्स | ३२ आइटम | बोलपत्र | ३०६११८ |
